सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ जेठ २०८२, बिहीबार (5 June 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ५३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

देश रेमिटचान्सले धानेको छ, तर पाइलैपिच्छे ठगिन्छन् रेमिटचान्स पठाउनेहरू

स्थानीय दलालदेखि विमानस्थलका सरकारी अधिकृतसम्मले पालैपालो लुछ्छन्

भिजिट भिसा ठगीमा उच्चस्तरीय छानबिन गर्न सत्तापक्ष असहमत



संसद्मा बजेट प्रस्तुत भएको एक सातासम्म पनि छलफल अघि बढ्न सकेन

(विस्तृत पृष्ठ ३)

पहिले गुन्डा समूहलाई दबाएका बुकेले अहिले दबाउँदै छन् आलोचक



बुकेलेलाई अब अनिश्चित कालसम्म राष्ट्रपति बन्नबाट कसैले रोक्न सक्दैन

(विस्तृत पृष्ठ ५)

■ कोशी टप्पुमा हजार मेगावाटको सौर्य ऊर्जा र कृषि परियोजना



साढे ६३ अर्ब लगानी चाहिने, २५ प्रतिशत स्वपुँजीमा संकलन गरिने

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

वैदेशिक रोजगारीमा ठगीको नेक्सस राजनीतिक तहसम्मै छ



● **सोम लुइँटेल**
श्रम एवं आप्रवासविज्ञ

वैदेशिक रोजगार संघ र व्यापारी दलनिकट छन्। सांसद नै वैदेशिक रोजगार व्यवसायमा छन्। त्यसैले, ठगीको नेक्सस राजनीतिक तहसम्मै छ। जसले पठाएको रेमिट्यान्सले देश चलिरहेको छ, उनीहरू नै पाइलैपिच्छे ठगिनु लाजमर्दो भयो।

राज्य गैरजिम्मेवार हुँदा वैदेशिक रोजगारीमा ठगी भइरहेको छ



● **रामेश्वर नेपाल**, वैदेशिक रोजगार अनुसन्धानकर्ता

देशमा रोजगारी नपाएर विदेश जाने नागरिकमाथि घरको आँगनदेखि नै ठगी सुरु हुन्छ। राज्यका निकायले नै घुस खाएका उदाहरण छन्। दुई पैसा कमाउँछु भनेर जानेले लाखौँ तिर्नुपरेपछि झन् ठुलो आर्थिक भारमा धकेलिन बाध्य छन्।

कृष्ण रिजाल/नयाँ पत्रिका

नेपाल भित्रिने विदेशी मुद्राको ९० प्रतिशत हिस्सा रेमिट्यान्सले धानेको छ। अर्थात् देश रेमिट्यान्सले चलेको छ। तर, त्यही रेमिट्यान्स पठाउन वैदेशिक रोजगारीमा जानेहरू ठाउँ-ठाउँमा ठगिने गरेका छन्। ठगीमा दलाल मात्रै छैनन्, सरकार नै संलग्न छ।

» पृष्ठ २ मा क्रमशः

■ वैदेशिक रोजगारीमा जानेमाथि ठगीका शृंखला

● **लोकल एजेन्ट** : देश धान्ने मेरुदण्डका रूपमा वैदेशिक रोजगारी रोज्नेहरू सबैभन्दा पहिले लोकल एजेन्टबाट ठगिन्छन्। यस्ता एजेन्टले वैदेशिक रोजगारीमा लगाइदिने भनेर म्यानपावर कम्पनीसँग जोडिदिएबापत कमिसन असुल्छन्। जबकि सरकारले लोकल एजेन्टलाई अवैध भनेको छ। तर, ठगी रोक्न सकेको छैन।


● **म्यानपावर कम्पनी** : म्यानपावर कम्पनीले फ्री भिसा र फ्री टिकटको व्यवस्था भएका देशमा पठाउँदासमेत सेवा शुल्कबाहेक एक लाखदेखि चार लाखसम्म असुलेर ठगी गर्छन्।

● **हवाई टिकटमा ठगी** : अब ठग्ने पालो एयरलाइन्स कम्पनीहरूको हो। सरकारसँगकै मिलेमतोमा एयरलाइन्सहरूले श्रमिकलाई हवाई टिकट महँगो शुल्कमा बेच्छन्। यतिसम्म कि सरकारी प्रणालीमै कोरिया र इजरायल जानेहरूलाई समेत ठग्छन्।

● **वैदेशिक रोजगार विभाग** : वैदेशिक रोजगार विभागले कमिसन मागेर प्रक्रियामा ढिलासुस्ती गरिदिने र अनावश्यक दुःख दिने गरेका गुनासा पटक-पटक आइरहन्छन्।

● **स्वास्थ्य जाँच गर्ने संस्था** : स्वास्थ्य जाँच गर्ने संस्थाले पनि ठग्छन्। यस्ता संस्थाले फर्जी रिपोर्ट बनाइदिने, गलत रिपोर्ट दिने, वास्तविक जाँच नै नगरेर श्रमिकलाई ठग्ने र कानुन मिच्ने गरेको आमगुनासो छ। गत भदौमा श्रम मन्त्रालयले गठन गरेको समितिले अनुगमन गर्दा स्वास्थ्य जाँच गर्ने संस्थाले चरम लापरबाही गरेको भेटिएको जनाएको थियो।

● **तालिम दिने संस्था** : वैदेशिक रोजगारीमा जानेहरूले तालिम लिनुपर्ने अनिवार्य गरिएको छ। तर, तालिम दिन खुलेका संस्थाले पनि वैदेशिक श्रमिकमाथि लुट मच्चाउने गरेका छन्। रकम असुलेर प्रभावकारी तालिम नदिने मात्रै होइन, तालिमै नदिनेसम्मका शोषण पनि हुने गरेका गुनासा छन्।



● **अध्यागमन विभागबाट** : श्रमिक ठगीको मुख्य अड्डा हो अध्यागमन विभाग। भिजिट भिसामा भएको मानव तस्करी र गठीको पछिल्लो घटनाले पनि यसलाई पुष्टि गरिसकेको छ। अध्यागमनका कर्मचारीले श्रमिकलाई विभिन्न बहानामा दुःख दिने, वैदेशिक यात्रा रोकिदिने, अप्ठ्यारोमा पार्नेजस्ता हर्कत गर्ने गरेको श्रमिक अभियन्ताहरू बताउँछन्।

● **विदेशस्थित नेपाली दूतावास** : बल्लतल्ल देश छाडेर विदेशमा पसिना बगाउन पुगेका श्रमिक, त्यहाँ पनि नेपाली कूटनीतिक नियोगबाटै ठगिन्छन्। समस्यामा परेका श्रमिकलाई सहयोग गर्नुको सट्टा नेपाली दूतावासले मागपत्र र प्रमाणीकरणका सवालमा दुःख दिएर भ्रष्टाचार गर्ने गरेको जानकारहरू बताउँछन्। काममा ढिलाइ गर्ने तथा कमिसन मागेर अनावश्यक दुःख दिने गरेका गुनासाहरू आइरहन्छन्।

● **रोजगार दिने कम्पनी** : परदेशमा आफ्नै कूटनीतिक नियोगबाट ठगिएका श्रमिकलाई रोजगार दिने कम्पनीले झन् नहेप्ने कुरै भएन। कम्पनीले सम्झौताअनुसार काम नदिने, तोकिएजति तलब नदिने, अतिरिक्त कामको मूल्य नदिने, न्यूनतम मापदण्डअनुसार खाना र बस्नको व्यवस्था नगरिदिनेजस्ता ज्यादती र शोषण गर्ने गरेका छन्।

● **गन्तव्य देशका सरकारी निकाय** : गन्तव्य देशका रोजगारदाताबाट मात्रै होइन, त्यहाँका सरकारी निकायले पनि नेपाली श्रमिकका समस्याप्रति नजरअन्दाज गर्ने, समस्या पर्दा निष्पक्ष छानबिन नगर्ने, कम्पनीका मात्रै कुरा सुन्नेजस्ता काम गरेर नेपाली श्रमिकमाथि अन्याय गर्ने गरेको श्रमिक अभियन्ता तथा अनुसन्धानकर्ता बताउँछन्।

श्रम मन्त्रालयकै प्रतिवेदन भन्छ- अवैध एजेन्ट सक्रिय छन्, फ्री भिसा, फ्री टिकट प्रभावकारी कार्यान्वयन भएको छैन

श्रम मन्त्रालयले नै ०८०/८१ को वार्षिक प्रगति विवरणमा वैदेशिक रोजगारीमा अवैध एजेन्ट अझै सक्रिय रहेको, फ्री भिसा, फ्री टिकट प्रभावकारी कार्यान्वयन नभएको स्वीकार गरेको छ। निःशुल्क पठाइने भनिएका गन्तव्य मुलुकमै जान श्रमिकसँग पैसा असुल्ने गरेको गुनासालाई पनि सरकारकै प्रतिवेदनले स्वीकार गरेको छ। हालसम्म १२ मुलुकसँग द्विपक्षीय श्रम सम्झौता भएकामा साउदी अरब, युएई, मलेसिया, कतार, बहराइन, ओमान र कुवेतका लागि फ्री भिसा र फ्री टिकटको व्यवस्था छ। त्यस्तै, अन्तर्राष्ट्रिय श्रम बजारमा मान्य हुने गुणस्तरीय सिप अभाव रहेको तथा सिप प्रमाणीकरणको व्यवस्था हुन नसकेको जनाएको छ। मन्त्रालयले बिमा रकम भुक्तानी सहज नभएको, सूचना र सेवा प्रवाहमा तादत्म्यता हुन अझै नसकेको, गन्तव्य मुलुकको हकमा उद्धार तथा क्षतिपूर्ति सहज हुन नसकेकोजस्ता समस्यासमेत औंल्याएको छ।

कोरिया र इजरायल जाने कामदारसँग सरकारी संयन्त्रकै मिलेमतोमै टिकटमा ठगी

रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत कोरिया जाने कामदारसँग सरकारी निकायकै मिलेमतोमा हवाई टिकटमा ठगी भएको महालेखाको ०८०/८१ को प्रतिवेदनमै उल्लेख छ। इपिएस कार्यालयले विनाप्रतिस्पर्धा एउटा कम्पनीसँग सम्झौता गरी प्रतिश्रमिक टिकटमा ६४ हजार ८४९.०५ रुपैयाँ बढी लिएर १० हजार ८५५ टिकटबाट ७० करोड ३९ लाख ३६ हजार रुपैयाँ बढी भुक्तानी गराएको प्रतिवेदनमा छ। त्यस्तै, वैदेशिक रोजगार विभागअन्तर्गत रहेको इजरायल शाखाले केयरभिगरका रूपमा पठाउँदा टिकटमा ठगी गरेको एक कामदारले बताए। 'सामान्यतः ९० हजारदेखि १ लाखसम्म तिरे पुग्ने टिकटमा १ लाख ५० हजार बुझाउनुपर्‍यो। कर्मचारीले सेटिङमा बढी असुल गरेका हुन्,' उनले गुनासो गरे। अहिले नेपालबाट इजरायलको तेलअभिभसम्म विभिन्न एयरलाइन्सले ९० हजारदेखि १ लाखमा टिकट दिइरहेका छन्।

■ अग्नि सापकोटाविरुद्धको रिटमा सर्वोच्चको उत्प्रेषण आदेश

टिआरसी ऐन भन्छ, 'सशस्त्र द्वन्द्वका विचाराधीन उजुरी आयोगले छानबिन गर्नेछ'

● टिआरसी ऐनको दफा १३ को उपदफा ३ मा उल्लेख छ- **प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजुरीहरू आयोगले छानबिन गर्नेछ।**

शिल्पा कर्ण/नयाँ पत्रिका

सशस्त्र द्वन्द्वकालमा काभ्रेका अर्जुन लामाको हत्यामा माओवादी उपाध्यक्ष अग्नि सापकोटाविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले उत्प्रेषण आदेश जारी गरेको छ। यो आदेशसँगै १२ साउन ०६९ मा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको मन्त्रिपरिषद्ले गरेको मुद्दा नचलाउने निर्णय बदर भएको छ भने सापकोटामाथि थप अनुसन्धानका लागि बाटो खुलेको छ।



सर्वोच्चको आदेशसँगै सर्वत्र चासो छ- सापकोटाको छानबिन कुन निकायले गर्ला ? यसबारे बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (टिआरसी) ऐनमै स्पष्ट किटान छ। सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजुरीहरू टिआरसी आयोगले नै छानबिन गर्ने ऐनमा उल्लेख छ। प्रचलित अन्य कानुनमा जे व्यवस्था भए पनि सशस्त्र द्वन्द्वका घटनाका विचाराधीन उजुरीहरूमा आयोगले नै छानबिन गर्नेसमेत स्पष्ट पारेको छ।

मूल ऐनको दफा १३ को उपदफा ३ मा भनिएको छ, 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजुरीहरू आयोगले छानबिन गर्नेछ।'

त्यस्तै, हालै तेस्रो संशोधन गरिएको आयोग ऐनको दफा १३(७)(क) मा प्रहरी वा राष्ट्रिय मानव अधिकार आयोगमा परेका द्वन्द्वकालीन घटनाको उजुरी पनि टिआरसी आयोगले नै झिकाएर छानबिन गर्न सक्ने उल्लेख छ। 'सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको उल्लंघन तथा मानव अधिकारको गम्भीर उल्लंघनका घटनाको उजुरी राष्ट्रिय मानव अधिकार आयोग वा राष्ट्रिय महिला

» पृष्ठ २ मा क्रमशः

भिजिट भिसा प्रकरणमा सहसचिव भट्टराईको गिरोह खोतल्दै अख्तियार

काठमाडौं/ भिजिट भिसामार्फत संस्थागत असुली गरेको अभियोग लागेका गृह मन्त्रालयका सहसचिव तीर्थराज भट्टराईको गिरोहमाथि अख्तियारले अनुसन्धान अघि बढाएको छ। अख्तियारले आइतबारदेखि लगातार चार दिन भट्टराईको बयान लिइरहेको छ। उनको मोबाइल तथा ल्यापटपमा भेटिएका भिजिट भिसासम्बन्धी प्रमाणका आधारमा बयान लिएको हो।



विमानस्थल अध्यागमनका निवर्तमान प्रमुख भट्टराईले संस्थागत र संगठित रूपमा भिजिट भिसाको गिरोह चलाएको पर्याप्त प्रमाणहरू मोबाइलमा भेटिएको अख्तियार स्रोतले बतायो। भिजिट भिसामा सर्वसाधारणलाई दुःख दिएर असुली बढाएको उजुरीका आधारमा 'अन्डरकभर अपरेसन' चलाएर ७ जेठमा अख्तियारले उनलाई कार्यकक्षबाटै नियन्त्रणमा लिएको थियो। उनका मोबाइल तथा ल्यापटपको परीक्षण प्रतिवेदन आउन समय लागेकाले आइतबारदेखि मात्रै उनको बयान सुरु भएको थियो।

अख्तियारले भट्टराईसँगै ग्रिनलाइन होलिडे ट्राभल्सका सञ्चालक बालकृष्ण खड्का र भट्टराईको पैसा व्यवस्थापन गर्ने कविता पौडेल र खगेन्द्र सुवेदीलाई पनि नियन्त्रणमा लिएको थियो। उनीहरूको पनि मोबाइल र बैंक खातामाथि अख्तियारले छानबिन गरिरहेको

» पृष्ठ २ मा क्रमशः

कर्णाली विकास बैंक घोटाला प्रकरण

■ राष्ट्र बैंकको सुपरिवेक्षणमाथि गम्भीर प्रश्न

गत आर्थिक वर्षसम्म संस्थाको अवस्था 'राम्रो' भनेर प्रतिवेदन



● **होबिन्द्र बोगटी**
एसएसपी, सिआइबी

राजेन्द्रवीर राय पहिला सहकारीका सञ्चालक रहेछन्, पछि नेपालगन्ज गएर बैंक खोलेकोमा सुरुदेखि नै उनले हिनामिना गरेको देखिन्छ। सहकारीकै शैलीमा उनले जथाभावी कर्जा लिने/दिने मात्र होइन, भल्टकै पैसा समेत गायब बनाएका छन्। राष्ट्र बैंकको सुपरिवेक्षणमा चलेको बैंकमा कसरी यस्तो अवस्था आयो, हामी विस्तृत अनुसन्धान गर्दै छौं।



● **रामु पौडेल**
प्रवक्ता, राष्ट्र बैंक

कर्णाली विकास बैंकको सुपरिवेक्षणको क्रममा कैफियत देखिएका १-२ विषयहरूमा सुधार गर्न निर्देशन दिँदै आइएको थियो। त्यसकारण सुपरिवेक्षणलाई दोष दिन मिल्दैन, सो बैंकभित्र सुशासन नहुँदा एक्कासि समस्या आएको हो।

■ राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा भन्छन्-

स्थलगत सुपरिवेक्षण प्रणालीमै समस्या छ, सुधार गर्नुपर्छ



नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको स्थलगत र गैरस्थलगत गरी दुई किसिमको सुपरिवेक्षण गर्छ। स्थलगतमा कर्मचारीहरू बैंकमै गएर फाइल र वास्तविक अवस्था भिडाएर हेर्छन्। गैरस्थलगतमा राष्ट्र बैंकले तोकेका विभिन्न मापदण्डअनुसार सो संस्थाको कारोबार भएको छ कि छैन भनेर विवरण मगाएर हेर्ने गरिन्छ। तर, तात्विक रूपमा यी दुवै किसिमका सुपरिवेक्षणमा ठुलो अन्तर छैन। किनकि स्थलगत सुपरिवेक्षणमा जाने कर्मचारी पनि फाइल नै हेरेर फर्किने गरेका छन्। राम्रोसँग सुपरिवेक्षण हुन नसक्दा कर्णाली विकास बैंकको खराब कर्जा एकैपटक ४ बाट ४० प्रतिशत पुग्यो। राम्रोसँग सुपरिवेक्षण भएको भए त्यही वेला यो बैंकको बदमासी पत्ता लाग्थ्यो। त्यसकारण बैंकिङ क्षेत्रप्रति सर्वसाधारणको विश्वास बढाउन राष्ट्र बैंकको सुपरिवेक्षण विधि फेर्नुपर्छ।

नवराज मैनाली/नयाँ पत्रिका

कर्णाली विकास बैंकको साढे दुई अर्ब घोटाला प्रकरणमा नेपाल राष्ट्र बैंकको सुपरिवेक्षणमाथि गम्भीर प्रश्न उठेको छ। सो बैंकको वित्तीय अवस्था राम्रो रहेको भनेर राष्ट्र बैंकले सुपरिवेक्षण प्रतिवेदन दिएकै वेला एक्कासि सर्वसाधारणको निक्षेप नै फिर्ता गर्न नसक्ने अवस्थामा संस्था पुगेको थियो।

हाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)ले सो बैंकका संस्थापक अध्यक्ष राजेन्द्रवीर रायलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। अनुसन्धानको क्रममा आर्थिक वर्ष ०८०/८१ सम्म राष्ट्र बैंकको स्थलगत प्रतिवेदनमा सामान्य कमजोरीबाहेक राम्रो अवस्था रहेको भनेर प्रतिवेदन देखिएको सिआइबीका अधिकारी बताउँछन्। सुपरिवेक्षण गर्नेहरूको समेत भूमिका शंकास्पद देखिएपछि सिआइबीले यस विषयमा पनि छानबिन अघि बढाएको छ।

बैंक डुबाएर भारत भागेका रायलाई सिआइबीले लखनउबाट पक्राउ गरी शनिबार नेपाल ल्याएको हो। उनले सहकारीको शैलीमा बैंक चलाएर संस्थाको पैसा निजी कम्पनीमा लगाउने मात्र होइन, कुनै रेकर्डमै नरहने गरी डेढ अर्ब रुपैयाँ निकालेर हिनामिना गरेका थिए। यस्तो हिनामिनाका कारण निक्षेप नै फिर्ता गर्न नसक्ने अवस्थामा पुगेपछि गत पुसदेखि राष्ट्र बैंकले सो बैंकमा हस्तक्षेप गरी व्यवस्थापन नियन्त्रणमा लिएको थियो।

सिआइबीले बैंकका तत्कालीन सञ्चालक तथा उच्च व्यवस्थापकलाई पक्राउ गर्न अदालतबाट अनुमति लिइसकेको छ। रायबाहेक अन्य फरार छन्।

सिआइबीका एसएसपी होबिन्द्र बोगटी सहकारीकै शैलीमा सो बैंकमा हिनामिना भएको बताउँछन्। 'संस्थापक राय पहिला सहकारीका सञ्चालक रहेछन्, पछि नेपालगन्ज गएर बैंक खोले, त्यसमा सुरुदेखि नै उनले हिनामिना गरेको देखिन्छ,' उनी भन्छन्, 'सहकारीकै शैलीमा उनले जथाभावी कर्जा लिने मात्र होइन, भल्टकै पैसासमेत गायब बनाएका छन्, राष्ट्र बैंकको सुपरिवेक्षणमा चल्ने संस्थामा कसरी यस्तो अवस्था आयो, हामी विस्तृत अनुसन्धान गर्दै छौं।'

सो बैंकमा एक लाख एक हजार सर्वसाधारणको चार अर्ब ९० करोड रुपैयाँ बचत थियो। त्यसमध्ये अधिकांश रकम सञ्चालकले नै दुरुपयोग गरेका हुन्। 'सुरुदेखि नै संस्थामा चरम बदमासी हुँदै आएको देखिन्छ,' अनुसन्धानमा आबद्ध सिआइबीका एक अधिकारी भन्छन्, 'राष्ट्र बैंककै सुपरिवेक्षणमा भएको कमजोरीको फाइदा उठाउँदै उनीहरूले हिनामिना

» पृष्ठ २ मा क्रमशः

■ काँकडभिट्टा-इनरुवा रेलमार्ग योजना अन्योलमा

नागरिकको जग्गा पाँच वर्ष रोक्का राखेर रेल चलाउने योजनाबाट पछि हट्यो सरकार



● **लक्ष्मी मैनाली**
अध्यक्ष, रेलवे प्रभावित तथा मुआब्जा निर्धारण समन्वय समिति कोशी प्रदेश

हामीले जोत्न पाएनौं। जग्गा राखेर आर्थिक कारोबार गर्न पाएनौं। मानसिक तनाव व्यहोर्नुपऱ्यो। यसको क्षतिपूर्ति कसले दिन्छ ? जग्गा फुकुवाको पहल गर्न बारम्बार काठमाडौं जाँदा लागेको खर्च कसले व्यहोर्छ ? सरकारले जग्गा फुकुवा गर्दा यसबारेमा बोल्नुपर्दैन ?

झापामा **चिरञ्जीवी घिमिरे**

सरकारले पूर्व-पश्चिम रेलमार्गअन्तर्गत काँकडभिट्टा-इनरुवा १०६ किलोमिटर खण्डमा रेलमार्ग निर्माणका लागि झापा, मोरङ र सुनसरीका आमनागरिकको जग्गा पाँच वर्ष रोक्का राख्यो। घर-व्यवहार चलाउन समस्या पर्दा बेचेर वा धितो राखेर पैसा जोहो गर्न नपाएका उनीहरूले मुआब्जाको आस गरिरहेका थिए। तर, अहिले आएर सरकार रेलमार्ग बनाउने योजनाबाट पछि हट्दै जग्गा फुकुवा गर्ने निर्णयमा पुगेको छ। बजेट भाषणमै अर्थमन्त्री विष्णु पौडेलले यस्तो घोषणा गरेका हुन्।



झापाको कमल गाउँपालिका- ६ स्थित धानबारीमा रेल विभागले गाडेको 'डिमार्केसन पिल्लर'। फाइल तस्बिर

रेलमार्गको काँकडभिट्टा-इनरुवा खण्डमा करिब पाँच हजार चार सय कित्ता नागरिकको जग्गा रोक्का गरिएको थियो। एक धुर जग्गा रेलमार्गमा पर्नेको पनि पूरै एउटै कित्ताको प्लट रोकिएको थियो। यस खण्डमा रेलमार्ग निर्माण गर्न सरकारले ०७७ मा ठेक्कासमेत लगाएको थियो।

जग्गा फुकुवापछि पूर्व-पश्चिम रेलमार्गअन्तर्गत काँकडभिट्टा-इनरुवा खण्ड निर्माण हुने-नहुने अन्योल छ। रेल विभागले झापा, मोरङ र सुनसरीका लागि करिब २२ देखि २५ अर्ब रुपैयाँ मुआब्जा लाग्ने जनाएको थियो। तर, प्रभावितहरूलाई मुआब्जा वितरण भने गरिएको थिएन।

सरकारले पाँच वर्षपछि जग्गा फुकुवा गर्दा पनि प्रभावित भने खुसी छैनन्। रेलवे प्रभावित तथा मुआब्जा निर्धारण समन्वय समिति कोशी प्रदेशका अध्यक्ष लक्ष्मी मैनालीले पाँच वर्षसम्म सरकारले आफूहरूको जग्गामा पिल्लर गाडेर अहिले फुकुवा गरेको बताए । 'हामीले जोत्न पाएनौं, ट्याक्टर लगाउन पाएनौं। जग्गा राखेर आर्थिक कारोबार गर्न पाएनौं। मानसिक तनाव व्यहोर्नुपऱ्यो। यसको क्षतिपूर्ति कसले दिन्छ ? जग्गा फुकुवाको पहल गर्न बारम्बार काठमाडौं जाँदा लागेको हाम्रो खर्च कसले व्यहोर्छ ? सरकारले जग्गा फुकुवा गर्दा यसबारेमा बोल्नुपर्दैन ?' उनले भने।

झापाको दमकमा यही खण्डका लागि भाडाको घरमा रेल योजना कार्यालय राखिएको थियो। रेल विभागका प्रवक्ता कमलकुमार शाहले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्देशनपछि मात्र बोल्न सकिने बताए।

भारतबाट फर्किएका तीन नेपालीमा कोरोना

■ प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका फोकल पर्सन हेमराज जोशी भन्छन्- **नयाँ भेरियन्टको कोरोना हो कि भनेर पत्ता लगाउन नमुना काठमाडौं पठाएका छौँ।**

धनगढीमा **तेजराज भट्ट**

भारतबाट बुधबार स्वदेश फर्किएका तीनजना नेपालीमा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ।

धनगढीको त्रिनगर भन्सार नाका भएर फर्किएका दुई पुरुष र एक महिलामा संक्रमण देखिएको सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयअन्तर्गतको प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका फोकल पर्सन हेमराज जोशीले बताए। नाकामा एन्टिजेनबाट गरिएको परीक्षणमा गुजरातबाट फर्किएका अछामको ढकारी घर भएका ३२ वर्षीय पुरुष र दिल्लीबाट फर्किएका पुनर्वासका २० वर्षीय पुरुषमा पोजेटिभ देखिएको उनले बताए।

त्यस्तै, पन्जाबबाट फर्किएकी धनगढीकी २४ वर्षीया महिलामा पनि कोरोना पोजेटिभ देखिएको छ। ज्वरो र रुघाखोकीको लक्षण रहेका तीनैजनालाई 'होम आइसोलेसन'मा पठाइएको जोशीले बताए।



कैलालीको त्रिनगर नाकामा भारतबाट फर्किएकाको एन्टिजेन परीक्षण गर्दै स्वास्थ्यकर्मी।

पिसिआरबाट कोरोना परीक्षणका लागि तीनैजनाको नमुना संकलन गरेर काठमाडौं पठाइएको केन्द्रले जनाएको छ। 'पोजेटिभ देखिएमा नमुना संकलन गरेर पठाउनू भन्ने निर्देशन थियो,' जोशीले भने, 'नयाँ भेरियन्टको कोरोना हो कि भनेर पत्ता लगाउन नमुना काठमाडौं पठाएका हौं।'

निर्देशनालयले त्रिनगर नाकामा बुधबारबाट एन्टिजेनबाट कोरोना परीक्षण थालेको हो। पछिल्लो २४ घन्टामा यो नाकाबाट ७६० जना नेपाल प्रवेश गरेकामा आशंकामा ३६ जनामा परीक्षण गरिएको थियो। तीमध्ये तीनजनामा संक्रमण देखिएको हो।

भारतमा संक्रमणको अवस्था के छ ?

भारतको स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयको वेबसाइटमा उल्लेख भएअनुसार त्यहाँ कोरोनाका सक्रिय संक्रमितको संख्या चार हजार ३२ छ। २४ घन्टामा मात्र ५८१ संक्रमित थपिएका हुन्। गत जनवरीदेखि हालसम्म तीन हजार २८१ जना निको भइसकेका छन्। पछिल्लो २४ घण्टामा मात्र सातजनाको मृत्यु भएको छ। जनवरीदेखि हालसम्म ज्यान गुमाउनेको संख्या ४४ पुगेको छ।

इन्डियन काउन्सिल अफ मेडिकल रिसर्चले उल्लेख गरेअनुसार भारतमा कोरोना भाइरसका तीनवटा भेरियन्ट सक्रिय छन्। जसमा जेएन-वन, केपी-टू र एनबी वन.एट.वन छन् । यद्यपि, यसअघि सन् २०१९ र त्यसपछि विश्वभर फैलिएको कोरोनाका तीनवटा लहरभन्दा अहिलेको संक्रमणदर कम छ। हाल देखिएका भेरियन्टबाट संक्रमितमा हल्का ज्वरो, घाँटी दुख्ने, सामान्य रुघा-खोकी, थकान र पेट दुख्ने वा पाचन समस्याका लक्षण देखिएका छन्। वृद्ध, दीर्घकालीन रोग भएका व्यक्ति (जस्तैः मधुमेह, हृदय रोग, दम) र रोगप्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्ति कोरोना संक्रमणको जोखिममा छन्।

टिआरसी ऐन...

पृष्ठ १ बाट क्रमशः

आयोगलगायतका विभिन्न निकायमा दर्ता भई त्यस्ता आयोग वा निकायमा विचाराधीन रहेको पीडितको निवेदन वा अन्य कुनै स्रोतबाट आयोगलाई जानकारी हुन आएमा आयोगले त्यस्ता उजुरी छानबिन गर्ने प्रयोजनका लागि त्यस्ता उजुरी र सोसँग सम्बन्धित विवरण सम्बन्धित आयोग वा निकायसँग माग गर्न सक्नेछ,' उक्त दफामा उल्लेख छ।

अर्जुनकी श्रीमती पूर्णीमायाले दायर गरेको रिटमा बुधबार संवैधानिक इजलासले आदेश दिएपछि अब आयोगलाई अनुसन्धान गर्न बाटो खुलेको सत्य निरूपण तथा मेलमिलाप आयोगका एक पदाधिकारीले बताए। उनका अनुसार पूर्णीमायाले सापकोटाविरुद्ध आयोगमा पनि उजुरी दिएकी छिन्। 'टिआरसी ऐनले द्वन्द्वकालीन घटनाको छानबिन आयोगले नै गर्ने भनेको र अन्य निकायमा भएका उजुरी पनि आयोगमै आउने व्यवस्था गरेकाले सापकोटाविरुद्धको सबैतिरका उजुरीका फाइलसमेत झिकाएर अब आयोगले नै छानबिन गर्न सक्छ। तर, सर्वोच्चको पूर्णपाठ आउन बाँकी रहेकाले त्यसपछि मात्रै स्पष्ट भन्न सकिन्छ,' उनले भने। आयोगले चासो देखाएन र मौन बस्यो भने प्रहरीलाई आफ्नो तरिकाले अनुसन्धान गर्न बाटो खुल्ने पनि उनले बताए।

पूर्णीमायाले ७ मंसिर ०६९ मा सर्वोच्चमा उक्त रिट दायर गरेकी थिइन्। योसँगै तत्कालीन सञ्चारमन्त्री सापकोटाले कनकमणि दीक्षितविरुद्ध दायर गरेको अदालको अवहेलना मुद्दा पनि विचाराधीन थियो। उनले ६ असार ०६८ मा दायर गरेको उक्त निवेदनमा भने मागदाबी नपुग्ने फैसला भएको छ। सुशील प्याकुरेलसमेतले २६ चैत ०७२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेतलाई विपक्षी बनाई दायर गरेको रिट भने खारेज भएको छ। बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा उक्त जाहेरी तामेलीमा राख्ने निर्णय भएको थियो।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसहित न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, मनोजकुमार शर्मा र कुमार चुडाल रहेको संवैधानिक इजलासले उत्प्रेषणको आदेश जारी गरेको हो। यो मुद्दामा यसअघि तीनपटक निर्णय सुनाउने मिति तोकिए पनि सार्दै आएको थियो।

०६२ वैशाखमा आफ्ना श्रीमानूलाई अपहरण गरेर सापकोटासहितका व्यक्तिले जिउँदै पुरेर हत्या गरेको पूर्णीमायाको आरोप छ।

कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०२/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक


तपसिलमा उल्लेखित तपाई ऋणीले यस आईएमई कोअपरेटिभ सर्भिस लिमिटेडको केन्द्रिय कार्यालय, कान्तिपथ, काठमाडौं मार्फत प्राप्त गर्नु भएको ऋण रकम बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, बिलम्ब शुल्क आदि चुक्ता भुक्तान गर्न पटकपटक मौखिक, लिखित तथा फोन, मार्फत तारताकेता गर्दा समेत नतिरि नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गर्नुभएको हुँदा ऋणी तथा व्यक्तिगत जमानीकर्ता लगाएत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको कर्जा तथा असुली शाखा वा सम्बन्धित सेवाकेन्द्रमा सम्पर्क राखी कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना आदि रकम अविलम्ब चुक्ता भुक्तान गर्नुहोला, अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको संसोधित कर्जा/ऋण असुली नियमावली २०८१ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल


१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना



ऋणी : श्री अन्जु गौतम (खनाल)
पति : ठाकुर प्रसाद खनाल
ससुरा : रुद्र प्रसाद खनाल
ना.प्र.नं. : ३३३४३/३१६९४/५६३०९
जारी मिति २०४९/१०/२१ (काठमाडौं)
ठेगाना : काठमाण्डौं जिल्ला धापासी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. ३ बसोबास गर्ने।



व्यक्तिगत धनजमानिकर्ता : श्री ठाकुर प्रसाद खनाल
बाबु : रुद्र प्रसाद खनाल
बाजे : प्रेमनाथ खनाल
ना.प्र.नं. : २७१०६०/१२०७९५
जारी मिति : २०७०/०६/१७ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौं जिल्ला धापासी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा. ३ बसोबास गर्ने।



व्यक्तिगत धनजमानिकर्ता : श्री प्रतिक खनाल
बाबु : ठाकुर प्रसाद खनाल
बाजे : रुद्र प्रसाद खनाल
ना.प्र.नं. : २७१०२६/१२०९७५
जारी मिति : २०७०/०६/२३ (काठमाण्डौ)
ठेगाना : काठमाडौं जिल्ला धापासी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भएका।

धितोको विवरण

प्रतिक खनालको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला गोलढुङ्गा गा.वि.स. वडा नं. ८ सिट नं ८ख स्थित कित्ता नं. क्रमश: ६१५, ६१६, ८०९, ५९०, ६१२ र ८१० को जम्मा क्षेत्रफल १७३६.६६ वर्ग मिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

❖ अन्जु गौतम खनालको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला गोलढुङ्गा गा.वि.स. वडा नं. ८ सिट नं ८ख स्थित कित्ता नं. क्रमश: ५९९, ७९६, ८०६, ८११, ८१४, ८०१, ८०८, ८०७, र ५९२ को जम्मा क्षेत्रफल ५८१०.३८ वर्ग मिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हाल: सहकारी विभागबाट इजाजत प्राप्त संस्था

IME Co-operative
IME Co-operative Service Ltd.
आईएमई को-अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601, 5339602
info@imecsl.com
www.imecsl.com

Biratnagar : 021-524540
Nepalgunj: 081550708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-528864
Ghorahi : 082-561717
Newroad : 01-4251581
Lahan : 033-562184
Gongabu : 01-4364761
Butwal : 071-546585

गत आर्थिक...

पृष्ठ १ बाट क्रमशः

बढाउँदै लगेको देखिन्छ।' सर्वसाधारणलाई निक्षेप पनि फिर्ता दिन नसकेको र खराब कर्जा ४० प्रतिशत पुगेपछि मात्र राष्ट्र बैंकले हस्तक्षेप गर्नुले नियमनकारी निकायमाथि समेत प्रश्न उठेको हो। सिआइबी स्रोतका अनुसार यसअघिका प्रतिवेदनहरूमा कर्जा असुलीमा ध्यान दिनुपर्नेलगायत सामान्य कमजोरी मात्र सुपरिवेक्षकले औँल्याएका थिए। सोही कारण बैंकको सेयरसमेत उच्चमूल्यमा पुगेको थियो। सिआइबीले पछिल्लोपटक स्थलगत सुपरिवेक्षणमा खटिएका राष्ट्र बैंकका कर्मचारीलाई पनि सोधपुछमा बोलाउने तयारी गरेको छ। नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी अधिकृत नरबहादुर थापा राष्ट्र बैंकको स्थलगत सुपरिवेक्षण प्रणाली फितलो हुँदा बैंक तथा वित्तीय संस्थामा समस्या बढेको बताउँछन्। 'राष्ट्र बैंकको अनुगमन प्रणाली फितलो छ, स्थलगत सुपरिवेक्षण भनिए पनि कर्मचारीहरूले सामान्य फाइल मात्र हेर्ने गरेका छन्,' उनी भन्छन्, 'राष्ट्र बैंकको सुपरिवेक्षण विधिमा तत्काल सुधार जरुरी छ।'

राष्ट्र बैंकका प्रवक्ता रामु पौडेल भने सुपरिवेक्षणको कमजोरीका कारण नभई कर्णाली विकास बैंकभित्र सुशासनको अभावमा समस्या आएको बताउँछन्। 'मैले बुझेअनुसार कर्णाली विकास बैंकको सुपरिवेक्षणको क्रममा कैफियत देखिएका १-२ विषयहरूमा सुधार गर्न निर्देशन दिँदै आइएको थियो,' उनी भन्छन्, 'त्यसकारण सुपरिवेक्षणलाई दोष दिन मिल्दैन, सो बैंकभित्र सुशासन नहुँदा एक्कासि समस्या आएको हो।'

सो बैंकलाई समस्याग्रस्त घोषणा गरी गत ११ पुसदेखि केन्द्रीय बैंकले व्यवस्थापन नियन्त्रणमा लिएको थियो। सञ्चालकमाथि कारबाही गर्न त्यही वेला राष्ट्र बैंकले सिआइबीमा पत्र लेखे पनि सञ्चालकहरू विदेश भागेका थिए। नेपालगन्ज मुख्य कार्यालय रहेको सो बैंकको राष्ट्र बैंकका उपनिर्देशक टीकाराम खतिवडा नेतृत्वको समूहले व्यवस्थापन सम्हालिरहेको छ। न्यूनतम पुँजीकोषको अनुपात कायम नगरेको, संस्थागत सुशासन कमजोर रहेको, आर्थिक हिनामिनाको आशंका भएको, कमजोर तरलता स्थितिका कारण भुक्तानी गर्नुपर्ने निक्षेप दायित्व पूरा गर्न नसकेकोलगायतको कारण देखाई राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरी व्यवस्थापन नियन्त्रणमा लिएको थियो।

मधेश प्रदेश

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

जनकपुरधाम, धनुषा

शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८२/०२/२२

सूचना न. : ०१/२०८१/०८२

यस मन्त्रालयको लागि तपसिलमा लेखिए वमोजिमको मन्त्रालयमा फर्निचर तथा अन्य सर-समानहरू आवश्यक भएको हुँदा इच्छुक व्यक्ति, फर्म, संस्था कम्पनि वा निर्माता कम्पनीका अधिकृत बिक्रेताहरूबाट तपसिल वमोजिमका शर्तहरूको अधिनमा रही के कति दरमा सो सामानहरू उपलब्ध गराउन सकिन्छ, यो सूचना प्रकाशित मितिले १५ दिन भित्र रितपुर्बकको सिलबन्दी दरभाउ पत्र यस मन्त्रालयमा पेश गर्नहुन आह्वान गरिन्छ। अन्य जानकारीको लागि यस मन्त्रालयको जिन्सीशाखाबाट जानकारी लिनहुन अनुरोध गरिन्छ।

क.स.	विवरण	प्रकार	संख्या	स्पेशिफिकेशन	दरभाउ पत्र जमानत वापतको रकम	दरभाउ पत्र दस्तुर	दरभाउ खरिद तथा दाखिला गर्ने म्याद
१	मुभिङ्ग कुर्सी	हेभि	५ थान	24" Length x 25" width x 51" Height Back side	३८०००/-	१०००/-	१५ दिन
२	टि टेबल	हेभी काठ भएको	७ थान	48" Length x 24" width x 17" Height			
३	किचेन रैक	काठ र स्टीलको चद्रा भए	३ थान	48" Length x 24" width x 30" Height			
४	डाइनिंग टेबल	६ सिटर हेभी काठ भएको	१ थान	67" Length x 36" width x 30" Height			
५	दराज	हेभि स्टील र पाउडर कोटेड भएको	६ थान	72" Length x 36" width x 20" Height			
६	दराज	हेभि स्टील र पाउडर कोटेड भएको	१ सेट	78" Length x 36" width x 20" Height			
७	कर्नर सोफा सेट	रेक्सिन र हेभी फोम भएको	२ सेट	111" Length x 90" width x 34" Height			
८	सोफा सेट	रेक्सिन र फोम भएको	२ सेट	148" Length x 29" width x 32" Height			
९	बेड 6x6.5	टिकको काठ भएको	१ थान	90" Length x 72" width x 16" Height x 72" Top			
१०	बेड 6x6.5	१८ एमएम प्लाई भएको	१ थान	83" Length x 74" width x 16" Height x 40" Top			
११	ड्रेसिंग टेबल	एम. डी. फ. बोर्ड भएको	३ थान	77" Length x 32" width x 16" Height			
१२	डाइनिंग टेबल	४ सिटर प्लाई भएको	१ थान	60" Length x 48" width x 18" Height x 1.5" Thickness			
१३	अलना	हेभी काठ भएको	१ थान	36" Length x 18" width x 48" Height			

देश रेमिटचान्सले...

पृष्ठ १ बाट क्रमशः

पीडितका गुनासा, वैदेशिक रोजगार न्यायाधीकरणमा बढ्दो मुद्दा, अध्ययन प्रतिवेदन र विज्ञ तथा अनुसन्धानकर्ताको भनाइलाई आधार मान्दा वैदेशिक रोजगारीमा जाने नेपालीहरू बिचौलिया, व्यापारी र सरकारी निकायबाट ठगिने गरेका छन्। उनीहरू गतव्य मुलुक पुग्दासम्म मात्रै होइन, त्यहाँबाट नेपाल फर्किंदा पनि ठगिने गरेका छन्।

'तालिम दिनेले ठग्छन्, स्वास्थ्य सेवाका नाममा ठगी हुन्छ, हवाई टिकटमा झन् ठुलो ठगी छ। श्रम स्वीकृति र मुद्दा मामिलाका सन्दर्भमा वैदेशिक रोजगार विभागमै भ्रष्टाचार हुन्छ। मागपत्र र प्रमाणीकरणका सवालमा दूतावासहरूमा भ्रष्टाचार हुन्छ। अध्यागमनमा सेटिङ मिलाउने र ठग्ने काम भइरहेको छ। बिमाले समयमै र नियमअनुसार दाबी रकम दिँदैनन्,' अधिवक्ता एवं श्रम तथा आप्रवासविज्ञ सोम लुइँटेल भन्छन्, 'वैदेशिक रोजगार संघ र व्यापारी दलनिकट छन्। सांसद नै वैदेशिक रोजगार व्यवसायमा आबद्ध छन्। त्यसैले, यो सबै भ्रष्टाचार र ठगीको नेक्सस राजनीतिक तहसम्मै छ। जसले पठाएको रेमिट्यान्सबाट देश चलिरहेको छ, उनीहरू नै पाइलैपिच्छे ठगिनु लाजमर्दो विषय हो।'

नेपालमा वार्षिक साढे १४ खर्ब हाराहारी रेमिट्यान्स भित्रिन्छ। यो कुल गार्हस्थ उत्पादन (जिडिपी)को अनुपातमा २५.९८ प्रतिशतबराबर हो। गरिबी न्यूनीकरणदेखि जीवनस्तर विकासमा समेत रेमिट्यान्सले मुख्य योगदान गरेको छ। तर, देश धान्ने मेरुदण्डका रूपमा वैदेशिक रोजगारी रोज्नेहरू सबैभन्दा पहिले लोकल एजेन्टबाट ठगिन्छन्। यस्ता एजेन्टले वैदेशिक रोजगारीमा लगाइदिने भनेर म्यान पावर कम्पनीसँग जोडिदिएबापत नै कमिसन असुल्छन्। जबकि सरकारले लोकल एजेन्टलाई अवैधानिक भनेको छ।

म्यानपावर कम्पनीले फ्री भिसा र फ्री टिकटको व्यवस्था भएका देशमा पठाउँदासमेत सेवा शुल्कबाहेक एक लाखदेखि चार लाखसम्म असुलेर ठगी गर्छन्। अब ठग्ने पालो एयरलाइन्स कम्पनीहरूको। सरकारसँगकै मिलेमतोमा एयरलाइन्सहरूले श्रमिकलाई हवाई टिकट महँगो शुल्कमा बेच्छन्। यतिसम्म कि सरकारी प्रणालीमै कोरिया र इजरायल जानेहरूलाई समेत ठग्छन्।

वैदेशिक रोजगार विभागले कमिसन मागेर प्रक्रियामा ढिलासुस्ती गरिदिने र अनावश्यक दुःख दिने गरेका गुनासा पटक-पटक आइरहन्छन्। स्वास्थ्य जाँच गर्ने संस्थाले पनि ठग्छन्। यस्ता संस्थाले फर्जी रिपोर्ट बनाइदिने, गलत रिपोर्ट दिने, वास्तविक जाँच नै नगरेर श्रमिकलाई ठग्ने र कानुन मिच्ने गरेको आमगुनासो छ। गत भदौमा श्रम मन्त्रालयले गठन गरेको समितिले अनुगमन गर्दा स्वास्थ्य जाँच गर्ने संस्थाले चरम लापरबाही गरेको भेटिएको जनाएको थियो।

वैदेशिक रोजगारीमा जानेहरूले तालिम लिनुपर्ने अनिवार्य गरिएको छ। तर, तालिम दिन खुलेका संस्थाले पनि वैदेशिक श्रमिकमाथि लुट मच्चाउने गरेका छन्। रकम असुलेर प्रभावकारी तालिम नदिने मात्रै होइन, तालिमै नदिनेसम्मका शोषण पनि हुने गरेका गुनासा छन्।

श्रमिक ठगीको मुख्य अड्डा हो अध्यागमन विभाग। भिजिट भिसामा भएको मानव तस्करी र ठगीको पछिल्लो घटनाले पनि यसलाई पुष्टि गरिसकेको छ। अध्यागमनका कर्मचारीले श्रमिकलाई विभिन्न बहानामा दुःख दिने, वैदेशिक यात्रा रोकिदिने, अफ्ठ्यारोमा पार्नेजस्ता हर्कत गर्ने गरेको श्रमिक अभियन्ता बताउँछन्।

बल्लतल्ल देश छाडेर विदेशमा पसिना बगाउन पुगेका श्रमिक, त्यहाँ पनि नेपाली कूटनीतिक नियोगबाटै ठगिन्छन्। समस्यामा परेका श्रमिकलाई सहयोग गर्नुको सट्टा नेपाली दूतावासले मागपत्र र प्रमाणीकरणका सवालमा दुःख दिएर भ्रष्टाचार गर्ने गरेको जानकारहरू बताउँछन्। काममा ढिलाइ गर्ने तथा कमिसन मागेर अनावश्यक दुःख दिने गरेका गुनासाहरू आइरहन्छन्।

परदेशमा आफ्नै कूटनीतिक नियोगबाट ठगिएका श्रमिकलाई रोजगार दिने कम्पनीले झन् नहेप्ने कुरै भएन। कम्पनीले सम्झौताअनुसार काम नदिने, तोकिएजति तलब नदिने, अतिरिक्त कामको मूल्य नदिने, न्यूनतम मापदण्डअनुसार खाना र बस्नको व्यवस्था नगरिदिनेजस्ता ज्यादती र शोषण गर्ने गरेका छन्। गन्तव्य देशका रोजगारदाताबाट मात्रै होइन, त्यहाँका सरकारी निकायले पनि नेपाली श्रमिकका समस्याप्रति नजरअन्दाज गर्ने, समस्या पर्दा निष्पक्ष छानबिन नगर्ने, कम्पनीका मात्रै कुरा सुन्नेजस्ता काम गरेर नेपाली श्रमिकमाथि अन्याय गर्ने गरेको श्रमिक अभियन्ता तथा अनुसन्धानकर्ता बताउँछन्।

'कोही पनि रहरले घर छाडेर रोजगारीका लागि विदेश गएको छैन। देशमा रोजगारी नपाएर विदेश जाने नागरिकमाथि घरको आँगनदेखि नै ठगी सुरु भएको छ। स्थानीय एजेन्ट, अनुमतिपत्र व्यवसायीदेखि, श्रम विभाग, अध्यागमन, गन्तव्य देशका रोजगारदाता र त्यहाँको नेपाली दूतावासबाटै ठगी र अन्याय भइरहेको छ। न्याय निरूपण गर्नेले नै घुस खाएका उदाहरण छन्,' वैदेशिक रोजगार अनुसन्धानकर्ता रामेश्वर नेपाल भन्छन्, 'फ्री भिसा, फ्री टिकटको व्यवस्था गरियो, तर कार्यन्वयन भएन। सरकारको लाचारी र अकर्मण्यताकै कारण कार्यान्वयन भएन। दुई पैसा कमाउँछु भनेर जानेले लाखौँ तिर्नुपरेपछि ऊ झन् ठुलो आर्थिकभारमा पर्छ र थप जोखिममा धकेलिन बाध्य हुन्छ।'

चालू आर्थिक वर्षको नौ महिना (चैतसम्म) मा ६ लाख ७ हजार ८७४ नेपाली वैदेशिक रोजगारीमा गएका छन्। गत वर्ष ०८०/८१ म ७ लाख ४१ हजार २९७ जना गएका थिए। यो संख्याले दैनिक २ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा जाने गरेको देखाउँछ। वैदेशिक रोजगारीका लागि संस्थागत १११ र व्यक्तिगत १७८ देश खुला गरिएको छ। चालू वर्षको गत चैतसम्म ११ खर्ब ९१ अर्ब ३१ करोड रेमिट्यान्स भित्रिएको छ। जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा १० प्रतिशतले बढी हो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह ७.३ प्रतिशतले वृद्धि भई ८ अर्ब ७४ करोड पुगेको छ। ०८०/८१ मा नेपालमा १४ खर्ब ४५ अर्ब ३२ करोड रेमिट्यान्स भित्रिएको थियो। गत आवमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४.५ प्रतिशतले वृद्धि भई १० अर्ब ८६ करोड पुगेको छ।

श्रम मन्त्रालयकै प्रतिवेदन भन्छ- अवैध एजेन्ट सक्रिय छन्, फ्री भिसा, फ्री टिकट प्रभावकारी कार्यान्वयन भएको छैन

श्रम मन्त्रालयले नै वैदेशिक रोजगारीमा अवैध एजेन्ट अझै सक्रिय रहेको, फ्री भिसा, फ्री टिकट प्रभावकारी कार्यान्वयन नभएको भन्दै यो चुनौतीको विषय भएको औँल्याएको छ। मन्त्रालयले ०८०/८१को वार्षिक प्रगति विवरणमा यस्तो स्वीकार गरेको छ। त्यस्तै, अन्तर्राष्ट्रिय श्रम बजारमा मान्य हुने गरी गुणस्तरीय सिपको अभाव रहेको तथा सिप प्रमाणीकरणको व्यवस्था पनि हुन नसकेको जनाएको छ। मन्त्रालयले बिमा रकम सहज भुक्तानी प्रणालीको अभाव रहेको, सूचना र सेवा प्रवाहमा तादम्यता हुन अझै नसकेको, गन्तव्य मुलुकको हकमा उद्धार तथा क्षतिपूर्ति सहज रूपमा हुन नसकेकोजस्ता समस्या पनि औँल्याएको छ।

मन्त्रालयका अनुसार हालसम्म १२ मुलुकसँग द्विपक्षीय श्रम सम्झौता भएकामा साउदी अरब, युएई, मलेसिया, कतार, बहराइन, ओमान र कुवेत गरी ७ देशका लागि फ्री भिसा र फ्री टिकटको व्यवस्था गरिएको छ। तर, निःशुल्क पठाइने भनिएका गन्तव्य मुलुकमै जान श्रमिकसँग चार लाखसम्म असुल्ने गरेको गुनासालाई सरकारकै प्रतिवेदनले पनि स्वीकार गरेको छ।

कोरिया र इजरायल जाने कामदारसँग सरकारी संयन्त्रकै मिलेमतोमै टिकटमा ठगी

रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत कोरिया जाने कामदारसँग सरकारी निकायकै मिलोमतोमा हवाई टिकटमा ठगी भएको महालेखाको प्रतिवेदनमै उल्लेख छ। कानुनअनुसार प्रतिस्पर्धा नगराई एउटा कम्पनीसँग सम्झौता गरी श्रमिकलाई टिकटमा बढी व्ययभार गराइएको महालेखाको हालै सार्वजनिक प्रतिवेदनमा उल्लेख छ।

'कार्यालय (इपिएस शाखा)ले प्रतिश्रमिक एकतर्फी टिकट दर १ लाख १९ हजार ८४० कायम गरी एक प्राइभेट लिमिटेडसँग एक वर्षका लागि ३ माघ ०७९मा खरिद सम्झौता गरेकोमा मन्त्रीस्तरको निर्णयबाट सम्झौता अवधि २ माघ ०८१ सम्म थप भएको छ। कार्यालयले ०८१/८२ मा बोलपत्रमार्फत सोही कम्पनीसँग प्रतिश्रमिक ५४ हजार ९ सय ९१.४५ रुपैयाँको दरले सम्झौता गरेको देखिन्छ' महालेखाले भनेको छ, '०८०/८१मा बोलपत्र नगरी पुरानो दररेटमा सम्झौता नवीकरण गरेको कारण प्रत्येक कामदारले ६४ हजार ८४९.०५ का दरले १० हजार ८५५ टिकटको लागि ७० करोड ३९ लाख ३६ हजार बढी भुक्तानी गर्नु परेको देखिन्छ।'

त्यस्तै, इजरायल जाने कामदारमाथि पनि ठगी भएको गुनासा छन्। वैदेशिक रोजगार विभागअन्तर्गत रहेको इजरायल शाखाले केयरभिगर कामदारका रूपमा इजरायल जाँदा टिकटमा ठगी गरेको एक कामदारले नाम नखुलाउने सर्तमा बताए। 'हामीले सामान्यतः ९० हजारदेखि १ लाख रुपैयाँसम्म तिरे पुग्ने टिकटमा १ लाख ५० हजार रुपैयाँ बुझाउनुपर्‍यो। विभागका कर्मचारीले सेटिङ गरेर हामीबाट अतिरिक्त रकम असुल गरेका हुन्,' उनले गुनासो गरे। अहिले नेपालबाट इजरायलको तेलअभिभ जाने विभिन्न एयरलाइन्सले ५० देखि ६० हजार भारु (नेपाली रुपैयाँ ९० हजारदेखि १ लाख) मा टिकट उपलब्ध गराइरहेका छन्। तर, इजरायल शाखाका कर्मचारीहरूको सेटिङका कारण जबर्जस्ती १ लाख ५० हजार रुपैयाँसम्म तिर्न बाध्य पारेको कामदारहरूले बताएका छन्।

वार्षिक रेमिट्यान्स आय र जिडिपीको अनुपातमा

आर्थिक वर्ष	रेमिटचान्स आय	जिडिपी तुलनामा रेमिटचान्स प्राप्तिदर
२०७०/७१	५ खर्ब ४३ अर्ब २९ करोड	२०.४५
२०७१/७२	६ खर्ब १७ अर्ब २७ करोड	२५.४७
२०७२/७३	६ खर्ब ६५ अर्ब ६ करोड	२५.५०
२०७३/७४	६ खर्ब ९५ अर्ब ४५ करोड	२२.६०
२०७४/७५	७ खर्ब ५५ अर्ब ५ करोड	२२.८५
२०७५/७६	८ खर्ब ७९ अर्ब ३६ करोड	२२.७९
२०७६/७७	८ खर्ब ७५ अर्ब २ करोड	२२.५०
२०७७/७८	९ खर्ब ६१ अर्ब ५ करोड	२२.०८
२०७८/७९	१० खर्ब ७ अर्ब ३० करोड	२०.४२
२०७९/८०	१२ खर्ब ४० अर्ब ६८ करोड	२२.८९
२०८०/८१	१४ खर्ब ४५ अर्ब ३२ करोड	२५.३२
२०८१/८२ (११ महिना)	११ खर्ब ९१ अर्ब ३० करोड	२५.८९

वैदेशिक रोजगार न्यायाधीकरणमा मुद्दा बढ्दो, मन्त्रालयका सम्बन्धित शाखामा उजुरी र गुनासाका चाङ

वैदेशिक रोजगारीमा ठगिएका तथा विभिन्न अन्यायमा परेका कामदारको मुद्दा हेर्ने वैदेशिक रोजगार न्यायाधीकरण छ। न्यायाधीकरणमा चालू आवको वैशाख मसान्तसम्म १७६ नयाँ मुद्दा दर्ता भएका छन्। त्यस्तै, सोही अवधिसम्म लगत सरेर आएकासहित १८१ थान मुद्दा फर्स्योट भएका थिए। अब न्यायाधीकरणमा १४७ मुद्दा विचाराधीन छन्। न्यायाधीकरणमा ०८०/८१ मा २१५ नयाँ मुद्दा दर्ता भएका थिए। त्यसअघि०७८/७९मा ११५ र ०७९/८०मा १७७ मुद्दा दर्ता भएका थिए। वैदेशिक रोजगार विभागबाट सजाय हुने भनी लेखिएकोबाहेकका मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार न्यायाधिकरणसँग छ।

त्यस्तै, श्रम मन्त्रालयको वैदेशिक रोजगारसँग सम्बन्धित राहत उद्धार तथा समन्वय शाखा, मुद्दा शाखा र प्रहरी शाखामा उजुरी र गुनासाको चाङ लाग्ने गरेको छ। ०८०/८१ मा ती शाखामा ७ हजार ७६३ उजुरी परेका थिए। त्यसमध्ये ३ हजार ८३७ उजुरी फर्स्योट गरेको मन्त्रालयको दाबी छ। हेल्लो सरकारको ०८०/८१ कै प्रतिवेदनले पनि वैदेशिक रोजगारीका सन्दर्भमा प्रशस्तै गुनासा आउने गरेको देखाएको छ। उक्त वर्ष हेलो सरकारमा वैदेशिक रोजगारसम्बन्धी ८२, मानव तस्करीसम्बन्धी १०, श्रम रोजगार तथा सामाजिक सुरक्षासम्बन्धी १५२ गुनासा आएका थिए। सोही वर्ष वैदेशिक रोजगार विभागको विषयमा १८३ गुनासा परेका थिए। यस्ता गुनासा र उजुरीले वैदेशिक रोजगारीमा चरम बेथिति र भ्रष्टाचार रहेको प्रस्ट हुने सरोकारवालाहरू बताउँछन्।

भिजिट भिसा...

पृष्ठ १ बाट क्रमशः

छ। हालसम्मको अनुसन्धानमा भट्टराईले भिजिट भिसाका एजेन्टहरूसँग आफैँ डिल गरेर लिस्ट मगाउने गरेको देखिएको छ। त्यसका लागि उनले एउटा बेग्लै गोप्य मोबाइल बोकेका थिए। सो मोबाइलमा एजेन्टहरूले प्रस्थान अनुमति दिनुपर्ने व्यक्तिहरूको सूची पठाएको भेटिएको छ। भट्टराईको मोबाइलमा भिजिट भिसासम्बन्धी विषयमा सन्देश आदान-प्रदान गर्ने र शंकास्पद आर्थिक कारोबार गर्नेमाथि आयोगले विस्तृत छानबिन गरिरहेको छ।

गृह मन्त्रालयकै संरक्षणमा यसरी भट्टराईले भिजिट भिसाको सेटिङ चलाएको अख्तियारको सूचना छ। गृहमन्त्री रमेश लेखकको सचिवालय र मन्त्रालयका केही कर्मचारीसँग उनको अस्वाभाविक सम्पर्क भेटिएका छन्। 'उनले जुन धन्दा अध्यागमनमा चलाएका थिए, त्यस्तो धन्दा माथिको संरक्षण र सहमतिविना सम्भव देखिने खालको छैन,' अख्तियारका एक अधिकारीले भने।

यो प्रकरणमा गृहमन्त्री लेखकमाथि समेत विस्तृत अनुसन्धानको माग भइरहेको छ। विपक्षी दलहरूले उनको राजीनामा मागेर सदन अवरुद्ध गर्दै आएका छन्। तर, लेखकले एक सहसचिवमाथि छानबिन हुँदैमा आफूले राजीनामा नदिने अडान राखेका छन्। प्रधानमन्त्री तथा कांग्रेस-एमालेले उनको अडानमा साथ दिएका छन्।

विवादास्पद सहसचिवलाई अध्यागमनमा पठाउनु, अध्यागमनमा सेटिङ बढेको भनेर अख्तियारले समेत पत्राचार गर्दा पनि छानबिनमा चासो नदिनु, अध्यागमनमा तल्लो तहका कर्मचारी पठाउन पनि चलखेल हुनु र अख्तियारले निगरानी बढाएलगत्तै सहसचिव भट्टराईलाई सरुवा गर्नुले यस प्रकरणमा गृह मन्त्रालय नेतृत्वमाथि नै प्रश्न उठिरहेको छ।

भिजिट भिसा ठगीमा उच्चस्तरीय छानबिन गर्न सत्तापक्ष असहमत

संसद्मा बजेट प्रस्तुत भएको एक सातासम्म पनि छलफल अघि बढ्न सकेन



■ **श्याम घिमिरे**, प्रमुख सचेतक, काग्रेस

समझदारी बनाऊँ भनेर अगाडि बढेका छैनौं। प्रतिपक्षीलाई विश्वासमा लिएर सदनको कारबाही अगाडि बढाऊँ, कार्यसूचीमा प्रवेश गरौं भन्दा उहाँहरू सहमत हुनुभएको छैन। हामी छलफलमै छौं। सहमतिको कोसिसमा छौं।



■ **हितराज पाण्डे**, प्रमुख सचेतक, माओवादी

संसद्मा हामीले बाध्यतामा परेको मान्छेका सम्बन्धमा तस्करीतिर लैजाने भिजिट भिसा बदमासी उठाइरहेका छौं, यो सामान्य छैन, यसको जवाफदेहिता गृह मन्त्रालय हो। त्यसकारणले गृहमन्त्रीले मार्गप्रशस्त गर्नुपर्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

भिजिट भिसामार्फत मानव तस्करी र ठगी प्रकरणमा उच्चस्तरीय छानबिन गर्न सत्तापक्ष सहमत नहुँदा प्रतिनिधिसभाको बैठक चौथो दिन बुधबार पनि अवरुद्ध बनेको छ। भिजिट भिसा ठगीमा प्रारम्भमा गृहमन्त्री रमेश लेखकको राजीनामा बटमलाइन बनाएका विपक्षी दलहरू लचिलो बन्दै श्रम ऐन लागू भएको ०६४ यताका सबै गृहमन्त्रीको कार्यकालको छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्ने प्रस्ताव अघि सारेका थिए। तर, यो प्रस्तावमा पनि सत्तारूढ दल कांग्रेस र एमालेले सहमति नजनाउँदा सदनको गतिरोध कायमै छ।

बुधबार बिहान १ बजे बोलाइएको प्रतिनिधिसभा बैठकमा आर्थिक वर्ष ०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)माथि छलफल गर्ने कार्यसूची थियो। सदन चलाउन सभामुख देवराज घिमिरेले कांग्रेस, एमाले, माओवादी र रास्वपाका प्रमुख सचेतकसँग आफ्नै कार्यकक्षमा छलफल पनि गरे।

भन्डै डेढ घण्टा चलेको छलफलमा प्रतिपक्षीले उच्चस्तरीय समिति गठन हुनुपर्ने अडान दोहोऱ्याए भने सत्तापक्षले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भइरहेको अनुसन्धानलाई निरन्तरता दिनुपर्ने तर्क गरेर गृहमन्त्रीलाई सदनमा बोल्न दिनुपर्ने धारणा राख्यो। सभामुख घिमिरेले सत्ता र प्रतिपक्षको मिलनविन्दु जुटाउन सकेनन्। ३ बजे सूचना टाँसेर १५ मिनेटका लागि बैठक स्थगित गरे। फेरि सत्ता र प्रतिपक्षीसँग छलफल थाले। उही अडान दोहोरिएपछि बिहीबार १ बजेसम्मका लागि सूचना टाँसेर बैठक स्थगित गरिदिएका छन्।

■ राष्ट्रिय सभामा बजेटमाथि छलफल प्रारम्भ



भिजिट भिसा ठगी प्रकरणले प्रतिनिधिसभा अवरुद्ध हुँदा राष्ट्रिय सभामा आगामी आर्थिक वर्ष ०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)माथि छलफल प्रारम्भ भएको छ। बुधबार उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले बजेटमाथि छलफल गरियोस् भन्ने प्रस्ताव गरेका थिए। प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्दै राष्ट्रिय सभामा बजेटमाथि छलफल सुरु भएको हो। अर्थमन्त्री पौडेलले १५ जेठमा संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा १९ खर्ब ६४ अर्बको बजेट प्रस्तुत गरेका थिए।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले विपक्षी हदैसम्म लचक हुँदा पनि सत्तापक्ष भिजिट भिसाको छानबिन गर्न तयार नभएकाले सदन चल्न नसकेको बताए। 'संसद्मा हामीले बाध्यतामा परेको मान्छेका सम्बन्धमा तस्करीतिर लैजाने भिजिट भिसा बदमासी उठाइरहेका छौं, यो सामान्य छैन, यसको जवाफदेहिता गृह मन्त्रालय हो। त्यसकारणले गृहमन्त्रीले मार्गप्रशस्त गर्नुपर्छ,' उनले भने।

भिजिट भिसा सुशासनसँग जोडिएको भन्दै पाण्डेले राजीनामा अप्ठेरो भए छानबिन समिति बनाउनुपर्ने बताए। 'यदि मार्गप्रशस्त गर्न गृहमन्त्रीलाई असजिलो भइराखेको छ भने छानबिन समिति बनाउने कुरामा तपाईंले सरकारका तर्फबाट बोल्दिनुस्, त्यसपछि सदन अगाडि लैजाऊँ भन्ने कुरा राख्यौं,' उनले भने, 'यो कुरा राख्दा प्रतिपक्षी पछाडि हट्यो भन्नुहुन्छ। हामी कहिले पछाडि हटेका छैनौं। हामीले गृहमन्त्रीलाई बोल्न नपाइने भनेका छैनौं। तर, यो भिजिट भिसाको विषयमा छानबिन समिति बनाउँछु भनेर बोल्नुपऱ्यो नि! छानबिन समिति बनाउँछु भनेर गृहमन्त्रीजीले बोल्ने हो भने बोल्नुस्, अरू के-के राख्ने हो राख्नुस्। समिति बनाउन सरकार तयार हुनुपऱ्यो।'

रास्वपा प्रमुख सचेतक सन्तोष परियारले भिजिट भिसाका नाममा भइरहेको मानव तस्कर र बेचबिखनको समाधान गर्न उच्चस्तरीय न्यायिक छानबिन समिति माग गरे पनि सत्तापक्ष तयार नहुँदा अवरोध लम्बिएको बताए। 'हामीले छानबिन समिति बनाउनुपऱ्यो, गृहमन्त्रीले राजीनामा दिनुपऱ्यो, प्रधानमन्त्रीले छानबिन समिति बनाउँछौं भन्नुपऱ्यो भन्यौं। उहाँहरूको तर्क अख्तियारले गरिरहेको भन्ने छ,' परियारले भने, 'त्यो एउटा व्यक्तिउपर अख्तियारले गरिरहेको कुरा हो। भिजिट भिसाको नाममा मानव तस्कर र बेचबिखन भइरहेको छ। लामो समयदेखि अध्यागमनमा यो कार्य भइरहेको छ। गाउँका निमुखाले दुःख पाइरहेका छन्। महिलाहरू अझ प्रताडित छन्। गृहमन्त्रीको सचिवालयको कुरा छ, उहाँका पछिल्ला गतिविधि सबै हेर्दा छानबिन समिति चाहिन्छ।'

प्रमुख सत्तारूढ काग्रेस प्रमुख सचेतक श्याम घिमिरेले विपक्षीसँग कुरा नमिलेको बताए। 'समझदारी बनाऊँ भनेर अगाडि बढेका छैनौं। प्रतिपक्षीलाई विश्वासमा लिएर सदनको कारबाही अगाडि बढाऊँ, कार्यसूचीमा प्रवेश गरौं भन्दा उहाँहरू सहमत हुनुभएको छैन। हामी छलफलमै छौं। सहमतिको कोसिसमा छौं,' उनले भने।

सत्तारूढ एमाले मुख्य सचेतक महेश बर्तौलाले उच्चस्तरीय समिति बनाउने विपक्षी अडान गलत भएको बताए। 'यो देशमा संविधानबमोजिम बनेको आयोगले छानबिन गरिरहेको छ। त्योभन्दा ठुलो संसद्मा केही सांसदहरूले माग गरेर बनेको समिति हुन सक्छ ? हुन सक्दैन। जबसम्म संवैधानिक आयोगले गरिरहेको छानबिनको प्रतिवेदन रिपोर्ट आउँदैन, यसबारे कुनै समिति बन्ने अवस्थामा पुग्ने स्थिति देखिँदैन। एकदम यो प्रस्ट छ,' उनले भने। 'संसद्मा गृहमन्त्रीलाई सुन्न नचाहने र लगातार राजीनामा तथा समितिको अडान गलत छ। संसद् चल्न नदिने नियतका साथ यी दुवै विषय उठाइरहनुभएको छ। जुन असम्भव छ,' उनले भने।

विपक्षी दलहरूले भिजिट भिसा ठगीको छानबिनका लागि उच्चस्तरीय छानबिन समिति गठन, गृहमन्त्री रमेश लेखकको राजीनामा र संसद्मा प्रधानमन्त्रीको प्रस्टीकरण मागेर १३ जेठदेखि संसद्मा अवरोध गर्दै आएका छन्। विपक्षीको अडानले मंगलबार र बुधबार प्रतिनिधिसभा बैठक नै नबसी सूचना टाँसेर स्थगित हुन पुगेको छ। प्रतिनिधिसभाको अर्को बैठक बिहीबार १ बजेका लागि तय गरिएको छ। प्रतिनिधिसभा अवरुद्ध हुँदा आगामी बजेटमाथिको छलफल प्रभावित बनेको छ।

राप्रपा सांसदहरूले सदनभित्र आफूहरूलाई विभेद गरिएको भन्दै सभामुख देवराज घिमिरेलाई भेटेर ध्यानाकर्षण गराएका छन्। प्रमुख सचेतक ज्ञानबहादुर शाहीका अनुसार सदन सञ्चालनसम्बन्धी पछिल्ला बैठकमा सभामुखले राप्रपालाई बोलाउन छाडेका थिए। यसबारेमा ध्यानाकर्षण गरिएको शाहीले बताए। साथै, सदनभित्र बोल्ने पालो आउँदा समय नदिएकोमा पनि उनीहरूले गुनासो गरेका थिए।

त्रिवि उपकुलपतिको कार्यालय तोडफोड गर्नेलाई सरकारकै संरक्षण

सत्ताको दबाबपछि अनुसन्धान अघि नबढेको त्रिविको आरोप, अहिलेसम्म जाहेरी नपरेको प्रहरी दाबी



शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयका उपकुलपतिको कार्यालय तोडफोडमा संलग्नलाई सरकारले नै संरक्षण गरेको छ। त्रिवि उपकुलपतिको कार्यालय तोडफोड गर्नेमाथि कारबाहीको माग गर्दै गत आइतबार प्रहरी वृत्त कीर्तिपुरमा निवेदन दर्ता भएको थियो। तर, प्रहरीले अहिलेसम्म अनुसन्धान नै सुरु नगरेको त्रिवि प्रशासनले जनाएको छ।

सत्ताको दबाबपछि प्रहरीले गम्भीर घटनामा संलग्नलाई कारबाही अघि नबढाएको र उल्टै दबाउने कार्य हुन थालेको त्रिवि उपकुलपति कार्यालयले जनाएको छ। त्रिविका निमित्त उपकुलपति खड्ग केसीले त्रिविले निवेदन दिँदा पनि प्रहरीले कारबाही अघि नबढाएको बताए। 'प्रहरी वृत्त कीर्तिपुरमा निवेदन दिएका हौं, बाँकी काम प्रहरीले गर्नुपर्ने हो, तर अहिलेसम्म केही भएजस्तो लाग्दैन,' उनले भने।

केसीका अनुसार गत आइतबार त्रिविले प्रहरीमा निवेदन दर्ता गरेको थियो। घटनाबारे रजिस्ट्रारको कार्यालय सूचना तथा जनसम्पर्क महाशाखाले तोडफोडमा संलग्नमाथि कारबाहीका लागि कानुनी प्रक्रिया अघि बढाएको थियो। सबै प्रक्रिया पुऱ्याएर प्रहरीमा निवेदन दर्ता गरिए पनि एक साता बितिसक्दा पनि कुनै कारबाही अघि बढेको छैन।



● **खड्ग केसी**, निमित्त उपकुलपति, त्रिवि

तोडफोडबारे प्रहरी वृत्त कीर्तिपुरमा निवेदन दिएका हौं, बाँकी काम प्रहरीले गर्नुपर्ने हो, तर अहिलेसम्म केही भएजस्तो लाग्दैन।

१४ जेठमा २०-२५ जनाको समूहले तोडफोड गरेको थियो। सो समूहमा नेविसंघमा आबद्ध विद्यार्थी थिए। उनीहरूले स्नातक तहमा भर्नाको समय थप गर्नुपर्ने भन्दै तोडफोड गरेका थिए। यसबारेमा त्रिविले विज्ञप्तिसमेत निकालेर घटना सार्वजनिक गरेको थियो। केन्द्रीय पदाधिकारीलाई भौतिक रूपमा आक्रमण गर्ने घटना भएको, सामाजिक सञ्जालको प्रयोग गरी पदाधिकारीको चरित्र हत्या गरेको विज्ञप्तिमा उल्लेख थियो।

प्रहरी वृत्त कीर्तिपुरका डिएसपी राजबाबु महर्जनले त्रिवि प्रशासनले कारबाही तथा अनुसन्धान गर्ने भनेर निर्णय भएको कपी पठाए पनि जाहेरी नदिएको बताए। तर, सिसिटिभीमा भने संलग्नहरू को-को थिए भन्ने प्रस्ट हुँदा पनि प्रहरीले पक्राउ गरेको छैन। 'त्रिविबाट निर्णय भयो भनेर निर्णय कपी आएको थियो, तर त्यतिले मात्रै कारबाही अघि बढाउन मिलेन। त्रिवि प्रशासनले अहिलेसम्म जाहेरी दिएको छैन,' उनले भने, 'सिसिटिभीमा एक-दुईजना व्यक्तिले फुटाइरहेको देखिएको छ, केही छिनमा हामीले लाठीचार्ज गरेर बाहिर पठायौं, उहाँहरूले पठाएको निर्णय कपीमा नेविसंघले सो घटना गराएको भनेर उल्लेख गर्नुभएको छ, तर घटनाको अनुसन्धानलाई सहयोग गर्ने गरी जाहेरी दिनुभएको छैन।' महर्जनले तोडफोडमा संलग्न व्यक्तिको नाम र विवरण भने यकिन नभएको दाबी गरे।

१४ जेठमा विद्यार्थीले ढुंगामुडा र बुट बजार्दै कार्यालयको आल्मुनिएमको बार, ढोका र झ्याल फुटाएका थिए भने कुर्सी पनि उचाल्दै भुइँमा बजारेका थिए। त्यतिबेलै प्रहरीले तोडफोडमा संलग्नलाई पक्राउ गर्न सक्ने अवस्था भए पनि त्यत्तिकै छाडेको थियो। नेविसंघका अध्यक्ष दुजाङ शेर्पाले नेविसंघलाई आरोप लागे पनि पुष्टि नभएको बताए। 'यसमा छानबिन समिति बनाएर अघि बढ्नुपर्छ, त्यहाँ घुसपैठ पनि भएको छ, नेविसंघलाई मात्रै दोष दिएर हुँदैन,' उनले भने, 'संलग्नलाई कारबाही हुनुपर्छ।' स्रोतका अनुसार प्रहरीले माथिल्लो दबाब आएपछि घटनामा संलग्नको पहिचान हुँदाहुँदै पनि कारबाही गरेको छैन। सिसिटिभी फुटेजमा अनुहार देखिए पनि कुनै अनुसन्धान र कारबाही थालेको छैन।

■ यसकारण भएको थियो तोडफोड

त्रिविले स्नातक तह प्रथम वर्षको परीक्षा फारम बन्द गरेको र भर्ना समयसमेत नथपेको विषयमा विद्यार्थी संघसंगठनले आपत्ति जनाएका थिए। त्रिविका प्रवक्ता यमनसिंह बोहराका अनुसार परीक्षा फारम खुलेपछि पनि विद्यार्थीले भर्ना गर्न पाउनुपर्नेलगायत माग राखेका थिए। त्रिविले पछिल्लो समय फारम खुलेपछि बन्द गर्ने प्रचलन बन्द गरिसकेको छ। तर, यसअघि स्वविवियु निर्वाचनका कारण कतिपयको भर्नासमेत छुटेको भन्दै विद्यार्थीले भर्ना समय थप्न दबाब दिएका थिए। गत माघमै त्रिविले भर्ना कार्यक्रम सकाइसकेको थियो। त्रिवि प्रशासनले नमानेपछि विद्यार्थीहरू तोडफोडमा उत्रिएका हुन्।

■ शिक्षा मन्त्रालयले भन्यो- त्रिवि घटनाको सूक्ष्म अध्ययन भइरहेको छ

त्रिविमा भएको तोडफोडका घटनाबारे शिक्षा मन्त्रालयले सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराएको छ। बुधबार विज्ञप्ति जारी गर्दै मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले यस्ता घटना हुन नदिन आग्रह गरेका छन्। 'त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको कार्यालयमा एक समूहबाट तोडफोड भएको तथा अन्य पदाधिकारीको कार्यालयमा तालाबन्दी गरिएको घटनाप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ, 'विश्वविद्यालय जस्तो विशुद्ध प्राज्ञिक संस्था र लाखौं विद्यार्थीको भविष्य निर्माणका लागि दैनिक पठनपाठन प्रणाली सञ्चालनमा क्रियाशील रहनुपर्ने निकायमा कुनै पनि बहानामा यस्ता हिंसात्मक, गैरकानुनी र शैक्षिक क्यालेन्डरलाई बाधा पुऱ्याउने कुनै पनि कार्य सदैव निन्दनीय र भर्त्सनायोग्य हुन्छ। त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १७ (३) अनुसार सहकुलपतिका हैसियतबाट माननीय मन्त्रीज्यूले उक्त पटनाका सम्बन्धमा सुक्ष्म अध्ययन गरिरहनुभएको छ।'

संक्षेप

म्यानमारबाट उद्धार गरी तीनजना नेपालीलाई स्वदेश फर्काइयो

काठमाडौं/ म्यानमारमा अनलाइन स्क्यामिङ कार्यमा लगाइएका तीनजना नेपाली नागरिकलाई नेपाली दूतावासले थाइल्यान्ड सरकारको सहयोगमा उद्धार गरी बुधबार स्वदेश फर्काएको छ। म्यानमारको मेवाडीबाट उनीहरूलाई उद्धार गरिएको नेपाली दूतावास बैंककले जनाएको छ। उद्धार गरिएकामा तीनजना पुरुष छन्। उनीहरू बुधबार काठमाडौं आइपुगेका छन्। थाइल्यान्डस्थित नेपाली दूतावासले नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान अनुरोध गरेको छ। 'कसैको प्रलोभनमा परी छिटो, धेरै पैसा कमाउने उद्देश्यले कम्बोडिया, लाओस, म्यानमार र थाइल्यान्डलगायत वैदेशिक रोजगारीमा नआउन दूतावास सम्बन्धित सबैमा पुनः अनुरोध गर्दछ,' दूतावासले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ। म्यानमारबाट यसअघि पनि सानो समूहमा नेपालीहरूलाई उद्धार गरेर नेपाली दूतावासले नेपाल पठाउँदै आएको छ।

विद्युत्को पोल ढल्दा ठैबमा एकको मृत्यु

काठमाडौं/ विद्युत्को पोलले किच्दा ललितपुरको गोदावरी नगरपालिका-१४ ठैबका ५८ वर्षीय रमेश शाहीको मृत्यु भएको छ। प्रहरीका अनुसार ठैब-सानागाउँ सडक निर्माणका क्रममा विद्युत्को पोल हटाउने क्रममा बुधबार बिहान साढे १० बजेतिर यस्तो दुर्घटना भएको हो। विद्युत् प्राधिकरणले फलामको पोल त्यत्तिकै छाडेपछि ठेकेदार कम्पनीले बुधबार बिहान काटेर हटाउने क्रममा अनियन्त्रित भई ढल्दा सडकछेउमा रहेका शाहीलाई किचेको थियो। तत्काल पाटन अस्पताल पुऱ्याइए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए। शाहीको मृत्युको खबर सुनेलगत्तै घटनास्थलमा जम्मा भएका आफन्तले सडक निर्माणमा प्रयोग गरिएको एक्स्काभेटर तोडफोड गरेका थिए। पेट्रोल छर्किएर जलाउन खोजेपछि आक्रोशित समूहलाई स्थानीय र प्रहरीले रोकेका थिए। जिल्ला प्रहरी परिसर ललितपुरका प्रवक्ता एसपी चक्रराज जोशीले विद्युत्को पोल हटाउने क्रममा ढल्न पुग्दा एक स्थानीयको मृत्यु भएको बताए। 'सडक निर्माणका क्रममा विद्युत्को पोल हटाउन खोजिएको रहेछ। यही क्रममा ढल्दा नजिकै रहेका रमेश शाहीलाई किच्दा उनको मृत्यु भएको छ।'

बाढीले हाइड्रोपावरको बाँध भत्कायो

संखुवासभा/ अविरल वर्षापछि आएको बाढीले संखुवासभामा हाइड्रोपावरको बाँध भत्काएको छ। बुधबार बिहान भोटखोला गाउँपालिका- ४ स्थित वाङखोलामा रहेको आठ किलोवाट क्षमताको माइक्रो हाइड्रोपावरको बाँध भत्काएको हो। निरन्तरको वर्षाले खोलामा बाढी आएपछि हाइड्रोपावरको बाँध भत्काएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका डिएसपी दक्षकुमार बस्नेतले बताए। उनका अनुसार बाढीले बाँध भत्काउँदा करिब ३३ लाख रुपैयाँबराबरको क्षति भएको अनुमान गरिएको छ। घटनास्थल पुग्न सदरमुकाम खाँदबारीबाट दुई दिन लाग्ने भएकाले थप विवरण संकलन गर्ने काम भइरहेको बस्नेतले बताए। साना जलविद्युत् आयोजनाको मुख्य मुहान बाढीले पूर्ण रूपमा क्षतिग्रस्त बनाएको हो। हाइड्रोपावरको बाँध भत्काएपछि सो क्षेत्रका स्थानीय अन्धकारमा बस्न बाध्य भएका छन्।

माओवादीको मध्यपहाडी अभियान स्थगित

काठमाडौं/ प्रमुख प्रतिपक्षी दल माओवादीको मध्यपहाडी राजमार्गकेन्द्रित अभियान स्थगित भएको छ। मनसुन र विकसित राजनीतिक घटनाक्रमले अभियान स्थगित भएको माओवादीले जनाएको छ। माओवादीले दुई चरणमा मध्यपहाडी अभियान सञ्चालन गर्ने तयारी गरेको थियो। पहिलो चरणको अभियान गत २ जेठमा बैतडीबाट सुरु भएर १० जेठमा कास्कीको पोखरामा पुगेर समापन भएको थियो। गत १६ जेठमा बसेको पदाधिकारी बैठकले दोस्रो चरणको अभियान २१ देखि २५ जेठसम्म गर्ने निर्णय गरेको थियो। अभियान सोलुमा समापन गर्ने तयारी थियो। मुख्यतः मौसमका कारण अभियान स्थगित गर्नुपरेको माओवादी केन्द्रीय कार्यालयमा मुख्यसचिव गणेशमान पुनले बताए। 'बजेटका कारण मध्यपहाडी अभियान दुई चरणमा गर्नुपर्ने अवस्था बन्यो। बैतडीदेखि पोखरासम्म पहिलो चरणको अभियान सम्पन्न भइसकेको छ। दोस्रो चरणको अभियान सुरु गर्ने वेला वर्षा सुरु भएको र मौसम पूर्वानुमान महाशाखाले चेतावनी जारी गरेको अवस्थामा अभियान स्थगित गरिएको हो,' उनले भने। स्थगित अभियान वर्षा सकिएपछि हुने पनि उनले बताए।

राजावादीको आन्दोलन जिल्लास्तरमा

नवराज सुवेदीसँग राजेन्द्र लिङ्देन असन्तुष्ट, राप्रपाले अलग्गै कार्यक्रम ल्याउने

पर्शुराम काफ्ले/नयाँ पत्रिका

राजसंस्था र हिन्दुराष्ट्र पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले काठमाडौं उपत्यकाकेन्द्रित आन्दोलन जिल्लास्तरमा विस्तार गर्ने निर्णय गरेको छ। यो एजेन्डाबाहेक सबैभन्दा ठूलो दल राप्रपाले भने दोस्रो चरणको आन्दोलनको कार्ययोजना तय गर्ने भएको छ।

दैनिक प्रदर्शन कमजोर भएपछि अब राजधानीबाहिर कार्यक्रम गर्ने र त्यसपछि आन्दोलनलाई काठमाडौंकेन्द्रित गर्ने समितिले निर्णय गरेको छ। बुधबार समितिमा आबद्ध ४५ दल, समूह र अभियानको बैठक बोलाइएको थियो। 'पहिलो चरणको आन्दोलनबाट प्राप्त अनुभवलाई दृष्टिगत गर्दै आन्दोलनको भावी स्वरूपमा केही परिमार्जन गरिनेछ,' समितिका संयोजक नवराज सुवेदीले जारी गरेका विज्ञप्तिमा भनिएको छ, 'काठमाडौं उपत्यकाको विभिन्न पालिकामा विरोध प्रदर्शन निरन्तर जारी राखिनेछ। काठमाडौं अतिरिक्त देशको विभिन्न प्रमुख सहरहरूमा विरोध सभा, धर्ना तथा जनप्रदर्शन गरिनेछ। देशका विभिन्न जिल्लामा आन्दोलनका कार्यक्रम सञ्चालन गरिसकेपछि पुनः काठमाडौंकेन्द्रित गरिनेछ।' समितिले स्थानीय तहदेखि नै संयुक्त जनआन्दोलन समिति गठन गर्ने तथा जिल्लाहरूमा प्रतिबद्ध र जुझारु युवा कार्यकर्ताको समूह तयार गर्ने पनि सुवेदीले बताएका छन्।



■ राजावादीको बैठकमा लिङ्देन अनुपस्थित

बुधबार राजधानीको नवदुर्गा पार्टी प्यालेसमा समिति संयोजक नवराज सुवेदीले बोलाएको बैठकमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन सहभागी भएनन्। बैठकमा राप्रपा नेपालका अध्यक्ष कमल थापाले लिङ्देनसँगको समन्वयमा आगामी कार्यक्रम ल्याउनुपर्ने सुझाव दिए, तर बुधबारै सुवेदीले उपत्यकाबाहिर आन्दोलन गर्ने घोषणा गरेका छन्।

'समितिका तर्फबाट प्रतिनिधि पठाइदिन आग्रह भएपछि पार्टी अध्यक्षले महामन्त्री राजेन्द्र गुरुङलाई आधिकारिक रूपमा पठाउनुभएको हो। तर, अध्यक्ष लिङ्देन बैठकमा सहभागी किन नभएको भनेर हंगामा गरिएछ,' राप्रपका एक नेताले भने, '१५ जेठको कार्यक्रम तय गर्ने समयदेखि नै सुवेदी नेतृत्वको समितिले एकलौटी रूपमा निर्णय गर्दै आएको थियो। अहिले पनि पार्टीलाई बाइपास गर्न खोजिएको छ, यो हामीलाई मान्य हुँदैन।' बुधबारको बैठकमा समिति संयोजक सुवेदीले अध्यक्ष लिङ्देनलाई नबोलाएको बरु सुवेदीनिकट व्यक्तिहरूले अप्रत्यक्ष रूपमा सम्पर्क गरेर पार्टी प्रतिनिधि पठाइदिन आग्रह गरेको लिङ्देननिकट नेताहरूको भनाइ छ।

सुवेदीले बुधबार दिउँसो २ बजे बोलाएको बैठकमा एक घण्टासम्म लिङ्देनको प्रतीक्षा भएको थियो। सहभागी नेताहरूका अनुसार लिङ्देन संसद्मा रहेको र बैठकमा सहभागी हुन आउने जानकारी गराइएको थियो। तर, लिङ्देन एक घण्टासम्म नआएपछि बैठकमा राप्रपा नेपालका अध्यक्ष कमल थापाले राप्रपासँग समन्वय गरेर आन्दोलनका भावी कार्यक्रम तय गर्नुपर्ने धारणा राखेका थिए। त्यसपछि सुवेदीले बैठक स्थगित गरेका थिए। त्यसपछि सुवेदी, राप्रपा नेताहरू डा. प्रकाशचन्द्र लोहनी, हरिबहादुर बस्नेत, विक्रम पाण्डेलगायतले लोहनीनिवास पुगेर छलफल गरेका थिए। बुधबार साँझ राप्रपा नेपालका अध्यक्ष थापा र राप्रपा अध्यक्ष लिङ्देनबिच भेटवार्ता भएको थियो।

■ आन्दोलनको कार्ययोजना ल्याउँछौं : लिङ्देन



राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले पहिलो चरणको आन्दोलन उत्साहपूर्ण भएको र पार्टीले बैठक बोलाएर भावी कार्ययोजना ल्याउने बताएका छन्। 'हाम्रो आन्दोलन निरन्तर रहन्छ। पहिलो चरणको आन्दोलन उत्साहपूर्ण भएको छ। अब पार्टीले बैठक बोलाएर आन्दोलनको भावी कार्ययोजना ल्याउनेछ,' नयाँ पत्रिकासँग उनले भने। लिङ्देनले समितिको बैठकमा अनुपस्थित भएको विषयमा प्रतिक्रिया दिएनन्। 'आन्दोलन जारी रहन्छ। पार्टीले यसबारेमा छिट्टै निर्णय गर्नेछ,' उनले भने।

सुवेदी नेतृत्वको जनआन्दोलन समितिले १५ जेठदेखि हुँदै आएको उपत्यकाकेन्द्रित आन्दोलनको तयारी र व्यवस्थापनमा एकलौटी निर्णय गरेको भन्दै लिङ्देनले निकटस्थसँग असन्तुष्टि जनाउँदै आएका थिए। उनले सुरुमा समिति गठन गर्दा आफूलाई नसोधी आफ्नो नाम राखेको भन्दै सार्वजनिक रूपमा असन्तुष्टि जनाएका थिए। तर, पूर्वराजा ज्ञानेन्द्र शाहको संयोजनमा लिङ्देन, सुवेदी, कमल थापा र केशरबहादुर विष्टबिच छलफल भएपछि लिङ्देनले समितिमा सहभागिता जनाउँदै आएका थिए।

■ कर फर्स्योट आयोगमा ६ अर्ब भ्रष्टाचार

५ असारमा सर्वोच्चले निर्णय सुनाउने

काठमाडौं/ कर फर्स्योट आयोगमा भएको भ्रष्टाचार मुद्दामा निर्णय सुनाउने मिति तोकिएको छ। बुधबार सर्वोच्च अदालतको संयुक्त इजलासले ५ असारमा निर्णय सुनाउने मिति तोकेको सर्वोच्चका सूचना अधिकारी नीराजन पाण्डेयले जानकारी दिए।



● लुम्बध्वज महत



● चूडामणि शर्मा

न्यायाधीशद्वय सारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले लगाउमा रहेका सातवटा मुद्दामा फैसला गर्ने भएको हो। ०८१ साउनमा दर्ता भएका यी मुद्दा एक वर्ष नहुँदै टुंगिन लागेका हुन्। पाँच दिन हेर्दाहेर्दैमा राखी सुनुवाइ गरी छैटौं दिन निसु तोकिएको हो।

आयोगका अध्यक्ष लुम्बध्वज महत तथा सदस्य चूडामणि शर्माको बन्दी प्रत्यक्षीकरणको रिट क्रमशः २१ र २५ साउन ०८१ मा दर्ता भएका थिए। आयोगका अर्का सदस्य उमेशप्रसाद ढकालले भने मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३७ (२) बमोजिमको सुविधा पाउनुपर्ने निवेदन दिएका थिए। उक्त दफामा पुनरावेदन गर्दा कैदमा बस्नुपर्ने अवस्थाबारे उल्लेख छ। धरौट जमानत दिन नसकी कैदमा बसी पुनरावेदन गरी मुद्दाको पुर्पक्ष गर्नेको मुद्दा ६ महिनाभित्र किनारा लगाउनुपर्ने व्यवस्था उक्त दफामा छ।

महत र ढकालले विशेष अदालतको फैसला बदरको माग गर्दै गत ४ असारमा कारागारभित्रैबाट पुनरावेदन दर्ता गराएका थिए। पुनरावेदनका लागि धरौटी राख्न नसक्दा कैदबाटै उनीहरूले सर्वोच्चमा निवेदन दर्ता गरेका हुन्। यो मुद्दाका अर्का प्रतिवादी ढकाल गत २३ साउनमा सर्वोच्च पुगेका थिए। साथै, महतमाथि गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगसमेत छ। यसमा सरकार पुनरावेदनमा गएको छ भने राजस्व चुहावटमा पनि सर्वोच्च पुगेको हो। कर निर्धारण गर्दा राजस्व चुहावट गरी भ्रष्टाचार गरेको अभियोगमा तीनैजना दोषी पाइएपछि विशेष अदालतले सजाय सुनाएको थियो। शर्मा आन्तरिक राजस्व विभागका पूर्वमहानिर्देशकसमेत हुन्। विशेष अदालतले १८ जेठ ०८० मा यस मुद्दामा फैसला सुनाएको थियो। जसमा शर्माका साथै आयोगका अध्यक्ष महत र अर्का सदस्य ढकाल दोषी पाइएका थिए। यद्यपि, शर्मालाई गैरकानुनी सम्पत्ति आर्जन मुद्दामा भने विशेषले सफाइ दिएको थियो।

विश्व वातावरण दिवसको सान्दर्भिकता

बिग्रँदो वातावरणले जैविक विविधतासँगै खाद्य सुरक्षा, सफा हावाजस्ता अत्यावश्यक पारिस्थितिक सेवामा नकारात्मक असर पुर्‍याइरहेको छ




● प्रा.डा. मोतीलाल शर्मा ● डा. रमेशराज पन्त

अग्रलेख

प्रत्येक वर्ष ५ जुनमा संसारभर विश्व वातावरण दिवस मनाइन्छ। यस दिवसको मुख्य उद्देश्य बिग्रँदो वातावरणसम्बन्धी विभिन्न विषय र तिनले ल्याउन सक्ने चुनौतीबारे चेतना र समझदारी बढाउनुका साथै भविष्यका योजनामाथि बहस पैरवी गर्नु हो। संयुक्त राष्ट्र संघको अगुवाइमा सन् १९७२ को जुन ५ देखि १६ सम्म स्विडेनको राजधानी स्टकहोममा मानव वातावरणसम्बन्धी विश्वको पहिलो ठुलो सम्मेलन भएको थियो। पछि संयुक्त राष्ट्र संघ महासभाले ५ जुनलाई विश्व वातावरण दिवसका रूपमा आत्मसात् गरेको छ। अहिले यो संयुक्त राष्ट्र संघ वातावरण कार्यक्रम (युएनइपी) द्वारा आयोजित सार्वजनिक सञ्चार र चेतना फैलाउने वैश्विक मञ्च बनेको छ। सन् २०२५ का लागि यस दिवसको नारा 'वैश्विक रूपमा प्लास्टिक प्रदूषणको अन्त्य' रहेको छ। यो दिन निकै महत्त्वपूर्ण छ, किनभने बिग्रँदो वातावरणले जैविक विविधतासँगै खाद्य सुरक्षा, सफा हावाजस्ता अत्यावश्यक पारिस्थितिक सेवामा नकारात्मक असर पुर्‍याएको छ।


वर्तमानमा देखिएको र हामीले भोग्नुपरेको प्रदूषण, जलवायु संकट, पारिस्थितिक प्रणालीको असन्तुलन र मानवजाति मात्रको स्वार्थले हाम्रो प्राकृतिक संसाधन दोहनको परिणाम हो। हाम्रो वातावरणमा भएको क्षति एउटा विश्वव्यापी चुनौती हो। कुनै पनि देश जति नै धनी वा शक्तिशाली भए पनि यी विषयलाई एक्लै समाधान गर्न सक्दैन, न त पृथ्वीको स्वच्छ वातावरण र जैविक विविधताविनै बाँच्न सकिन्छ। पारिस्थितिक प्रणालीको गम्भीरतालाई बुझेर देशहरूले राष्ट्रिय वातावरण रणनीति र कार्ययोजना कार्यान्वयन गरेर असन्तुलनको ढाँचालाई सन्तुलनमा ल्याउने, असमानताको समाधान गर्ने, दिगो विकासलाई अगाडि बढाउने, परम्परागत ज्ञानको सम्मान गर्ने र महिला, आदिवासी समुदाय तथा जनतालाई सशक्त बनाउने काम गरिरहेका छन्। यस वर्षको विश्व वातावरण दिवसको मुख्य सन्देशले हामीलाई समस्त मानव जातिको उज्ज्वल भविष्यतर्फको बाटोमा अगाडि बढ्ने प्रेरणा दिन्छ।

नेपालमा सामुदायिक वन उपभोक्ता समूहको सञ्जाल देशभर विस्तार भएको छ र अन्तर्राष्ट्रिय समुदायले पनि यसको प्रशंसा गरेका छन्। सामुदायिक वन उपभोक्ता समूहहरूको भूमिका केवल पहुँच र समानताका मुद्दामा सीमित नभई सामुदायिक विकास र जीविकोपार्जन सुधारका गतिविधिमा पनि विस्तार गरिएको छ। यस्ता समुदायमा संघ-संगठनले कार्बन व्यापारमा संलग्न हुन र वातावरणीय सेवाहरूको भुक्तानीका लागि संयन्त्र विकास गर्न पहल गरिरहेका छन्। तर, यस विषयमा ठोस उपलब्धि हासिल गर्न भने सकिएको छैन र यसमा अझ सामूहिक प्रयत्नको खाँचो छ।

यसैगरी, संरक्षित क्षेत्र प्रणालीमा पनि विकेन्द्रीकृत दृष्टिकोण अपनाइएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षित ऐनको चौथो संशोधनपछि नेपाल सरकारले संरक्षित क्षेत्रबाट उत्पन्न वार्षिक राजस्वको ३०-५० प्रतिशत स्थानीय समुदायलाई वातावरण संरक्षण, सामुदायिक विकास, जीविकोपार्जन सुधार तथा जैविक विविधता संरक्षण शिक्षा र सञ्चारका लागि प्रदान गर्दै आएको छ। विकट ग्रामीण क्षेत्र र संरक्षित क्षेत्रमा बस्ने स्थानीय तथा सीमान्तकृत समुदायका लागि यस्ता प्रयासले सकारात्मक प्रभाव पार्दै आएका छन्, जसले नेपालमा वातावरण संरक्षणका मुख्य उपलब्धि हासिल गर्न भूमिका खेलेको छ। तर, जति उपलब्धि हुनुपर्ने हो, त्यति भएको छैन। पर्यावरणको समस्या केवल कुनै देश विशेषको मात्र नभई, सिंगो मानव जातिकै चुनौतीको विषय बन्न गएको छ। विश्वका औद्योगिक राष्ट्रले वातावरणमा उत्सर्जन गरेको कार्बन, धातुका कण, विभिन्न ग्यासले पृथ्वीको तापक्रम बढाई हिमशिखर पग्लिएर त्यसको प्रतिकूल प्रभाव नेपालजस्ता विकासशील राष्ट्रले भोग्नुपरेको छ।

विश्वमा विनाशकारी घटनाको संख्या, तीव्रता र आवृत्तिमा वृद्धि, प्रतिकूल मौसम र तीव्र तापक्रम परिवर्तनले देखाउँछन् कि नेपाल जलवायु परिवर्तनले ल्याएको र ल्याउन सक्ने संकटप्रति अत्यन्त संवेदनशील देशमध्ये एक हो। यसमा नेपालको विशिष्ट भौगोलिक विशेषताले महत्त्वपूर्ण भूमिका खेल्छ। देशको भूभाग समुद्री सतहबाट करिब ६० मिटर उचाइमा रहेको झापाको केचनाकवलदेखि आठ हजार ८४८.८६ मिटरको उचाइमा रहेको सगरमाथाको सर्वोच्च शिखरसम्म फैलिएको छ। यस किसिमको विविधताले विभिन्न प्रकारका जलवायु क्षेत्रको सिर्जना गरेको छ, जसले वनस्पति र जीवजन्तुको विविधताका लागि अनुकूल वातावरणको सिर्जना गर्छ। तर, यही विविधताले जलवायु परिवर्तनको प्रभावलाई जटिल पनि बनाएको छ, किनकि विभिन्न उचाइमा रहेका पारिस्थितिकी प्रणालीहरू जलवायुको परिवर्तनशील अवस्थाबाट फरक-फरक तरिकाले प्रभावित हुन्छन् र भइरहेका छन्। यसको परिणामस्वरूप हाम्रो वातावरणमा खलल परिरहेको अनुभव गर्न सकिन्छ।

नेपालको यस्तो विविध भू-आकृति, जसले जैविक विविधताको प्रचुरता प्रदान गर्छ, त्यसले जलवायु परिवर्तनप्रति यसको संवेदनशीलतालाई अझ तीव्र बनाउँछ, किनभने फरक-फरक अनुकूलन क्षमताका कारण समुदायमा यसका प्रभाव पनि फरक र अप्रत्याशित हुन्छन्। साथै, सामाजिक तथा आर्थिक अवस्थाले पनि नेपालको जलवायु परिवर्तनप्रतिको जोखिमलाई अझ बढाउँछन्। नेपालको करिब ६६ प्रतिशत जनसंख्या आफ्नो मुख्य आम्दानीको स्रोतका लागि कृषिमा निर्भर रहेको छ। कृषिक्षेत्र मौसमको उतारचढाव, जस्तै वर्षाको ढाँचामा भएको परिवर्तन वा अत्यधिक तापक्रम परिवर्तनप्रति अत्यन्त संवेदनशील हुने भएकाले जलवायु परिवर्तन र यसले ल्याएको संकटका सन्दर्भमा खाद्य सुरक्षा



एक गम्भीर विषय बनिरहेको छ। यसबाहेक, ग्रामीण समुदायमा खेती प्रणालीअनुकूलन गर्न वा जलवायुजन्य आघातबाट पुनर्स्थापना गर्न आवश्यक स्रोतसाधनको अभाव हुने भएकाले तिनीहरू अझ बढी जोखिममा पर्छन्। विश्व वातावरणमा आएको परिवर्तनसँगै जलवायु परिवर्तनप्रति नेपालको संवेदनशीलता देशको विगतका वातावरणीय समस्याबाट पनि देख्न सकिन्छ। विसं ०७२ वैशाख (सन् २०१५ को अप्रिल) मा गएको विनाशकारी भूकम्पले देशको विभिन्न प्राकृतिक प्रकोपप्रतिको जोखिम मात्र होइन, भौतिक पूर्वाधारको कमजोरी पनि उजागर गर्‍यो। त्यसपछि वातावरणमा आएको परिवर्तनले यस्ता कमजोर पक्षलाई अझ चर्को बनाइरहेको छ, जसका कारण यस्ता प्रकोपको आवृत्ति र तीव्रता बढ्दै गएको छ। विश्वका ठुला राष्ट्रहरू निकै ठुलो धनराशी खर्च गरेर परमाणु बम र हातहतियारको जोगाड र निर्माणमा लागेका छन्। युद्ध चाहने साम्राज्यवादी शक्तिशाली राष्ट्रहरूले सम्बन्धित देशको स्रोतसाधनलाई हत्याउने अभिलाषाले विभिन्न बाहनामा युद्ध थोपरेर प्राकृतिक, सांस्कृतिक एवम् सामाजिक प्रणालीलाई ध्वस्त बनाउँदै लगेका छन्। इराक, अफगानिस्तान, ल्याटिन अमेरिका एवं अफ्रिकी देशमा त्यसको भयावह स्थिति र हालैको इजरायल-प्यालेस्टाइन, भारत-पाकिस्तान, रुस-युक्रेन युद्ध यसका उदाहरण हुन्। यी सबै घटनाले विश्व वातावरणमा निकै नकारात्मक असर पुर्‍याइरहेका छन् र यसले गरिब जनता र देशलाई झन् जोखिमको अवस्थामा पुर्‍याइरहेका छन्।

> विश्वमा विनाशकारी घटनाको संख्या, तीव्रता र आवृत्तिमा वृद्धि, प्रतिकूल मौसम र तीव्र तापक्रम परिवर्तनले नेपाल पनि जलवायु परिवर्तनले ल्याएको र ल्याउन सक्ने संकटप्रति अत्यन्त संवेदनशील देशमध्ये एक हो भन्ने देखिन्छ

वातावरणमा आएको परिवर्तनले जैविक विविधतामा पार्ने बहुआयामिक प्रभावसँगै नेपालको विशिष्ट सन्दर्भअनुरूप विशेष उपाय अवलम्बन गर्नुपर्ने भएको छ। स्थानीय ज्ञान र वैज्ञानिक अनुसन्धानलाई समन्वय गर्दै शैक्षिक पहलमार्फत समुदायको सहभागिता बढाउनु भविष्यमा आउने वातावरणीय दुष्प्रभावले आउने जोखिमको सामना गर्न महत्त्वपूर्ण कदम चाल्नैपर्ने देखिन्छ।

वातावरणको विषय अत्यन्त जटिल, बहुआयामिक र संवेदनशील छ। यसले प्राकृतिक प्रकोपमार्फत देशको पारिस्थितिक सन्तुलनमा गम्भीर असर पार्न सक्छ। यसका प्रभावमा जीव प्रजातिको व्यापक विस्थापन, महत्त्वपूर्ण प्राकृतिक स्रोतको ह्रास, तथा सीमित स्रोतका कारण संरक्षण प्रयासमा पर्ने अतिरिक्त दबाब समावेश छन्। वातावरण परिवर्तनको परस्पर सम्बन्धित प्रकृतिले यसलाई अन्य स्थानीय वातावरणीय समस्याभन्दा पृथक् बनाउँछ, किनकि यसको प्रभाव विश्वभरिका पारिस्थितिक प्रणालीमा पर्ने गर्छ। विश्व वातावरणमा आएको प्रभाव सीधै जलवायु परिवर्तनसित जोडिएको हुन्छ र जलवायु परिवर्तनका कारण तापमान, वर्षा प्रणाली, तथा चरम मौसमी घटनाको आवृत्तिमा परिवर्तन आएको छ। जसले प्रत्यक्ष रूपमा जीव प्रजातिको वासस्थानको उपलब्धता तथा पारिस्थितिकीय कार्यलाई प्रभावित गर्छ। उदाहरणका लागि, तापमान वृद्धिले जीवहरूलाई चिसो क्षेत्रमा सर्न बाध्य पार्छ, जसले स्थानीय पारिस्थितिक प्रणालीलाई अस्तव्यस्त बनाउने तथा वासस्थान टुक्रिनेजस्ता समस्या आउन सक्छन्। साथै, वर्षा प्रणालीमा हुने परिवर्तन तथा बढ्दो जलवायु अस्थिरताले वनस्पति तथा जनावरको प्रजनन चक्र, खाद्य उपलब्धता, तथा पारिस्थितिकीय सन्तुलनमा असर पुर्‍याउन सक्छ।

देश विकासका लागि प्राकृतिक स्रोतसाधनको उपयोग हुनु आवश्यक छ। त्यसका लागि पूर्वाधार निर्माण गर्दै दिगो औद्योगीकरण हुनु आवश्यक छ। तथापि, त्यस्ता उद्योग वातावरणमैत्री हुनुपर्नेमा सो नभई नेपालमा मानव बस्तीलाई नै प्रत्यक्ष प्रभाव पार्ने गरी उद्योगको स्थापना र सञ्चालन भएको पनि पाइएको छ। जसले वातावरणमा सीधै असर पारेको छ। नेपालका विभिन्न ठाउँमा महाभारत पर्वत शृंखला र चुरे क्षेत्रका वनमा अनियन्त्रित र अव्यवस्थित रूपमा कोइला र चुनढुंगा उत्खनन गरेको पाइएको छ। यसबाट सम्बन्धित क्षेत्रको वन विनाश भई वातावरणमा ठुलो खलल पर्न गई जैविक विविधतामा नकारात्मक प्रभाव परेको छ। प्राकृतिक स्रोतसाधनको उपयोग सामाजिक सेवाका लागि अर्थात् समाजमा न्यायोचित ढंगले लाभ पुर्‍याउने हेतुले नभएर व्यक्तिगत नाफाका लागि गर्ने प्रणाली नै बसेको अनुभूति गरिएको छ। केही विचारकले पारिस्थितिक प्रणालीसँगै जैविक विविधता संरक्षण हुनुपर्ने भन्दै चिन्ता व्यक्त गर्छन् र राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठीमा बोल्ने, कार्यपत्र पेस गर्ने पनि गर्छन्, तर मूल जडविरुद्ध औँलो उठाउन सकेको देखिँदैन।

यस वर्षको विश्व वातावरण दिवसमा प्लास्टिक र प्लास्टिकजन्य वस्तुबाट हुने प्रदूषणलाई केन्द्रमा राखे पनि प्लास्टिक प्रदूषण, व्यापार र गरिबी आपसमा गाँसिएका छन्, जसमा विकासशील देशले प्रायः प्लास्टिकजन्य पदार्थका कारण वातावरणीय तथा आर्थिक प्रभावको ठुलो भार बहन गर्नुपरेको छ। विकसित देशबाट विकासशील देशमा हुने प्लास्टिकजन्य वैश्विक व्यापारले स्वास्थ्य जोखिम, वातावरणीय क्षति र सीमित आर्थिक लाभका समस्या निम्त्याउँछ। यो व्यापारले गरिबीलाई थप गहिरो बनाउँछ, किनभने यी क्षेत्रमा पर्याप्त फोहोर व्यवस्थापन पूर्वाधारको अभाव, अनौपचारिक फोहोर संकलनमा निर्भरता तथा वातावरणीय क्षयको सम्भावना रहन्छ। प्लास्टिक प्रदूषणलाई अन्त्य गर्न वैश्विक रूपमा समन्वय गरेर काम गर्नु आवश्यक छ।

वातावरण र राजनीति अन्तरसम्बन्धित हुन्छन्। राजनीतिद्वारा नै वातावरणीय नीति तय गरिएको हुन्छ। तर, सर्वसाधारण जनतामा चेतनाको कमीले प्राकृतिक स्रोतसाधन दोहन गर्नेहरूले भ्रममा पारिरहेका हुन्छन्। वातावरण परिवर्तनले ल्याएको महासंकटको कारण पहिचान गर्ने र जरैदेखि समाप्त गर्ने काम विश्वव्यापी रूपमा प्रगतिशील शक्तिले मात्र गर्न सक्छन्। प्राकृतिक वातावरण मासेर मानव सभ्यतामाथि गरेको हमलाविरुद्ध एकजुट भएर प्रकृतिमाथिको हस्तक्षेप बन्द गराउने मार्गमा अगाडि बढ्नु आवश्यक छ। व्यापक रूपमा पर्यावरण रक्षाका लागि कानुन बनाउन तथा प्रभावशाली कदम उठाउन आमजनतालाई संगठित गर्दै सरकारलाई सचेत बनाउन अगाडि बढ्नु समयको माग हो।

(प्रा.डा. शर्मा त्रिवि रसायनशास्त्र केन्द्रीय विभागका प्राध्यापक र डा. पन्त वातावरण विज्ञान केन्द्रीय विभागका उप-प्राध्यापक हुन्)

---

३ प्रश्न

संघीयताविज्ञ **खिमलाल देवकोटा**लाई



प्रदेशले ल्याएको नियमावली संघको दबाबमा स्थगित हुनुले के संकेत गर्छ ?

जे भयो त्यो असाध्यै गलत भयो। यातायात व्यवस्थापनसम्बन्धी अधिकार संविधानले प्रदेशलाई दिएको एकल अधिकार हो। सवारी साधन दर्ता गर्ने, जाँच गर्ने, सञ्चालन अनुमति दिनेलगायत काम प्रदेशको एकल अधिकारभित्र पर्छन्। यस्तोमा प्रदेशले ल्याएको यातायात व्यवस्थापनसम्बन्धी नियमावलीमाथि संघले हस्तक्षेप गर्नु ठिक भएन। यसले संघीयतालाई कमजोर बनाउँछ।

संघीयतामा संघले यसरी हस्तक्षेप गर्नु कति ठिक हो ?

कत्ति पनि ठिक होइन। मैले त यस विषयमा सुरुदेखि नै संघीय सरकारले गलत गरिरहेको छ भन्दै आएको थिएँ। साथै, प्रदेश सरकारले पनि संघको यस्तो हस्तक्षेप स्विकार्दैन भन्ने पनि मेरो विश्वास थियो। कम्तीमा गण्डकी प्रदेश र त्यसका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले यसलाई नस्विकार्नेमा म विश्वस्त थिएँ। तर, एकाएक संघको निर्देशन पालना गरेर प्रदेश सरकारले आफ्नो नियमावली स्थगित गरेको समाचार सुन्नुपर्‍यो। यसले संघीयताको मर्मलाई पूरै कुल्चेको छ।

संघको यस्तो हस्तक्षेपले भविष्यमा कस्तो नजिर बसाउला ?

संघ र प्रदेशबीच कुनै विषयमा कुरा नमिले त्यसलाई समाधान गर्न दुवै सरकारको प्रतिनिधित्व हुने विषयगत समितिको व्यवस्था छ। कुनै पनि विवादको समाधान संघको हस्तक्षेपबाट होइन, विषयगत समितिको निर्णयबाट खोजिनुपर्छ। देशको संविधान र कानुनले प्रदेशलाई निर्देशन दिने, परिपत्र गर्ने, दबाब दिने अधिकार संघलाई दिएको छैन। बरु यातायात व्यवसायीहरू दबाब दिन काठमाडौं आएपछि संघले हामीसित यस्तो अधिकार छैन, हामीलाई संविधान र ऐन, कानुनले यस्तो छुट दिँदैन त्यसैले तपाईंहरू प्रदेशसितै बसेर समाधान खोज्नुहोस्, यसमा हामीले केही गर्न र बोल्न मिल्दैन भन्न सक्नुपर्थ्यो। संघले प्रदेशलाई दबाब दिएर नियमावली स्थगित गराएपछि अब काठमाडौंलाई दबाब दियो भने जे पनि हुन्छ भन्ने गलत नजिर स्थापित भएको छ।

प्रेरक प्रसंग

दुई पुजारी

एक समृद्ध व्यापारी आफ्ना गुरुसित परामर्श गरेर कुनै न कुनै सुकर्ममा धन खर्च गर्ने गर्थे। त्यसै क्रममा उनले गुरुको सल्लाहबाट आफू जन्मी-हुर्केको गाउँ र अहिले बसोबास गरिरहेको सहरमा समान स्वरूपका दुई भव्य मन्दिर निर्माण गराए। दुवै मन्दिरमा एक-एक सुयोग्य पुजारी पनि नियुक्त गरे। नित्य देवपूजाका साथसाथै गरिबगुरुवालाई भोजनको विशेष व्यवस्था पनि मिलाए। वस्त्रहीनलाई वस्त्रको व्यवस्था मिलाए। रोगीको उपचारको उचित प्रबन्ध पनि मन्दिरपरिसरमै मिलाए। साथै, बालबालिकालाई उच्च नैतिक आचरणको शिक्षासहित पठनपाठनको व्यवस्थासमेत उनले मिलाए।

छिट्टै नै दुवै मन्दिर श्रद्धालु भक्तजन तथा अन्य आगन्तुकको आस्थाको केन्द्र बने। दुवै मन्दिरमा भक्तजनको भिड लाग्न थाल्यो। व्यापारीको उद्देश्यअनुरूप नै दुवै मन्दिरको व्यवस्थापन चल्न थाल्यो। तर, केही समयपछि नै सहरका श्रद्धालु भक्तजनसमेत गाउँको मन्दिरतिर धाउन थाले। सहरको मन्दिरमा चहलपहल निकै घट्यो भने गाउँमा चर्को भिडभाड देखिन थाल्यो। व्यापारीले यसको कारण पत्ता लगाउन सकेनन्। उनी चिन्तित मन लिएर गुरुकहाँ पुगे। उनले आफ्नो समस्या गुरुसामु निवेदन गरे। उनको निवेदन सुनेपछि गुरुले केही समय विचार गरेर भने- ठिकै छ, तिमी एकपटकका लागि दुवै मन्दिरका पुजारीलाई अदलबदल गरेर हेर न त! व्यापारीले गुरुको आज्ञाअनुसार दुवै मन्दिरका पुजारीलाई अदलबदल गरे। गाउँका पुजारी सहरको मन्दिरमा पुगे भने सहरका पुजारी गाउँको मन्दिरमा पुगे।

केही दिन त सबै व्यवस्था ठिकठाक चल्दै गयो। तर, बिस्तारै अब सहरको मन्दिरमा भक्तजनको भिड बढ्न थाल्यो। गाउँका भक्तजनसमेत बडो कष्टसाथ सहरको मन्दिरसम्म धाउन थाले। यसबाट व्यापारी झनै दुःखी भए। आफ्नो गाउँघरका स्वजनले यसरी कष्ट उठाएको देख्दा उनी झनै विचलित भए। उनी पुनः गुरुको आश्रममा पुगे र आफ्नो समस्या बताए। व्यापारीको गुनासो सुनिसकेपछि गुरुले यसको वास्तविक कारण पत्ता लगाए र भने- चिन्ता छाड। तिमीले जसलाई सुरुमा गाउँको मन्दिरमा पुजारी नियुक्त गरेका थियौ, उनको हार्दिकतापूर्ण स्वभाव, बोली, वचन र व्यवहारका कारण पहिले मानिस गाउँको मन्दिरतिर धाउँथे भने अहिले उनैका कारण मानिस सहरको मन्दिरतिर धाइरहेका छन्। व्यक्तिको स्वभाव, बोलीवचन र व्यवहारले मानिसलाई आकर्षित र विकर्षित दुवै गर्न सक्छ। यहाँ भएको पनि त्यही हो। गुरुको भनाइ सुनिसकेपछि व्यापारीले वास्तविकताको बोध गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

स्क्यानर बनाउने पैसा छैन ?

नेपालगन्जको जमुनाह नाकामा लगेज स्क्यान गर्न जडान गरिएको स्क्यानर विगत सात वर्षदेखि बिग्रिएर थन्किँदा पनि राज्यले त्यसको मर्मत गर्ने विषयमा अलिकति पनि चासो लिएको देखिएन। दुई देशबिचको नाकामा लगेज स्क्यानर नहुँदा हातले छामेकै भरमा सामान जाँचपास गर्नुपर्ने अवस्था आउनु भनेको राष्ट्रिय लज्जाको विषय हो। के एक करोड खर्चेर जडान गरेको स्क्यानर मर्मत गर्न राज्यसित पैसा छैन हो ? पैसा छैन भने नेताहरूलाई थप सुविधा दिनचाहिँ पैसा कहाँबाट आउँछ ? कामनकाजका विषयमा राज्यकोषले राम्रै खर्च गरिरहेको छ। त्यसैले, पैसाको अभाव देखाएर अलपत्र छाडिएको मेसिन मर्मत गरी तत्काल सञ्चालन गरियोस्।

● **वन्दना नेपाली**, कोहलपुर, बाँके

यो कस्तो अत्याचार हो ?

दलित परिवारले प्रयोग गर्दै आएको बाटो छेकेर मन्दिरको पर्खाल निर्माण गरिएको विषयमा अदालतले तत्काल निर्माण रोक्न अन्तरिम आदेश दिँदा पनि निर्माण पक्षले अटेरी गरेको समाचार पढियो। यसरी कसैले घरसम्म जाउआउ गर्ने बाटो सदाका लागि बन्द गर्ने गरी पर्खाल लगाउँदा पनि स्थानीय सरकारले गरिब परिवारको पक्षमा बोल्न नचाहनु दुःखको विषय हो। मन्दिरको पर्खाल निर्माण गरे पनि दुवैतिर ढेकाबराबरको भाग खुला राखिदिए हुन्नथ्यो र ?

● **विनिता चौधरी**
डुंगेअड्डा, काठमाडौं

यो कस्तो संघीयता हो ?

यातायात व्यवसायीको सिन्डिकेट र दादागिरीसामु नुन खाएको कुखुरोझैँ लत्रक्क लत्रेको संघीय सकारले आफूसँगै गण्डकी प्रदेश सरकारलाई समेत लत्रिन बाध्य पारेको छ। अनि, संघीयताको मर्मविपरीत गण्डकी प्रदेश सरकारले पनि संघको आज्ञापालक भएर खुरुक्क आफूले ल्याएको नियमावली स्थगित गर्ने निर्णय गरेको छ। जब संघको आज्ञापालक नै बन्नु थियो भने हामीलाई महँगो संघीयता किन चाहियो ? खुरुक्क पहिलेकैजस्तो केन्द्रीकृत व्यवस्था लागू गरे हुँदैन ?

● **भूपेन्द्र राई**
विराटनगर-४, मोरङ

खोइ त परीक्षण 'रिपोर्ट' ?

गृह मन्त्रालयका सहसचिव एवं तत्कालीन त्रिभुवन विमानस्थल अध्यागमन कार्यालय प्रमुख तीर्थराज भट्टराईको मोबाइल, ल्यापटप आदिमा रेकर्ड भएका कुराको ल्याब परीक्षण गर्न अख्तियारले नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालामा पठाएको एक साता नाघिसक्यो। तर, अहिलेसम्म सो परीक्षणको रिपोर्ट आए-नआएकोबारे अख्तियारले मुख खोलेको छैन। नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशाला गृह मन्त्रालयअन्तर्गतकै निकाय हो। उसले विभागीय मन्त्रीको इसारा नपाएसम्म अख्तियारलाई सही रिपोर्ट दिने हिम्मत गर्ला त ? त्यसमाथि सहसचिव भट्टराई र गृहमन्त्रीबिच नै भिजिट भिसा सम्बन्धमा कुनै कुरा भएको रहेछ भने त प्रहरीले त्यो कुरा कुनै हालतमा दिनेछैन। किनकि, आफ्नो जागिर सबैलाई प्यारो हुन्छ नै। पोखरीमा बसेर गोहीसँग शत्रुता कसैले लिन सक्दैन।

पदमा रहेका शक्तिशाली मन्त्रीविरुद्ध बयान लिनु, उनीविरुद्ध प्रयोगशालाको रिपोर्ट दिनु सामान्य विषय होइन। यसकारण पनि अनुसन्धान पूरा नहुन्जेल आरोपित मन्त्री स्वयं पदबाट अलग बस्नुपर्छ भनिएको हो। जुन कुरा गृहमन्त्री लेखकले बुझेर पनि नबुझेझैँ गरिरहेका छन्। अनि, उनलाई 'क्लिन चिट' दिएर कांग्रेसले अदालतको समेत काम आफैँ गरिरहेको छ। योजस्तो विडम्बना अरू के नै होला र ? मानिस अरूलाई आदर्शका कुरा त निकै सिकाउँछन्, तर जब त्यही कुरा आफूमा आइपर्छ, त्यसपछि आफैँले विगतमा बोलेका आदर्शका कुरा चटक्कै बिर्सन्छन्। ठिक यही चरित्र अहिले वर्तमान गृहमन्त्री रमेश लेखकले देखाइरहेका छन्।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विऔपनिवेशीकरणका लडाकु थियोंगो

थियोंगोका अनुसार साँचो अर्थमा विऔपनिवेशीकरण (डिकलनाइजेसन) तब मात्र सम्भव हुन्छ, जब जनताको चेतना विदेशी भाषाबाट मुक्त हुन्छ



देश/विदेश

● मार्क लेभाइन

डुगी वा थियोंगो नाच्न अत्यन्तै मन पराउँथे, सम्भवतः लेखनभन्दा पनि बढी। ८० पार गरिसकेपछि र मिर्गौलाको रोगले थलिँदा संगीतको केवल सम्झनाले नै उनी नाच्न थाल्थे। संगीत उनको खुट्टाबाट यसरी बग्थ्यो, जसरी शब्द उनका हातबाट पानामा झर्थे। म उनलाई सधैँ नाचिरहेको देखिने गरी सम्झनेछु। २८ मेमा ८७ वर्षको उमेरमा उनको निधन भयो। उनले गहिरो नवप्रवर्तन र मौलिक आलोचनाको यस्तो विरासत छाडे, जसले हामी लेखक, शिक्षक, अभियन्ता र साधारण नागरिकलाई उपनिवेशवादी जगविरुद्ध थप सजग र सशक्त हुन प्रेरणा दिन्छ।

मेरा लागि उनी प्रेरणा थिए, जसले मलाई काकुमा शरणार्थी शिविरसम्म डोर्‍यायो, जहाँ भाषा र संस्कृति स्वतन्त्र रूपमा मिसिन्थे र मुटुबाट सोच्ने स्वतन्त्रता सम्भव हुन्थ्यो। थियोंगोका लागि यही लेखनको सबैभन्दा ठुलो वरदान थियो। पहिल्यै अफ्रिकी साहित्यको स्तम्भका रूपमा चिनिएका थियोंगो नोबेलका दाबेदार पनि भएका थिए। जब २००५ मा मैले उनलाई भेटेँ, उनको लेखन, शिक्षण र राजनीति एक-अर्काबाट छुट्टिन सक्दैनन् भन्ने बुझेको थिएँ। सधैँ हाँसिरहने थियोंगोको अनुहारले बाहिरी रूपमा खुसी देखाए पनि त्यो मुस्कानभित्र एक गहिरो आक्रोश लुकेको थियो, जुन बाल्यकालदेखि प्रौढसम्म भोगेका हिंसात्मक शासकीय संरचनाका घाउबाट जन्मिएको थियो।

उनका श्रवणविहीन भाइलाई बेलायती सैनिकले चेकपोइन्टमा रोक्न दिएको आदेश नबुझेर अघि बढेपछि गोली हानेर हत्या गरेको थियो। यो हत्या र माउ-माउ विद्रोहको घटना, जसले उनका अरू दाइलाई उपनिवेशवादी शासनविरुद्ध खडा गराएको थियो, त्यसले थियोंगोको मानसपटलमा गहिरो छाप छाड्यो। यसले उनलाई हिंसा र विभाजन नै स्थायी उपनिवेशवादका दुई मूल इन्धन हुन्, जुन औपचारिक रूपमा स्वतन्त्रता प्राप्त भएपछि पनि निरन्तर क्रियाशील रहन्छ भन्ने बोध गरायो।

यी घटना भएको आधा शताब्दीपछि पनि जब बेलायती शासनबाट केन्याली स्वशासनमा सत्तान्तरणको कुरा उठ्थ्यो, थियोंगो उपनिवेशवाद केवल बेलायतीको विदाइसँगै सकिएको होइन, बरु नयाँ केन्याली शासककै हातबाट अझ गहिरिएर जरा गाड्दै गएको छ भन्थे। एक लेखक र नाटककारका रूपमा अघि बढ्दै गर्दा उनी भाषालाई हतियार बनाउँदै बेलायती 'सांस्कृतिक बम'ले मेटाएका अफ्रिकी पहिचान पुनः जोड्ने क्रान्तिकारी बौद्धिक बने। उनको पहिलो नाटक 'द ब्ल्याक हर्मिट' सन् १९६२ मा कम्पालामा मञ्चन भयो र त्यसपछि उनलाई 'महादेशको आवाज' का रूपमा चिनियो। र, सन् १९६४ मा आएको उपन्यास 'विप नट चाइल्ड' पूर्वी अफ्रिकी लेखकद्वारा अंग्रेजीमा लेखिएको पहिलो उपन्यास बन्यो। उनको ख्याति बढ्दै जाँदा अन्ततः थियोंगोले अंग्रेजी भाषा त्यागे र आफ्नै मातृभाषा गिकुयुमा लेख्ने निर्णय गरे। उनी साँचो मुक्ति मातृभाषामै सम्भव छ भन्ने विश्वास गर्थे। मातृभाषा गिकुयुमा फर्कनुले केवल थियोंगोको लेखकीय यात्रा मात्र नभई सम्पूर्ण जीवन नै परिवर्तित भयो। जब उनले अंग्रेजी वा राष्ट्रिय भाषा स्वाहिली नभई गिकुयुमै सत्ताको आलोचना गर्न थाले, केन्याली शासक आत्तिए। नतिजा सन् १९७७ मा उनलाई विनामुद्दा एक वर्ष जेल हालियो। जेलभित्र रहँदा र मातृभाषामा लेख्दै गर्दा उनले उपनिवेशवाद गइसकेको थिएन बरु नयाँ शासककै हातबाट नयाँ रूप लिइरहेको थियो भन्ने बोध गरेका थिए। यो 'नवउपनिवेशवाद' परम्परागत बुझाइभन्दा भिन्न थियो। उनका लागि नवउपनिवेशवाद भन्नुको अर्थ स्वतन्त्रता लागि लडेका र स्वतन्त्र भएका जोमो


तस्बिर : इयानियल ए एन्डरसन/युसी इर्भाइन

केन्याटाजस्ता नेताले आफ्नै जनतामाथि औपनिवेशिक प्रविधि र भाषामा शासन गर्नु थियो। त्यसैले, उनी साँचो अर्थमा विऔपनिवेशीकरण (डिकलनाइजेसन) तब मात्र सम्भव हुन्छ, जब जनताको चेतना विदेशी भाषाबाट मुक्त हुन्छ भन्थे। र, उनका लागि यो स्वतन्त्रताको पहिलो सर्त मातृभाषामा लेख्न पाउने अधिकार थियो।

थियोंगोको नवउपनिवेशवादसम्बन्धी सोचले प्रायः मान्यता नपाए पनि यो मान्यता क्वामे एन्क्रुमाहजस्ता उपनिवेशविरोधी अफ्रिकी चिन्तकबाट गहिरो रूपमा प्रेरित थियो। उनको विचार आजका 'विऔपनिवेशीकरण' र 'आदिवासी दृष्टिकोण'का प्राज्ञिक बहसभन्दा झन्डै एक पुस्ता अगाडि सोचिएको थियो। उपनिवेशपछिको चिन्तनको संस्थापक पुस्तामा एड्वर्ड सइद, होमी भाभा र गायत्री स्पिभाकसँगै थियोंगोलाई पनि राखिन्छ। उनी विशेषतः सइदसँग आत्मीयता राख्थे र उनलाई 'भाइ' मान्थे। दुवैका लागि उपनिवेशवाद कुनै बितेको इतिहास थिएन, अर्थात् उपनिवेशवाद आज पनि जिउँदो र हिंसात्मक रूपमा उपस्थित यथार्थ थियो। सइदका लागि त्यो इजरायली कब्जा थियो, थियोंगोका लागि आफ्नै मुलुकको नयाँ सत्ताले पुरानै औपनिवेशिक शैली दोहोर्‍याइरहेको थियो।

थियोंगो र सइदको सम्बन्ध उनीहरू दुवै उपनिवेश शासनमा हुर्किएको साझापनमा आधारित थियो। थियोंगोका लागि सत्ताको दमनकारी प्रदर्शन उपनिवेशवादी संस्कृतिको मूल थियो र त्यसविरुद्ध बोल्ने पहिलो माध्यम भाषा नै थियो। सइदले अंग्रेजी र आफ्नो मातृभाषा अरबीबिचको तनावलाई 'प्राथमिक अस्थिरता' माने, जुन उनी प्यालेस्टाइन फर्किँदा मात्र शान्त हुन्थ्यो। थियोंगोका लागि गिकुयु भाषाले कल्पनाको नयाँ विश्वको सम्भावनाको ढोका खोलिदिन्थ्यो, अर्थात् जेलको झ्यालबाट स्वतन्त्रताको उडान भरिरहेकै चराजस्तो हुन्थ्यो। विडम्बना, जीवनका अन्तिम वर्षमा उनी आफ्नै घर फर्कन सकेनन्। तैपनि, अमेरिकाको क्यालिफोर्नियास्थित अरेन्ज काउन्टीबाट उनले विद्यार्थी र नयाँ पुस्ताका लेखकलाई आफूले व्यहोरेका हरेक उत्पीडनविरुद्ध 'डर नमानी लेख' भन्ने आग्रह गरे। यदि तिमीले डरविना लेख्न सक्यौ भने त्यो चराले सधैँ उडान भर्नेछ, उनी भन्थे।

(लेभाइन युसी इर्भाइनका इतिहासका प्राध्यापक एवं त्यहाँको वैश्विक मध्यपूर्व अध्ययन केन्द्रका निर्देशक हुन्)
अल जजिराबाट

पहिले गुन्डा समूहलाई दबाएका बुकेले अहिले दबाउँदै छन् आलोचक

बुकेलेलाई अब अनिश्चित कालसम्म राष्ट्रपति बन्नबाट कसैले रोक्न सक्दैन

सन् २०२४ मा एल साल्भाडोरको राष्ट्रपति पदमा दोस्रो कार्यकालका लागि उम्मेदवारी दिँदा नै नयिब बुकेलेको निरंकुश प्रवृत्ति स्पष्ट भइसकेको थियो। उनले पहिलो कार्यकालमा देशभर दुई वर्षको 'अस्थायी' आपत्काल लागू गरेका थिए। आपत्काल अवधिमा विनाकुनै कानुनी प्रक्रिया शंकाकै भरमा दसौँ हजार मानिस गुन्डा समूहका सदस्य भनेर पक्राउ परे। त्यस्तै, त्यही अवधिमा बुकेलेले अदालतको फैसलालाई बेवास्ता गर्ने मात्र होइन, सेना प्रयोगको धम्की दिएर सांसदलाई आफ्नो पक्षको कानुन पास गर्न धम्क्याउने कामसमेत गरेका थिए।

सन् २०२१ मा बुकेलेको पार्टीले संसद्मा भारी बहुमत हासिल गरेको थियो। त्यस बहुमतलाई उनले न्याय क्षेत्रमा आफूप्रति बफादार भर्ती गर्न प्रयोग गरे। एल साल्भाडोरको संविधानमा कुनै व्यक्ति पाँच वर्षको एक कार्यकाल मात्र राष्ट्रपति बन्न पाउने व्यवस्था थियो। तर, पहिलो कार्यकालमा आफूले चुनेका न्यायाधीशले उनका लागि दोस्रो कार्यकाल पनि उम्मेदवार बन्न पाउने बाटो खोलिदिए। विगतमा भएका चुनावमा उनको दलले आपराधिक समूहसँग सम्झौता गरेर समर्थन लिएको प्रमाणसमेत भेटिएको छ। तथापि, यी सब कुराले साल्भाडोरवासीलाई प्रभावित गरेन। तिनले बुकेलेलाई ८५ प्रतिशत भारी मत दिएर दोस्रो कार्यकालका लागि चुनाव जिताए।

साल्भाडोरवासी बुकेलेले देशमा ल्याएको सुरक्षित वातावरणप्रति कृतज्ञ थिए। चुनावमा तिनले सोही कृतज्ञतालाई मतपत्रमार्फत व्यक्त गरेका थिए। आखिर, एल सल्भाडोर त्यही देश थियो, जो दशकौँसम्म ठुल्ठुला आपराधिक गुन्डा समूहबाट आतंकित रह्यो। हरेक ससना पसलदेखि बस कम्पनीसम्म जबर्जस्ती चन्दा दिन बाध्य थिए। प्रतिद्वन्द्वी समूहबिच प्रभावका लागि खुलेआम मारकाट हुन्थ्यो। यसैकारण सन् २०१५ मा त्यहाँको हत्यादर प्रतिएक लाख मानिसमा १०६ थियो, जुन विश्वमै सबैभन्दा उच्च थियो।

बुकेले राष्ट्रपति बनेपछि गुन्डा समूहविरुद्ध ठुलो सैन्य अभियान चलाए। ८५ हजार मानिसलाई जेल हालियो, जुन एल साल्भाडोरका कुल युवा जनसंख्याको झन्डै ८ प्रतिशत हो। ट्याटु लगाएकै आधारमा वा कसैले दिएको सुराकीका आधारमा वा प्रहरीको अनुमानकै भरमा जोकोहीलाई पनि गुन्डा भन्दै कुनै कानुनी प्रक्रियाविना अनिश्चित कालसम्म बन्द गर्न सकिन्थ्यो। यही कारबाहीको परिणामस्वरूप सन् २०२४ सम्म आइपुग्दा देशको सरकारी तथ्यांकअनुसार हत्यादर प्रतिएक लाख १.९ जनामा झरिसकेको थियो। यो संयुक्त राज्य अमेरिकाको हत्यादरभन्दा कम हो। जबर्जस्ती चन्दा असुली अहिले लगभग गायब भएको छ। हुन पनि कसैलाई पनि आफूलाई गुन्डा भनेर तर्साउने त परको कुरा पहिचान खुलाउनसमेत डराउने अवस्था छ।

मतदाता देशमा नयाँ विकसित सुरक्षाप्रति यति कृतज्ञ थिए कि तिनले बुकेलेले शक्ति हत्याउँदै लगेको कुराप्रति आँखा चिम्लिदिए। केही उदारवादीले भने यस अवधिमा पनि अधिक

> साल्भाडोरवासी बुकेले देशमा ल्याएको सुरक्षित वातावरणप्रति कृतज्ञ थिए। तर, उनले अपराधीबाट त देशलाई सुरक्षित बनाए, अब अहिले उनैबाट देश असुरक्षित बनेको छ।



शक्ति हासिल गरे बुकेलेले एक दिन आफ्नो दमनको हतियारलाई अझ व्यापक बनाउने चेतावनी दिइरहे। र, दोस्रो कार्यकालका लागि पुनः निर्वाचित भएको एक वर्षपछि, उनी अहिले त्यही नै गर्न थालेका छन्, जुन डर थियो। उनले आफ्नो सरकारको दमनबारे लेख्ने पत्रकार, सरकारी खर्चमाथि प्रश्न उठाउने श्रमिक नेता र जग्गा कब्जाको विरोधमा प्रदर्शन गरिरहेका किसान पक्राउ परेका छन्। मे १८ मा उनका कार्यकर्ताले एक प्रख्यात मानव अधिकारकर्मी वकिल रुथ लोपेजलाई पक्राउ नै गरे।

गत मे २० मा राष्ट्रपतिका अघि निरीह देखिइरहेको संसद्ले भ्लादिमिर पुटिनको दमनको नक्कल गर्ने कानुन पारित गऱ्यो। यस कानुनअनुसार विदेशी रकम लिने वा विदेशीको 'हितप्रति प्रतिक्रिया दिने' संस्थाले अब विदेशी एजेन्टको रूपमा मात्र दर्ता गर्न पाउनेछन्। त्यस्तो संस्थाको कडाइका साथ निगरानी हुने र प्रशासनले चाहेमा जुनसुकै वेला बन्द गर्न सकिनेछ। यस कानुनले मानव अधिकार समूह, भ्रष्टाचारविरोधी एनजीओहरू र यस्तै अन्य संस्थालाई निस्तेज बनाउनेछ।

बुकेलेले संविधानलाई सहजताका साथ पुनर्लेखन गर्न सक्ने गरी आफूलाई अधिकारसम्पन्न गरेका छन्। विपक्षीलाई अहिले त्रसित पारिएको छ। प्रायः निगरानी गर्ने समूह दबाइएका छन्। यसले गर्दा यी ४३ वर्षीय राष्ट्रपतिलाई अब बुढेसकालसम्म देशमाथि शासन गर्नबाट कसैले रोक्न सक्ने देखिँदैन।

आफैँले आफूलाई 'विश्वको सबैभन्दा 'बिन्दास' तानाशाह' बताउने बुकेलेले अहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको मूल्यहीन विदेश नीतिको पनि लाभ उठाइरहेका छन्। पूर्वराष्ट्रपति जो बाइडेनले बुकेलेको शक्ति हत्याउने प्रयासको विरोध गर्दै उनका केही भ्रष्ट सहयोगीमाथि प्रतिबन्ध लगाएका थिए। जबकि, अहिले ट्रम्प सल्भाडोरका राष्ट्रपतिले 'उत्कृष्ट काम' गरिरहेको भनेर बुकेलेको प्रशंसामा उत्रिएका छन्। यसको गुन बुकेलेले पनि तिरेका छन्। उनले राष्ट्रपति ट्रम्पले पठाएका कैयौँ आप्रवासीलाई थुन्नका लागि एल साल्भाडोरको क्रूर जेल प्रयोग गर्न छुट दिएका छन्।

यद्यपि देशिभित्र बुकेलेको लोकप्रियता खस्कन थालेको छ। धेरै साल्भाडोरवासी आफ्नो देश अमेरिकाको जेलर भएकोमा असन्तुष्ट देखिन्छन्। सडकहरू सुरक्षित बनेका छन्, तर अर्थतन्त्र अझै कमजोर नै छ। गरिबी घट्नुको सट्टा झन् बढ्दै गइरहेको छ। धेरै सार्वजनिक सेवाको अवस्था निराशाजनक छ। त्यसबाहेक देशमा शीर्ष स्थानमा विचित्र भ्रष्टाचारको गन्ध आउन थालेको छ। राष्ट्रपति बनेपछि गुन्डा समूहविरुद्ध कठोर अभियान चलाएका बुकेलेको विगतमा तिनै समूहसँग राम्रो सम्बन्ध रहेको समाचार बाहिरिएका छन्। एल फारो नामक एक समाचार आउटलेटको समाचारअनुसार बुकेलेले आफ्नो पहिलो ठुलो चुनाव अर्थात् राजधानी सान साल्भाडोरको मेयर पद जित्न गुन्डा समूहको सहयोग लिएका थिए। ती समूहले बुकेलेको कार्यकालमा शवहरू राम्ररी लुकाएर हत्यादर कम देखाउन सहमति जनाएको पनि समाचारमा उल्लेख छ।

ट्रम्पले बाइडेनको शासनकालमा अमेरिकामा पक्राउ परेका र बुकेलेका कतुर्त बक्न सक्ने गुन्डा समूहका सदस्यलाई एल सल्भाडोर पठाएका छन्। तर, तिनलाई चुप लगाउँदैमा यो काण्ड दबिने सम्भावना छैन। एल साल्भाडोरमा भएको मतसर्वेक्षण विश्वसनीय देखिँदैन। यसका बाबजुद बुकेलेको आमस्वीकृति दर ९० प्रतिशतभन्दा उच्च रहेको बिन्दुबाट धेरै तल रहेको केहीले देखाएका छन्।

तर, बुकेलेले अहिलेको अलोकप्रियतालाई पनि पार पाउनेछन्। उनी सामाजिक सञ्जाललाई शक्तिशाली प्रचार मेसिनका रूपमा प्रयोग गर्न माहिर छन्। त्यसबाहेक उनमा आफ्ना विरोधीलाई दबाउन कस्तो उपकरण प्रयोग गर्नुपर्छ भन्ने सीप छ। निकारागुआ र भेनेजुएलाले देखाएकोजस्तै, निरंकुशहरू लोकप्रिय नहुँदा पनि लामो समयसम्म सत्तामा टाँसिन सक्छन्। बुकेलेको तानाशाही रूपान्तरणले इक्वेडर र पेरुजस्ता गुन्डा समूहको हिंसाबाट नराम्ररी प्रभावित अन्य देशलाई एउटा पाठ सिकाएको छ। त्यो हो, जब एक महत्त्वकांक्षी व्यक्तिले कानुनको शासन निलम्बन गरेर तपाईंलाई अपराधीबाट सुरक्षित गर्ने वाचा गर्छ, उसले अपराधीबाट त तपाईंलाई केही समय सुरक्षित गराउला, तर त्यस क्रममा तपाईंलाई उही व्यक्तिबाट सुरक्षित राख्ने कानुन भने बाँकी रहनेछैन।

- द इकोनोमिस्टबाट

गाजामा मारिने पत्रकार तथा मिडियाकर्मीको संख्या दुई सय पुग्यो : इएफजे

बुडापेस्ट/ युरोपेली पत्रकार महासंघ (इएफजे)ले इजरायली आक्रमणमा परी सन् २०२३ अक्टोबरदेखि गाजामा दुई सय पत्रकार तथा मिडियाकर्मीको हत्या भएको जनाएको छ। बुडापेस्टमा दुई दिनको बैठकपछि बुधबार जारी गरिएको विज्ञप्तिमा इएफजेले गाजामा पत्रकारसहित सर्वसाधारणमाथि भएको घातक हमलाको निन्दा गरेको छ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र संयुक्त राष्ट्रसंघीय निकायले इजरायली आक्रमणलाई नरसंहारको संज्ञा दिइरहेका वेला इजरायली सेनाले युद्ध अपराधका साक्षी (पत्रकार)लाई मौन राख्ने प्रयास तीव्र पारेको विज्ञप्तिमा उल्लेख छ। पीडित प्यालेस्टिनी सहकर्मीप्रति ऐक्यबद्धता व्यक्त गर्दै अधिकारको माग गर्नु पत्रकारको कर्तव्य भएको इएफजेले बताएको छ। बैठकले इयू निर्देशक समितिलाई प्यालेस्टिनी पत्रकारहरूको सुरक्षा गर्न र मध्यपूर्वमा सूचनाको स्वतन्त्रताको ग्यारेन्टी गर्न सबै इयू संस्थासँग मिलेर हस्तक्षेप गर्न पनि आह्वान गरेको छ।

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.
समृद्धिका लागि समुदाय संग सँगै

केन्द्रीय कार्यालय:
लम्कीचुहा न.पा.-१, लम्की, कैलाली
फोन नं. ०९१-५४०४२६, ५४०४८६, १६६०९११७३३३
www.kisancoop.com, info@kisancoop.com

लम्कीचुहा-१, लम्की, कैलालीको

धितोमा रहेको अचल सम्पत्ति (घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०२/२२ गते (नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस सहकारी संस्थाको शाखा कार्यालयहरूबाट तपसिलमा उल्लेखित सदस्यहरूले विभिन्न कर्जा शीर्षक अन्तर्गत कर्जा लिई उपभोग गर्नु भएको र निज सदस्यहरूले यस सहकारी संस्थासँग भए गरेको सम्झौता अनुसार तोकिएको समयमा कर्जा नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक-पटक मौखिक, लिखित तथा सार्वजनिक सूचना मार्फत तरताकेता गर्दा समेत ऋण भुक्तान नगरी सहकारी संस्थासँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले सहकारी संस्थाले विभिन्न मितिहरूमा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी जमानीकर्ताहरू र व्यक्तिगत धनजमानीकर्ताहरू समेतलाई सूचित गर्दा समेत उक्त ऋणको साँवा ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा १, सहकारी नियमावली २०७५ को दफा ३० को उपदफा १ को खण्ड (ख) र संस्थाको कर्जा नीति, निर्देशिका २०६३ तथा प्रचलित अन्य कानुनको अधिनमा रही उपरोक्त ऋणहरूको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पत्तिहरू (घर-जग्गा) जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरि सहकारी संस्थाको लेना रकम असुलउपर गर्नको लागि यो ३५ (पैतीस) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तसर्थ, धितोमा रहेको उक्त सम्पत्ति (घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-सस्थाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरूको अधीनमा रही रीतपुर्वक यस सहकारी संस्थाको केन्द्रीय कार्यालय लम्की, कैलालीमा आइपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई सहकारी संस्थाले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा ३, सहकारी नियमावली २०७५ को दफा ३२ को उपदफा १ र यस सहकारी संस्थाको कर्जा नीति निर्देशिका तथा अन्य प्रचलित ऐन, कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी सदस्य, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम समावेश गर्नको लागी सिफारिश गरी पठाइने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ।

तपसिल

ऋणी, व्यक्तिगत जमानतकर्ता र लिलाम हुने धितोको विवरण

१. ऋणीको नाम, थर : डम्बर बहादुर बडुवाल
ना.प्र.प.नं. :१०७९६/४४१० (कैलाली), **बाजेको नाम** :नवल सिं बडुवाल, **बाबुको नाम** :सम्पत्ती बडुवाल, **ठेगाना** : लम्कीचुहा न.पा.वडा.न १ लम्की, कैलाली
व्यक्तिगत जमानतकर्ता : भावना देवी बडुवाल
ना.प्र.प.नं. ६७३००२-१८५७ (कैलाली), **ससुराको नाम** :सम्पत्ती बडुवाल, **पतिको नाम** : डम्बर बहादुर बडुवाल, **ठेगाना**: लम्कीचुहा न.पा.वडा.न १ लम्की, कैलाली
लिलामहुने धितोको विवरण :
डम्बर बहादुर बडुवालको नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक बलिया, पथरैया र प्रतापपुर गा.वि.स. वडा न.८,७झ,९,९ स्थित,:कि.नं. १३९३,४५,८०८,८२१ को क्षेत्रफल १६९.२९,१६९३.२०,१०१५.९२ र २५३९.८० व.मि क्षेत्रफल रहेको जग्गा लगायत सम्पूर्ण लिगलगापात समेत।
सम्पत्ती बडुवालको नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक सितापुर (मनिकापुर) र प्रतापपुर गा.वि.स. वडा न. ८,१ स्थित,:कि.नं. ९९६ र १५५३ को क्षेत्रफल ३३८.६३ र १६९३.२० व.मि क्षेत्रफल रहेको जग्गा लगायत सम्पूर्ण लिगलगापात समेत।
भावना देवी बडुवालको नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक जानकी नगर गा.वि.स. वडा न. २ स्थित,:कि.नं.४४३ को क्षेत्रफल ७७८८.७१ व.मि क्षेत्रफल रहेको जग्गा लगायत सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नाम, थर : तिर्थ बहादुर चौधरी
ना.प्र.प.नं. :९४०९७ (कैलाली), **बाजेको नाम** : छोटेलाल चौधरी, **बाबुको नाम** :दशी राम चौधरी, **ठेगाना** : कैलारी गा.पा.वडा.न ५ बैजपुर, कैलाली
व्यक्तिगत जमानतकर्ता : चन्द्र बहादुर चौधरी
ना.प्र.प.नं. ६७-०१-७४-११२९७ (कैलाली), **बाजेको नाम** :छोटेलाल चौधरी, **बाबुको नाम** :दशीराम चौधरी, **ठेगाना** : कैलारी गा.पा.वडा.न ५ बैजपुर, कैलाली
व्यक्तिगत जमानतकर्ता : ईन्द्र देव जोशी
ना.प्र.प.नं. ७११००८-२२९ (बझाङ), **बाजेको नाम** :हरीकृष्ण जोशी, **बाबुको नाम** :सुरेन्द्र राज जोशी, **ठेगाना** : मस्टा गा.पा.वडा.न ४, बझाङ
लिलामहुने धितोको विवरण :
दशीराम चौधरीको नाममा मालपोत कार्यालय धनगढीको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक पवेरा गा.वि.स. वडा न.६ स्थित,: कि.नं. ६१० को क्षेत्रफल १८६० व.मि क्षेत्रफल रहेको जग्गा लगायत सम्पूर्ण लिगलगापात समेत।

३. ऋणीको नाम, थर : अम्बिका देवी आचार्य
ना.प्र.प.नं. :६७२०४२/२०६६२ (कैलाली), **ससुराको नाम** : भगिराम आचार्य, **पतिको नाम** : बिष्णु प्रसाद आचार्य, **ठेगाना** : टीकापुर न.पा.वडा.न ७ बैदी, कैलाली
व्यक्तिगत जमानतकर्ता : बिष्णु प्रसाद आचार्य
ना.प्र.प.नं. १४६/३६८१ (कैलाली), **बाजेको नाम** : कृष्णलाल आचार्य, **बाबुको नाम** : भगिराम आचार्य, **ठेगाना** : टीकापुर न.पा.वडा. न ७ बैदी, कैलाली
व्यक्तिगत जमानतकर्ता : सन्तोष रिजाल
ना.प्र.प.नं. ६५१०१८ (बर्दिया), **बाजेको नाम** : चन्द्र प्रसाद उपाध्याय, **बाबुको नाम** : चित्र प्रसाद उपाध्याय, **ठेगाना** : नेउलापुर-८ बर्दिया
लिलामहुने धितोको विवरण :
बिष्णु प्रसाद आचार्यको नाममा मालपोत कार्यालय टीकापुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको जिल्ला कैलाली, साविक नारायणपुर गा.वि.स. वडा न.९ (९(ख) स्थित: कि.नं. ७०१,७०६, र ७११ को क्षेत्रफल १६९३.२ व.मि क्षेत्रफल रहेको जग्गा लगायत सम्पूर्ण लिगलगापात समेत।

४. ऋणीको नाम, थर : ज्ञानेन्द्र बहादुर शाही
ना.प्र.प.नं. :१३९६ (कालीकोट), **बाजेको नाम** : कटक शाही, **बाबुको नाम** : कासी शाही, **ठेगाना** : लम्कीचुहा न.पा.वडा.न ०१ लम्की, कैलाली
व्यक्तिगत जमानतकर्ता : राधा शाही
ना.प्र.प.नं. ६५३०३०/३५२ (बर्दिया), **ससुराको नाम** : कासी शाही, **पतिको नाम** : ज्ञानेन्द्र बहादुर शाही, **ठेगाना** : लम्कीचुहा न.पा.वडा.न १ लम्की, कैलाली
लिलामहुने धितोको विवरण :
ज्ञानेन्द्र बहादुर शाहीको नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता रहेको कैलाली जिल्ला, साविक बलिया न.पा. वडा नं. ८ स्थित कित्ता नं. २७९० र ३०७१ क्षेत्रफल २२०.०८ र ९३.११ व.मि. र सो मा बनेको घर लगायत सम्पूर्ण लिगलगापात समेत।

५. ऋणीको नाम, थर : चक्र बहादु बिष्ट
ना.प्र.प.नं. :१२२०९ (कैलाली), **बाजेको नाम** : बिलै सिं बिष्ट , **बाबुको नाम** : देव बहादुर बिष्ट, **ठेगाना** : जानकी गा.पा.वडा.न.०२ खैरेनी, कैलाली
व्यक्तिगत जमानतकर्ता : रिता देवी बिष्ट
ना.प्र.प.नं. ५७१ (कैलाली), **ससुराको नाम** : देव बहादुर बिष्ट, **पतिको नाम** : चक्र बहादुर बिष्ट, **ठेगाना** : जानकी गा.पा.वडा.न.०२ खैरेनी, कैलाली
लिलामहुने धितोको विवरण :
चक्र बहादु बिष्टको नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता रहेको कैलाली जिल्ला, साविक मुनुवा र टिकापुर गा.वि.स. न.पा. वडा नं. २ र ९द स्थित कित्ता नं. ३४९,३५२,३५६,३५१,३५५ र १४५ क्षेत्रफल ४६९८.६२ ,४६९८.६२ ,३२८४.२६ ,४६९८.६२ ,३२८४.२६ र ४२० व.मि. सो मा बनेको घर १११९ वर्ग.फिट. लगायत सम्पूर्ण लिगलगापात समेत।

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरू :

१. बोलपत्र फारम संस्थाको केन्द्रीय कार्यालय लम्कीचुहा नगरपालिका-१,लम्की कैलालीबाट रु.१,०००।- (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्रदाताहरूको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिर पट्टि लिलाम बढाबढ मार्फत घर जग्गा वा खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।

२. गोप्य सिलबन्दी बोलपत्र यो सुचना प्रकाशित मितिले ३५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट संस्थाको केन्द्रीय कार्यालय, लम्कीचुहा-१, लम्की, कैलालीमा आइपुग्ने गरी कार्यालय समय (३:०० बजे) भित्र दाखिला गरी दर्ता गरी सक्नु पर्नेछ। म्याद नाघि आएका वा रित नपुगेका वा शर्त उल्लेख गरी दिएका बोलपत्र उपर कारबाही गरीने छैन।

३. आफुले खरिद गरी लिन चाहेको धितोमा रहेको चल-अचल सम्पत्ति के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक फरक व्यहोरा लेखिएको भए अक्षरमा लेखिएको व्यहोरालाई मान्यता दिईनेछ।

४. बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुन आउने रकम धरौटी वापत यस संस्थाको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस संस्थाको नाममा खिचिएको बैंक वा वित्तीय सस्थाको Good for payment गरिएको A/c payee cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।

५. बोलपत्रमा नेपाली नागरीक वा नेपालमा दर्ता भएको संगठित संथा, फर्म कम्पनी मात्र सहभागीहुनु पर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरीकता प्रमाणपत्रको प्रतिलिपी, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नम्बरको प्रतिलिपी, करचुक्ता आदी आवेदन साथ पेश गर्नु पर्नेछ।

६. पर्न आएका बोलपत्र यो सुचना प्रकाशित मितिले ३६ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) दिनको १:०० बजे यस सहकारी संस्थाको केन्द्रीय कार्यालय, लम्कीचुहा-१ लम्कीमा बोलपत्रदाता वा निजको प्रतिनिधी र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। सो दिन लिलाम बिक्री सम्बन्धि काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगतै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्वन्धी काम सम्पन्न गरीनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात् यस संस्थाले तोकेको मिति भित्र तोकिएको बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिला खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समय सीमा प्रदान गर्ने अधिकार यस सहकारी संस्थमा निहित रहनेछ। सम्पत्ति (घर जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शल्क तथा अन्य सम्पुर्ण खर्चहरू सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।

८. बोलपत्रमा पेश गरेको रकमले कर्जा चुक्ता नभएमा वा अत्यन्त न्युन रकमक वोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा ६ बमोजिम तथा यस संस्थाको कर्जा नीति निर्देशिका बमोजीम सो सम्पत्ति यस संस्था आफैले सकार गर्न वा पून.सूचना जारी गरी लिलामी प्रक्रीयामा जान सक्नेछ।

९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरीनेछ।

१०. धितोमा रहेको सम्पत्ती बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्वन्धी सम्पुर्ण अधिकार यस संस्थामा निहित रहनेछ।

११. सहकारी नियमावली २०७५ को दफा ३० को उपदफा १ को खण्ड (च) बमोजिम यस संस्थाका सन्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, उपसमितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले लिलाम बिक्रीमा भाग लिने उद्देश्यले बोलपत्र पेश गर्न पाउने छैनन्।

१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस सहकारी संस्थाको केन्द्रीय कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१३. अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पूनश्चः उल्लिखित ऋणी सदस्य (अख्तियार प्राप्त/व्यक्ति प्रोप्राइटर)/धितो जमानीकर्ता एंव धन जमानी दिनु हुने व्यक्तिहरू समेतले उक्त तोकिएको मिति भित्र यस सहकारी संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा व्याज तथा नियमानूसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पुर्ण रकम-कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तीको संरक्षण गर्नु हुन यसै सूचना द्वारा पून. जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकाले उक्त दिन स्वयम उपस्थित भई लिलामवाट कायम हुने धितो सम्पत्तीको मुल्य घटि वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाममा बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा यस संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त भएन वा कम मुल्यमा बिक्री भयो वा सहकारी संस्था आफैले सकार गरी लियो भनि कही कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

- **सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०३/२५ गते कार्यालय समय भित्र।**
- **सिलबन्दी बोलपत्र खोलिने मिति : २०८२/०३/२६गते।**
- **सिलबन्दी बोलपत्र खोलिने समय : दिनको १:०० बजे।**
- **सिलबन्दी बोलपत्र खोलिने स्थान : किसान बहुउद्देश्यीय सहकारी संस्थाको केन्द्रीय कार्यालय, लम्की, कैलाली।**

इतिहासमा आज जुन ५



सन् १९८४ : भारतकी प्रधानमन्त्री इन्दिरा गान्धीले शिख धर्मावलम्बीको सबैभन्दा पवित्रस्थल स्वर्ण मन्दिरमा सैन्य अप्रेसन (अपरेसन ब्लु स्टार) सञ्चालन गर्न निर्देशन दिइन्। मन्दिरमा लुकिबसेका सिख पृथकतावादी नेता जरनैल सिंह भिन्डारावाले लगायतलाई निकाल्न सो अभियान चलाइएको थियो। सोही अप्रेसनका कारण पछि गान्धीलाई उनका एक सिख अंगरक्षकले गोली हानी मारेका थिए।

सन् १७२३ : अर्थशास्त्रका जन्मदाता एडम स्मिथ आजकै दिन स्कटल्यान्डको कर्ककाल्डीमा जन्मिएका थिए।

सन् १८०६ : नेपोलियनको दबाबमा नेदरल्यान्डको गणतन्त्र अन्त्य भयो। उनका भाइ राजा बनाइए।

सन् १९०० : दोस्रो बोअर युद्धका क्रममा तत्कालीन ट्रान्सभालको राजधानी प्रिटोरियालाई बेलायती फौजले कब्जा गऱ्यो।

सन् १९३३ : अमेरिकी संसद्ले ऋणदाताले आफ्नो रकम सुनमा माग गरे तिर्नुपर्ने अधिकार खारेज गरेसँगै अमेरिकामा 'गोल्ड स्ट्यान्डर्ड' खारेज भयो।

सन् १९४७ : अमेरिकी विदेशमन्त्री जर्ज मार्सलले दोस्रो विश्वयुद्धमा ध्वस्तप्रायः पश्चिम युरोपेली मुलुकको पुनर्निर्माणका लागि अर्बौं डलरको 'मार्सल योजना'को रूपरेखा प्रस्तुत गरे।

सन् १९५९ : बेलायतबाट स्वतन्त्र भएपछि सिंगापुरमा भएको पहिलो आमनिर्वाचनमा पिपुल्स एक्सन पार्टीले बहुमत हासिल गरेपछि यसका नेता ली क्वान युले प्रधानमन्त्रीका रूपमा शपथ लिए।

सन् १९६७ : इजरायल र अरब देशहरू इजिप्ट, जोर्डन र सिरियाबिच ६ दिने युद्ध सुरु भयो। इजरायल विजयी भएको युद्धमा उसले ती देशका झन्डै ७० हजार वर्ग किमि क्षेत्रमाथि कब्जा जमाएको थियो।


सन् १९६८ : प्यालेस्टिनी नागरिक सिरहान सिरहानले अमेरिकी डेमोक्रेटिक पार्टीका राष्ट्रपतीय उम्मेदवार तथा पूर्वराष्ट्रपति जोन एफ केनेडीका भाइ रोबर्ट एफ केनेडीको गोली हानी हत्या गरे।

सन् १९७७ : वाङ्गारी माथाई नेतृत्वमा रहेको केन्याको राष्ट्रिय महिला परिषद् 'ग्रिनबेल्ट मुभमेन्ट सुरु गऱ्यो।

सन् १९८१ : अमेरिकाको 'सेन्टर फर डिजिज कन्ट्रोल'(सिडिसी)ले औपचारिक रूपमा लस एन्जल्स सहरका समलिंगीमा एड्स महामारी फैलिएको स्विकाऱ्यो।

सन् २०१३ : अमेरिकी गुप्तचर निकाय एनएसएका पूर्वकर्मचारी एड्वार्ड स्नोडेनले चुहाएका दस्ताबेजबाट पहिलो आलेख ब्रिटिस पत्रिका 'द गार्जियन'मा छापियो।

बंगलादेशद्वारा शेख मुजिबको स्वतन्त्रता सेनानीको मान्यता रद्द



ढाका/ बंगलादेशले आफ्नो देशलाई स्वतन्त्र बनाउन भएको क्रान्तिको नेतृत्व गरेका सेख मुजिबुर रहमानसहित सन् १९७० को चुनाव जित्ने चार सयभन्दा बढी राजनीतिज्ञको स्वतन्त्रता सेनानीको मान्यता रद्द गरेको छ। राष्ट्रिय स्वतन्त्रता सेनानी परिषद् (जामुका) अध्यादेशले यी नेताहरूको पहिचानलाई 'मुक्ति युद्धका सहयोगीहरू' भनेर परिभाषित गरेको बताए। मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले बंगबन्धु सेख मुजिबुर रहमानका अतिरिक्त सन् १९७१ को स्वतन्त्रता संग्रामको समयमा अस्थायी सरकारका राष्ट्रपति तथा प्रधानमन्त्री सैयद नजरुल इस्लाम र ताजुद्दिन अहमदको स्वतन्त्रता सेनानीको मान्यता पनि खारेज गरेको छ।

सरकारले मंगलबार राति जामुका ऐन संशोधन गर्ने अध्यादेश जारी गरी वीर स्वतन्त्रता सेनानीको नयाँ परिभाषा तोकेको छ। संशोधित अध्यादेशअनुसार निर्वासनमा रहेका मुजिबनगर सरकारका सदस्यहरू 'मुक्ति युद्धका सहयोगी' हुनेछन्। राष्ट्रपतिको आदेशमा कानुन मन्त्रालयको विधायी तथा संसदीय विभागले अध्यादेश जारी गरेको हो। अध्यादेशअनुसार मुक्ति युद्धका वेलाको निर्वासित सरकार मात्र नभएर मान्यता प्राप्त स्वतन्त्रता सेनानीका अन्य चार वर्गलाई पनि 'मुक्ति युद्धका सहयोगी' भनेर पहिचान गरिएको छ।

त्यस्तै, स्वतन्त्रता सेनानीका चार वर्ग छन्। पहिलो, विदेशमा मुक्तियुद्धमा विशेष योगदान दिएका र विश्व जनमतलाई आकार दिन सक्रिय भूमिका खेलेका बंगलादेशी पेसेवरहरू छन्। दोस्रो, मुक्ति युद्धका वेला गठित बंगलादेश सरकार (मुजिबनगर) अन्तर्गत अधिकारी, कर्मचारी, दूत र अन्य सहयोगीका रूपमा सेवा गर्नेहरू रहेका छन्। तेस्रो, स्वाधीन बंगला रेडियो स्टेसनका सबै कलाकार र प्राविधिक र स्वदेश र विदेशमा मुक्ति युद्धको समर्थनमा सेवा गर्ने सबै बंगलादेशी पत्रकार रहेका छन्। चौथो, स्वाधीन बंगला फुटबल टोली रहेको छ। राष्ट्रपिता बंगबन्धु शेख मुजिबुर रहमानको नेतृत्वमा सन् १९७१ मा पाकिस्तानविरुद्ध नौ महिनाको रक्तपातपूर्ण युद्धबाट बङ्गलादेशले स्वतन्त्रता प्राप्त गरेको थियो। भारतले बंगलादेशलाई स्वतन्त्रता प्राप्त गर्न सहयोग गरेको थियो।

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार २२ जेठ ०८२

■ दोधारा चाँदनी सुक्खा बन्दरगाह

रुख कटान कार्य ५९ प्रतिशत सकियो

असार दोस्रो साताभित्रै रुख कटान सकिने, असारसम्म निर्माण कार्य सुरु हुने

नयाँ पत्रिका

दोधारा चाँदनी एकीकृत जाँच चौकी/सुक्खा बन्दरगाह निर्माणका लागि परियोजना परिसरका रुख कटान कार्य ५९ प्रतिशत सकिएको छ। परियोजनास्थल कञ्चनपुरको दोधारा चाँदनी नगरपालिकामा रहेको राष्ट्रिय वनक्षेत्र उपयोगका लागि कटान गर्नुपर्ने एक हजार पाँच सय ९३ रुखमध्ये नौ हजार ४० वटा रुख कटान गरिएको हो।

बाँकी रुख कटान कार्य असार दोस्रो साताभित्र सम्पन्न हुने नेपाल इन्टरमोडेल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले बताए। त्यसपछि सुक्खा बन्दरगाह निर्माण कार्य अघि बढाइने उनले जानकारी दिए।

पुस २०८१ मा सम्झौता भएको थियो।

एकीकृत जाँच चौकी निर्माणका लागि संरक्षित क्षेत्रभित्रको राष्ट्रिय वनको रुख कटानका लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयले २४ माघ २०८१ मा अनुमति दिएको थियो। उक्त आदेश प्राप्त भएपछि समितिले १ फागुन २०८१ मा रुख कटानका लागि टेन्डर आह्वान गरेको थियो। प्रतिस्पर्धाबाट छनोट भएको कम्पनीले ८ वैशाख २०८२ देखि रुख कटान कार्य सुरु गरेको थियो। 'अहिलेसम्म ५९-६० प्रतिशत रुख कटान सकिएको छ, बाँकी रुख कटानको कार्य आगामी १५ दिनभित्र सम्पन्न हुनेछ' उनले भने, 'रुख कटान सकिएपछि निर्माण कार्य



दोधारा चाँदनी एकीकृत जाँच चौकी/सुक्खा बन्दरगाह नेपालको राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना हो। आयोजना निर्माणका लागि कञ्चनपुरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेको राष्ट्रिय वनक्षेत्रको ४२.३६ हेक्टर जग्गा प्रयोग गर्न र सो जग्गामा रहेका रुख र पोलहरू हटाउन २ असोज २०८१ मा मन्त्रिपरिषद्ले स्वीकृति दिएको थियो। उक्त निर्णय कार्यान्वयन गर्नका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र नेपाल इन्टरमोडेल यातायात विकास समितिबिच १३ अघि बढ्नेछ, हामी छिटोभन्दा छिटो यो बन्दरगाहको निर्माण सुरु गर्ने गरी काम गरिरहेका छौं।'

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण हुने यस परियोजनाका लागि नेपाल र भारतबिच १ जुन २०२३ मा समझदारी भएको थियो। आयोजनाको कुल लागत करिब तीन अर्ब ८० करोड रुपैयाँ रहेको छ। हाल भारतीय पक्षबाट निर्माण कम्पनी छनोट भइसकेको र चाँडै उक्त निर्माण कम्पनीसँग सम्झौतामा हस्ताक्षर हुने जानकारी प्राप्त कार्यकारी निर्देशक गजुरेलले बताए।

■ कोशी टप्पुमा हजार मेगावाटको सौर्य ऊर्जा र कृषि परियोजना

साढे ६३ अर्ब लगानी चाहिने २५ प्रतिशत स्वपुँजीमा संकलन गरिने

मिलन विश्वकर्मा/नयाँ पत्रिका





लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्याय भन्छन्-

कोशी टप्पुमा सोलार प्लान्टसहितको 'इन्टिग्रेटेड एग्रिभोल्टाइक' परियोजना बनाउने प्रस्ताव आएको छ। यो परियोजना हामीले स्विस च्यालेन्ज अवधारणाअनुसार अघि बढाउन खोजेका छौं। त्यसका लागि कार्यदल पनि गठन भइसकेको छ। कार्यदलले दिने प्रतिवेदनको आधारमा यो परियोजनाको निर्माण अघि बढ्छ।

लगानी बोर्डले 'स्विस च्यालेन्ज' मोडेलमा कम्पनी छनोट गरेर उदयपुरको वेलका नगरपालिकास्थित कोशी टप्पुमा 'इन्टिग्रेटेड एग्रिभोल्टाइक' परियोजना बनाउने भएको छ। 'इन्टिग्रेटेड एग्रिभोल्टाइक' एउटै भूभागमा एकैसाथ कृषि र सौर्य ऊर्जा उत्पादन गर्ने प्रविधि हो। सोही प्रविधिमा कोशी नदीले धार परिवर्तन गरेको करिब तीन हजार बिघा जमिनमा एक हजार मेगावाटको ब्याट्री स्टोरेज सोलार प्लान्ट र त्यससँगै कृषि उत्पादन गर्ने गरी 'इन्टिग्रेटेड एग्रिभोल्टाइक' परियोजना अघि बढाउन लागेको हो।

१३ जेठमा बसेको बोर्डको सञ्चालक समितिले यस परियोजनालाई स्विस च्यालेन्जका आधारमा प्रतिस्पर्धा गराई अगाडि बढाउने निर्णय गरिसकेको छ। सामान्यतः विकासकर्ताले आफैंले पहिचान गरेर परियोजना विकास निर्माण गर्न खोजेमा त्यसलाई 'स्विस च्यालेन्ज अवधारणा' भनिन्छ। त्यसका लागि बोर्डका प्राविधिकतर्फका सहसचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, कानुन मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, विद्युत् विकास विभागलगायतका निकायका प्रतिनिधि रहने गरी कार्यदल बनाइएको छ। कार्यदलले एक महिनामा आफ्नो प्रतिवेदन दिनेछ। अहिले बोर्डमा प्राविधिकतर्फ बाबुराज अधिकारी सहसचिव छन्।

बोर्डमा रिन्यु होल्डिङ नामक कम्पनीले उक्त ठाउँमा 'निर्माण, सञ्चालन, स्वामित्व र हस्तान्तरण' (बुट) मोडेलमा ब्याट्री स्टोरेज सोलार प्लान्टसहितको 'इन्टिग्रेटेड एग्रिभोल्टाइक' परियोजना बनाउने प्रस्ताव गरिसकेको छ।

बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले कोशी टप्पुमा सोलार प्लान्टसहितको 'इन्टिग्रेटेड एग्रिभोल्टाइक' परियोजना बनाउने प्रस्ताव आएको बताए। 'यो परियोजना हामीले स्विस च्यालेन्ज अवधारणाअनुसार अघि बढाउन खाजेका छौं। त्यसका लागि कार्यदल पनि गठन भइसकेको छ। कार्यदलले दिने प्रतिवेदनको आधारमा यो परियोजनाको निर्माण अघि बढ्छ,' उनले भने।

कम्पनीले डिसेम्बर ०२६ सम्म विद्युत् उत्पादन गर्ने प्रस्ताव पेस गरेको छ। अब बोर्डले कार्यदलले दिने अध्ययन प्रतिवेदनका आधारमा यसबारे उचित निर्णय गर्नेछ। सम्भवतः बोर्डले स्विस अवधारणामा कम्पनीलाई परियोजनाको सर्भेक्षण लाइसेन्स दिनेछ। सर्भेक्षण सकिएपछि बोर्ड र कम्पनीबिच परियोजना विकास सम्झौता हुनेछ। त्यसपछि कम्पनीले लगानी जुटाएर परियोजनाको निर्माण अवधि अघि बढाउनेछ। परियोजनाको निर्माण अवधि करिब आठ महिना हुने अनुमान गरिएको छ।

परियोजनामा विद्युत्को कुल जडित क्षमता एक हजार मेगावाट हुनेछ। सूर्यको विकिरण बढी हुने समय अर्थात् दिउँसो १२-१ बजे परियोजनाबाट सोबराबरको विद्युत् उत्पादन हुनेछ। अन्य समयमा भने विद्युत् उत्पादन कम हुनेछ। यद्यपि, बिहानदेखि बेलुकासम्म निर्वाध रूपमा न्यूनतम ४०० मेगावाट विद्युत् राष्ट्रिय ग्रिडमा उपलब्ध गराउने प्रस्ताव गरिएको छ। त्योबाहेक परियोजनाबाट उत्पादन भएको विद्युत् व्याट्रीमा स्टोरेज गरिनेछ। त्यसबाट राति पिकआवरमा न्यूनतम ४०० मेगावाट विद्युत् उत्पादन गरिनेछ। यसैगरी, त्यहाँ सोलार प्लानल तल प्याज, मोरिंगा, लसुन, अदुवा, बेसार, रोजमेरी, लेमनग्रास र तुलसीको खेती गर्ने प्रस्ताव गरिएको छ।

साढे ६३ अर्ब लगानी चाहिने, आठ महिनामै निर्माण सकिने परियोजनाको प्रारम्भिक लागत अनुमान ६३ अर्ब ५५ करोड ८६ लाख रुपैयाँ रहेको छ। त्यसमा ७५ प्रतिशत लगानी ऋणमार्फत जुटाइनेछ। २५ प्रतिशत लगानी भने स्वपुँजीको रूपमा जुटाउने प्रस्ताव गरिएको छ। कम्पनीले भविष्यमा ४० प्रतिशतसम्म लगानी विदेशीबाट पनि भित्र्याउन सकिने भन्दै वैकल्पिक प्रस्ताव पनि गरेको छ। परियोजनाको प्रतिफलदर भने ११.५९ प्रतिशत हुने अनुमान गरिएको छ। कम्पनीले ५० वर्षपछि उक्त परियोजना सरकारलाई निःशुल्क हस्तान्तरण गर्ने गरी प्रस्ताव पेस गरेको छ।

'कम्पनीले सकेसम्म छिटो लगानी स्वीकृति गरिदियोस् भन्ने चाहेको छ। ऊर्जातर्फ जलाशययुक्त परियोजनासरहलाई सुविधा दिन पनि माग गरेको छ। त्यहाँ अधिकांश सरकारी जग्गा छन्। यसैगरी, केही ऐलानी र निजी जग्गा पनि छन् जस्तो छ। जग्गा प्राप्तिमा पनि सहजीकरणको अपेक्षा गरेको छ,' प्रवक्ता उपाध्यायले भने, 'करमा पनि सहुलियत मागेको छ। यी यस्ता विषयमा अब कार्यदलले प्रतिवेदनकै आधारमा निर्णय गर्नेछ।'

कम्पनीका कार्यकारी निर्देशक रामकृष्ण खतिवडाले पनि परियोजना बनाउन बोर्डमा प्रस्ताव पेस गरेको जानकारी दिए। 'बोर्डले हाम्रो प्रस्तावभन्दा पनि त्यो परियोजनालाई केन्द्रित गरेर कार्यदल गठन गरेजस्तो लाग्छ। त्यसपछि हाम्रो प्रस्तावबारे पनि निर्णय हुनेछ होला। यसमा बोर्डले सहजीकरण नै गर्छ भन्नेमा विश्वस्त छौं,' उनले भने, 'सरकारले छिट्टै सरकारी प्रक्रिया पूरा गरिदिएको अवस्थामा २०८३ को हिउँदमा परियोजना सञ्चालनमा ल्याउने लक्ष्य छ। अहिले हिउँदमा पिकआवरमा विद्युत्को अभाव भइरहेको छ। आगामी वर्षको हिउँदमा नै यो परियोजना सञ्चालनमा ल्याउने लक्ष्य छ।' परियोजनाको निर्माण अवधि ६ देखि ८ महिना हुने उनले बताए। 'सरकारले लाइसेन्स दियो भने द्रुत गतिमा परियोजनाको डिपिआर र वातावरणीय प्रभाव मूल्यांकन पनि सक्काउँछौं। सरकारी प्रक्रिया पूरा भए पनि निर्माणमा समय लाग्दैन,' उनले भने, 'काम सुरु गरेको बढीमा आठ महिनामा परियोजना तयार हुन्छ।'

■ बाढीको जोखिम नहुने, डुबान रोकिने

यसअघि कोशी नदीआसपासको क्षेत्र भएका कारण त्यहाँ बाढीको जोखिम हुने आशंका पनि छ। तर, प्रारम्भिक अध्ययनले त्यहाँ बाढीको जोखिम नदेखिएको कम्पनीका कार्यकारी निर्देशक खतिवडाले बताए। 'परियोजनामा बाढीको जोखिम छैन। तर, डुबानको जोखिम भने हुन सक्छ। त्यसलाई रोक्न विशेष प्रकृतिका सिभिल संरचना निर्माण गर्नेछौं,' उनले भने, 'त्यसका लागि सिभिल संरचनामा निर्माणले हामीले आवश्यक लगानी गर्छौं।'

■ ब्याट्री स्टोरेज सोलारलाई जलाशयसरह पिपिए

यता सरकारले पनि ब्याट्री स्टोरेज सोलार प्लान्टसँग जलाशययुक्त जलविद्युत्सरह विद्युत् खरिद-बिक्री सम्झौता गर्ने नीति ल्याएको छ। गत १५ जेठमा सरकारले ल्याएको आगामी आवको बजेटमा यस्तो नीति ल्याइएको छ।

'सौर्य तथा वायु ऊर्जा ब्याट्रीमा सञ्चय गरी राष्ट्रिय प्रणालीमा आबद्ध गरेमा जलाशययुक्त आयोजनासरह विद्युत् खरिद सम्झौता गर्ने व्यवस्था मिलाइनेछ,' बजेटमा भनिएको छ।

हाल जलाशययुक्त आयोजनासँग हिउँदका लागि १२.४० रुपैयाँ र बर्खाका लागि ७.१० रुपैयाँ प्रतियुनिट पिपिए गरिन्छ। सोहीअनुसार ब्याट्री स्टोरेज सोलार र वायु ऊर्जासँग पिपिए गर्ने बजेटमा उल्लेख छ। अहिले घाम लागेको वेला मात्रै विद्युत् उत्पादन गर्ने सोलार प्लान्टसँग पिपिए गर्न प्रतियुनिट ५.९४ रुपैयाँको अधिकतम सीमा तोकिएको छ। तर, ब्याट्री स्टोरेज परियोजना बनाउन भने लागत उच्च लाग्ने गर्छ। कतिपय अवस्थामा जलाशययुक्त परियोजनाभन्दा ब्याट्री स्टोरेज परियोजना महँगो हुने गर्दछ। नेपालमा हिउँदको समयमा विद्युत्को अभाव हुने समस्या कायमै छ। त्यो अवस्थामा छोटो समयमै बनाउन सकिने ब्याट्री स्टोरेज परियोजना नेपालका लागि महत्त्वपूर्ण मानिन्छ। तर, विगतमा सरकारले यसलाई प्रोत्साहन गरेको थिएन। अहिले भने बजेटमार्फत यस्तो परियोजनामा लगानी प्रोत्साहन गर्न खोजिएको छ।

खर्च हुन नसकेका वित्तीय हस्तान्तरणका अनुदान फिर्ता गराउन अर्थको निर्देशन

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ मा खर्च हुन नसकी बाँकी रहेको वित्तीय हस्तान्तरणका अनुदान फिर्ता गर्न अर्थ मन्त्रालयले पत्राचार गरेको छ। प्रदेश र स्थानीय तहले वित्तीय हस्तान्तरण भएका सर्सर्त, समपुरक र विशेष अनुदान खर्च गर्न नसके सोही आर्थिक वर्षभित्र संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने कानुनी व्यवस्था छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, ०७६ को दफा २२ को उपदफा ३ मा संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण भएको रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी भएमा सम्बन्धित प्रदेश र स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ।

सोहीअनुसार २५ असारपछि स्थलगत अनुगमन



गरी अनुदानअन्तर्गतका आयोजनामा खर्च भएर बाँकी रहेको रकम सञ्चित कोषमा फिर्ता गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अर्थ मन्त्रालयले विशेष निर्देशन दिएको हो।

अर्थ मन्त्रालयका अनुसार चालू आवको फागुनसम्ममा प्रदेशमा ५१ अर्ब ७७ करोड हस्तान्तरण भएको छ भने स्थानीय तहमा एक खर्ब ८७ अर्ब ९९ करोड रुपैयाँ हस्तान्तरण भएको छ। प्रदेशमा वित्तीय समानीकरणतर्फ ३७ अर्ब ४९ करोड, सर्सर्ततर्फ नौ अर्ब ७३ करोड, समपूरकतर्फ दुई अर्ब ५६ करोड र विशेषतर्फ एक अर्ब ९९ करोड हस्तान्तरण भएको छ। स्थानीय तहमा समानीकरणतर्फ ५४ अर्ब ७० करोड, सर्सर्ततर्फ एक खर्ब २९ अर्ब ६५ करोड, समपूरकतर्फ एक अर्ब ५१ करोड र विशेषतर्फ दुई अर्ब १३ करोड हस्तान्तरण भएको छ।

यसअघि २२ वैशाखमा अर्थ मन्त्रालयले वित्तीय समानीकरण अनुदान हस्तान्तरणमार्फत प्रदेश र स्थानीय तहमा जाने चौथो त्रैमासिक किस्ताबापतको अनुदान रकम ४.३२ प्रतिशत विन्दुले कटौती गरी २०.६८ प्रतिशत मात्रै हस्तान्तरण गर्न परिपत्र गरेको थियो।

गण्डकीमा पुरानै कार्यक्रमको निरन्तरता

कास्कीमा रोहितराज पराजुली

चालू आर्थिक वर्षका अधिकांश कार्यक्रम र केही नयाँ समेट्दै गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले आगामी आर्थिक बर्षका लागि बुधबार प्रदेश सभा बैठकमा नीति तथा कार्यक्रम पेस गरेका छन्।

प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले तय गरेको रणनीतिबमोजिम उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारीका अवसर सिर्जना र आयात प्रतिस्थापन गर्न स्थानीय तह एवं निजी क्षेत्रसमेतको साझेदारीमा आत्मनिर्भर तथा समुन्नत अर्थतन्त्र निर्माणको आधार तयार गर्ने विषयलाई कार्यक्रममा प्राथमिकता दिइएको छ।

प्रदेश सरकारले गण्डकीका १० स्थानलाई विश्वसम्पदा सूचीमा सूचिकृतका लागि पहल गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ। गोरखा दरबार, मनकामना मन्दिर, लिगलिगेकोट दरबार, क्होलासोथर, लमजुङ दरबार, विन्ध्यवासिनी



मन्दिर, लोमाङथाङ दरबार, मुक्तिनाथ मन्दिर, बागलुङ कालिका मन्दिर, पुर्कोट कालिकालगायतलाई विश्वसम्पदा सूचीमा सूचिकृत गर्नका लागि पहल गर्ने नीति गण्डकी सरकारले लिएको छ। पहिले घरदेश अनि परदेश कार्यक्रम, आरोग्य पर्यटन हबको पमा प्रदेशलाई विकास गर्ने, कैलाश मानसरोवर यात्राका लागि कोरला नाका प्रयोगका लागि पहललगायतका कार्यक्रमहरू समाबेश छन्। इन्भेष्ट गण्डकी कार्यक्रममार्फत लगानी सम्मेलन गर्ने, तनहुँ तथा कास्कीको पुँडीटारमा औद्योगिक क्षेत्रको रूपमा विकास गर्ने, मेरो प्रदेश : मेरो दायित्व कार्यक्रम सञ्चालन गर्नेलगायतका आर्थिक कार्यक्रम प्रदेश सरकारले सञ्चालन गर्ने उनले बताए।

निष्क्रिय सहकारी खारेज गर्ने, कृषि एम्बुलेन्स सञ्चालन, पहाडी क्षेत्रमा काष्ठफल तथा फलफूल विकास आयोजना १० जिल्लाका ३४ बटा स्थानीय तहमा लागू गर्ने, एक सामुदायिक वन एक पोखरी निर्माण गर्ने कार्यक्रमहरू पनि समावेश गरिएका छन्। उज्यालो गण्डकी प्रदेश अभियान सम्पन्न गरी विद्युत् सेवालाई भरपर्दो र नियमित बनाउने, विद्युतीय चुल्हो तथा विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रोत्साहन गर्ने, राष्ट्रिय प्रसारणलाइन नपुगेको दुर्गम स्थानमा सामुदायिक लघु जलविद्युत् आयोजनाको निर्माण एवं मर्मतसम्भार कार्यलाई निरन्तरता दिने उनले बताए।

सुखारी कर्णालीवासीको मार्गचित्र प्रस्तुत



सुर्खेतमा रमेश रावल

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रम सुदूरपश्चिम प्रदेशका प्रमुख नजिर मियाँले प्रस्तुत गरेका छन्। कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशी उपचारका लागि अमेरिका रहेका कारण कर्णाली प्रदेशका प्रमुख मियाँले नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन्। रोजगारी सिर्जना र गरिबी निवारण गरी समृद्ध कर्णाली : सुखारी कर्णालीवासीको दीर्घकालीन परिकल्पना कार्यान्वयन गर्ने मार्गचित्रको रूपमा नीति तथा कार्यक्रममा प्रस्तुत गरिएको प्रमुख मियाँले बताए। चालू तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै पुँजीगत खर्चमा वृद्धि गर्ने उनले बताए।

त्यस्तै, तहगत सरकारको सहकार्यमा भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने लक्ष्य राखिएको छ। उनले सडक, सडक पुल र झोलुङे पुललगायतका पूर्वाधारका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको बताए। भूमिको प्रकृतिअनुसार वर्गीकरण तथा भूउपयोग योजनाअनुरूप कृषियोग्य भूमिको दिगो व्यवस्थापनमार्फत उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिएको उनले बताए। प्रादेशिक लोकमार्ग तथा प्रादेशिक सडकहरूको प्राथमिकता निर्धारण गरी कार्यान्वयन गरिने प्रदेश प्रमुख मियाँले बताए। 'आधा घण्टाको हिँडाइ/फेरोभित्र पहुँच पुऱ्याउन झोलुङ्गे पुल निर्माण गरी यसै आर्थिक वर्षभित्र प्रदेशबाट पूर्ण रूपमा तुइन विस्थापन गरिनेछ,' उनले भने, 'प्रादेशिक लोकमार्ग र प्रादेशिक सडकमा पर्ने सडक पुल निर्माण कार्यलाई निरन्तरता दिई सर्वयामसवारी साधन सञ्चालिन हुने व्यवस्था मिलाइनेछ।'

प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गरिने र सुर्खेत मेडिकल कलेज स्थापना गर्न सङ्घीय सरकारसँग पहल गरिने मियाँले बताए। कर्णाली प्रदेशका सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउन अभियान सञ्चालन गरिने तथा एकीकृत विद्यालय स्वास्थ्य कार्यक्रम लागू गरिने मियाँले बताए।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, हेटौंडा

बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

प्रकाशित मिति: २०८२/०२/२२

यस कार्यालयबाट प्रकाशित Construction of Transport Infrastructure Projects within Bagmati Province का लागि बोलपत्रको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका तपसिल बमोजिमको बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) प्रयोजनार्थ बोलपत्रहरू स्वीकृति सम्बन्धि आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S. N.	Contract Id	Name of Bidder	Bid Price with VAT & PS
1	LIDPO/Htd/W/NCB/132/081-82	M/S D Gautam Nirman Sewa, Lisankhu Pakhar-4, Sindhupalchowk	1,62,34,934.87
2	LIDPO/Htd/W/NCB/133/081-82	M/S Jagdamba Nirman Company Pvt.Ltd, Kathmandu-34	3,08,17,616.51
3	LIDPO/Htd/W/NCB/138/081-82	M/S Shuvalaxmi - Yangji Joint Venture, Tarakeshwor-02, Kathmandu	3,45,53,774.71
4	LIDPO/Htd/W/NCB/145/081-82	M/S Gufadevi Construction and Suppliers (P) Ltd., Suryagadhi-03, Nuwakot	73,13,237.11
5	LIDPO/Htd/W/NCB/146/081-82	M/S Natyashwori Nirman Shewa, Nuwakot	1,20,29,653.68
6	LIDPO/Htd/W/NCB/147/081-82	M/S AGNIDHWOJ BUILDERS PVT LTD, Madi-03, Chitwan	29,23,178.00
7	LIDPO/Htd/W/NCB/148/081-82	M/S Three Es Construction pvt ltd, Nagarjun-04, Kathmandu	75,66,033.22

■ धनगढीमा लगानी तथा विकास पूर्वतयारी सम्मेलन

विकासका मुद्दामा एकजुट हुने प्रतिबद्धता

धनगढीमा तेजराज भट्ट

सुदूरपश्चिम प्रदेश सरकारले बुधबार धनगढीमा लगानी तथा विकास पूर्वसम्मेलन गरेको छ। सम्मेलनमा परराष्ट्रमन्त्री आरजु राणा देउवाले सुदूरपश्चिम लगानीका लागि उपयुक्त क्षेत्र भएको बताइन्। कार्यक्रममा उनले सरकारले लगानीको वातावरण तयार गर्न नीति परिमार्जन गरिरहेका बताइन्। 'सरकारले बिस्तारै काम गरेजस्तो लाग्ला, ढिलासुस्ती भएजस्तो लाग्ला। दुई प्रमुख दल एक ठाउँमा आएर काम गर्न त्यति सजिलो छैन,' उनले भनिन्, 'तर दुईटै दलको नेतामा यो देशलाई डोऱ्याउँछौं भन्ने प्रतिबद्धता छ। त्यसले एउटा वातावरण बनेको छ।'



कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सुदूरपश्चिमको विकासका लागि साझा प्रयास आवश्यक रहेको बताए। सुदूरपश्चिममा पर्याप्त मात्रामा उद्योगमा लगानीको खाँचो रहेको र लगानी हुन नसक्दा युवाहरू बेरोजगार भएर बस्नुपरेको उनले बताए। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिममा लगानी गर्न सरकार, दातृ निकाय र निजी क्षेत्रलाई आग्रह गरे। लगानी सम्मेलनमा सरकार मात्र नभई सुदूरपश्चिमका जनता पनि लगानी भित्रिने आशामा बसेका उनले बताए।

'संघीयताको सार्थक कार्यान्वयनको यात्रा प्रदेशबाट सुरु हुन्छ भन्ने हाम्रो विश्वास छ, यही विश्वासका साथ हामी लगानी तथा विकास सम्मेलनलाई सिर्जनशील रूपमा लगानी प्रवर्द्धन, दीर्घकालीन साझेदारी र दिगो विकासको नयाँ युगतर्फको यात्रा तय गर्ने अठोटका साथ प्रस्तुत भएका छौं,' मुख्यमन्त्री शाहले भने।

एभरेष्ट बैंकले ल्यायो इबिएल भर्चुअल क्रेडिट कार्ड



काठमाडौं/ एभरेष्ट बैंकले 'इबिएल भर्चुअल क्रेडिट कार्ड' सेवाको सुरुवात गरेको छ। डिजिटल भुक्तानीलाई सहज बनाउन ल्याइएको यो क्रेडिट कार्ड मोबाइल बैंकिङ एप्लिकेसनमार्फत प्रयोग गर्न सकिनेछ।

बैंकका ग्राहकले न्यूनतम जारी गरिएको मापदण्ड प्रयोग गरी उक्त सेवा लिन सक्नेछन्। सो सेवामार्फत न्यूनतम ५० हजारदेखि अधिकतम पाँच लाखसम्मको भर्चुअल क्रेडिट सीमा प्रयोग गरी फोन पे, क्युआर स्क्यान गरेर वस्तु तथा सेवाको भुक्तानी, अनलाइन ट्रान्जेक्सन तथा कार्ड व्यवस्थापन कार्य सजिलै गर्न सक्ने बैंकले जनाएको छ। यस सेवाअन्तर्गत ग्राहकले आफूले प्रयोग गरेको क्रेडिट सुविधा ४५ दिनसम्म उपभोग गर्न सक्नेछन्। साथै, ग्राहकको चाहनाअनुसार कुल बक्यौता रकमको न्यूनतम १० प्रतिशतदेखि शतप्रतिशत भुक्तानी गर्न सक्ने सुविधा प्रदान गरिने बैंकको भनाइ छ।

रामजानकी विद्यालयलाई एसबिआई बैंकले दियो स्मार्ट बोर्ड र खेलकुद सामग्री




काठमाडौं/ नेपाल एसबिआई बैंकले शैक्षिक सामग्री प्रदान गरेको छ। बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत लुम्बिनी सांस्कृतिक नगरपालिका-४, मनौरा, रुपन्देहीस्थित रामजानकी अधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि स्मार्ट बोर्ड तथा खेलकुद सामग्री प्रदान गरेको हो।

बैंकका लुम्बिनी प्रदेश प्रमुख शिव दाहालले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकलाई एक कार्यक्रमबिच ती सामग्री हस्तान्तरण गरेका थिए। सो कार्यक्रममा बैंक तथा स्कुल समितिका अन्य उच्च पदाधिकारी र शिक्षकसमेतको उपस्थिति रहेको थियो। बैंकले शिक्षा क्षेत्रमा यस किसिमको कार्यक्रम समय-समयमा गर्दै आइरहेको छ।

एसबिआई बैंकले देशभर फैलिएका सय शाखा, २२ एक्सटेन्सन काउन्टर, १९ शाखारहित बैंकिङ कार्यालय, सात प्रादेशिक कार्यालय, एक सय २५ एटिएमबाट सेवा दिँदै आएको छ।

एनसेलको 'लिग अफ क्रिएटर्स' अभियान सुरु



काठमाडौं/ एनसेलले अपट्रेन्डलीसँगको सहकार्यमा 'लिग अफ क्रिएटर्स' अभियान सुरु गरेको छ। यो अभियानले देशभरका प्रतिभाशाली डिजिटल सामग्री निर्माताको पहिचान र सशक्तीकरण गर्ने लक्ष्य लिएको छ। 'क्रिएट, कम्पिट, कन्क्वेर' नारासहित सुरु भएको यस प्रतियोगिताले डिजिटल कन्टेन्ट क्रिएटर्स बन्न चाहनेलाई 'माई नेटवर्क, माई कनेक्टिभिटी' विषयवस्तुमा आधारित रही आफ्ना सामग्री प्रस्तुत गर्न प्लाटफर्म दिने एनसेलले जनाएको छ।

'यो केवल प्रतियोगिता मात्र होइन, यो एक सिर्जनात्मक विकास यात्रा हो, जसमा मेन्टरसिप, कार्यशाला, वास्तविक अनुभव लिँदै सिक्ने मौका, चुनौतीपूर्ण चरण र रोमाञ्चक पुरस्कार रहेका छन्। अभियानमार्फत हामी नयाँ पुस्ताका नेपाली डिजिटल सामग्री निर्मातालाई सिक्ने, अघि बढ्ने र प्रभावशाली सामग्रीमार्फत परिवर्तन ल्याउन प्रेरणा दिँदै सशक्त बनाउने प्लाटफर्म दिन चाहन्छौँ,' एनसेलकी मार्केटिङ कम्युनिकेसन तथा सस्टेनेबिलिटी निर्देशक पुनम सिंहले भनिन्।

प्रतियोगिताका लागि जेठ १८ देखि दर्ता खुला भइसकेको छ, जसमा १६ वर्षमाथिका नेपाली डिजिटल सामग्री निर्माताले सहभागिता जनाउन सक्नेछन्। सहभागीले आफ्नो नेटवर्क र कनेक्टिभिटीप्रतिको व्यक्तिगत वा भावनात्मक बुझाइ झल्किने ३० देखि ९० सेकेन्डको भर्टिकल भिडियो तयार गरी टिकटक र इन्स्टाग्राम दुवैमा पोस्ट गर्नुपर्नेछ।

देशभरिबाट प्राप्त हुने भिडियोबाट उत्कृष्ट ५० जना क्रिएटर्सलाई मेन्टरले छान्नेछन्, जसले विशेष प्रशिक्षण र मेन्टरसिप प्राप्त गर्नेछन्। 'लिग अफ क्रिएटर्स'को ग्रान्ड फिनाले असार १४ मा गरिनेछ। मुख्य विजेताले एनसेलसँग १० लाख रुपैयाँबराबरको एक वर्षका लागि ब्रान्ड डिल प्राप्त गर्ने एनसेलले जनाएको छ।

नबिल बैंकलाई 'द बैंकर्स टेक्नोलोजी अवार्ड'

काठमाडौं/ नबिल बैंकलाई एसिया-प्रशान्त क्षेत्रका लागि 'द बैंकर्स टेक्नोलोजी अवार्ड २०२५' प्रदान गरिएको छ। बैंकिङ क्षेत्रमा नवप्रवर्तन, डिजिटल चुस्तता र नेतृत्व क्षमताका आधारमा दिइने यो पुरस्कार अन्तर्राष्ट्रिय बैंकिङ क्षेत्रमा प्रतिष्ठित मानिन्छ। विश्वप्रसिद्ध फाइनान्सियल टाइम्स समूहअन्तर्गतको द बैंकर्सले प्रदान गर्ने यो अवार्ड बैंकले अपनाएको प्रविधिमैत्री सोच, दृष्टिकोण र ग्राहकको अनुभवमा ल्याएको डिजिटल क्रान्तिमा गरेको कामको मूल्यांकनका आधारमा प्रदान गरिएको नबिल बैंकका कामु प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले बताए।
बैंकले प्रविधिलाई प्राथमिकतामा राखेको बताउँदै उनले भने, 'नबिलले बैंकिङ क्षेत्रमा प्रविधिको प्रयोग गर्दै नयाँ आयाम थप्दै सेवाग्राहीलाई सुविधासम्पन्न सेवा दिँदै आएको छ। कागजी प्रक्रियालाई हटाउँदै, डिजिटल माध्यममार्फत सहज, छरितो र पारदर्शी सेवा दिने बैंकको प्रयासलाई उक्त अवार्ड प्रदान गरिएको हो।
'प्रविधिलाई नवप्रवर्तनको शक्ति मानेर हामीले रूपान्तरणमा केन्द्रित रणनीति अपनाएका छौँ, आर्टिफिसियल इन्टेलिजेन्स, डाटा एनालिटिक्स र एनबैंक एपमार्फत ग्राहकअनुकूल सेवा प्रवाहमा सुधार गरिरहेका छौँ,'ज्ञवालीले भने। यस अवार्डले बैंकलाई अझ चुस्त र प्रविधि केन्द्रित सेवा प्रदान गर्न प्रेरित गरेको उनको भनाइ छ।

धितोमा रहेको चल/अचल सम्पति बोलपत्र मार्फत लिलाम विक्री गरिने १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०२/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको सावाँ ब्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बेवास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ऋणको सावाँ ब्याज चुक्ता/भुक्तान गर्ने तथा ३५ दिने धितो लिलाम सम्बन्धि सार्वजनिक सुचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्दा समेत कर्जाको साँवा ब्याज भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पूर्ण शर्त/बन्देज तथा सम्झौताहरू उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि यो **पुनः १५ (पन्ध्र) दिने लिलाम सम्बन्धि सूचना** प्रकाशित गरिएको छ। धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य सघं संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपुर्वक बोलपत्र फारम भरि **यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको कर्जा असुलि विभागमा** आइपुग्ने गरी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित ऋण असुली नियमावली २०८१ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : श्री तारा देवी विश्वकर्मा

पति : बालकृष्ण विश्वकर्मा
ससुरा : देवीराम विश्वकर्मा
ना.प्र.नं. : ३६/३००३९
जारी मिति : २०४६/०१/१३ (नवलपरासी)
ठेगाना : नवलपरासी जिल्ला साबिक गैडाकोट गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १६ बस्ने।

व्यक्तिगत धनजमानिकर्ता : श्री बालकृष्ण विश्वकर्मा

बाबु : देवीराम विश्वकर्मा
बाजे : नन्दराम विश्वकर्मा
ना.प्र.नं. : ३८८७९
जारी मिति : २०४१/०१/१८ (नवलपरासी)
ठेगाना : नवलपरासी जिल्ला साबिक गैडाकोट गा.वि.स वडा नं. १ स्थायी ठेगाना भएका।

व्यक्तिगत धनजमानिकर्ता : श्री श्याम गौतम

बाबु : बालकृष्ण गौतम
बाजे : देवीराम विश्वकर्मा
ना.प्र.नं. : ३६-२००५/२५३
जारी मिति : २०६५/०४/०५ (नवलपरासी)
ठेगाना : नवलपरासी जिल्ला साबिक गैडाकोट गा.वि.स.वडा नं. १ स्थायी ठेगाना भएका।

धितोको विवरण
❖ तारा देवि विश्वकर्माको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा.(डिल्लीबजार) वडा नं. १६ सिट नं. १०२०९८२२५ स्थित कित्ता नं. ७१८ र ७१५ को क्षेत्रफल कमश १८.५८ ब.मी. र १७.५३ ब.मी.को पुरा जग्गा साथै सिट नं. १०२०९८२२४ स्थित कित्ता नं. १४४ को क्षेत्रफल ९३.९८ ब.मी. गरी जम्मा क्षेत्रफल १३०.०९ वर्ग मिटरको पुरा जग्गा र उक्त जग्गामा बनेको घर सहित सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरू
१. लिलाम विक्री सम्बन्धि शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवाकेन्द्र कार्यालयहरू बाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ।
२. लिलाम विक्री सम्बन्धि सम्पूर्ण शर्त/बन्देजहरू बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ।
३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्बन्धि सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
४. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धि विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौ वा सेवाकेन्द्र कार्यालयहरूमा सम्पर्क राख्न सकिनेछ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउसो ठिक १:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौमा उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ।
६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पूर्ण शर्त लागु हुनेछ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ।

पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ती लिलाम विक्री गर्दा वा संस्थाले आफै सकार गर्दा साबिकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भयो वा उक्त सम्पत्तीको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम विक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	**बोलपत्र खोलिने मिति, समय र स्थान**
२०८२/०३/०५ गते कार्यालय समय सम्म	२०८२/०३/०६ गते शुक्रबार केन्द्रिय कार्यालय, कान्तिपथ काठमाडौ, दिउँसो १ बजे

नेपाल सरकार साबिक डिभिजन सहकारी कार्यालय हाल: सहकारी विभागबाट इजाजत प्राप्त संस्था

IME Co-operative Service Ltd.
आईएमई को-अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601, 5339602
info@imecsl.com
www.imecsl.com
Biratnagar : 021-524540
Nepalgunj: 081550708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-528864
Ghorahi : 082-561717
Newroad : 01-4251581
Lahan : 033-562184
Gongabu : 01-4364761
Butwal : 071-546585

मञ्जुश्री फाइनान्स एनपिएस-एनसिएस र नेपाल पे कार्डमा आबद्ध



काठमाडौं/ मञ्जुश्री फाइनान्स र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बिच नेपाल पेमेन्ट स्विच (एनपिएस) र नेसनल कार्ड स्विच (एनसिएस) डोमेस्टिक कार्ड स्किम नेपाल पेको प्रिसिन्पल मेम्बरसिपका लागि सम्झौता भएको छ। सम्झौतापत्रमा फाइनान्सका नायब प्रमुख कार्यकारी अधिकृत पदम ठकुल्ला र एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन्।

एनसिएचएलले हालै एनपिएस-एनसिएस पूर्वाधारको तयारी पूरा भएको घोषणा गरेको छ। बैंक, वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड जारी र प्राप्तिका लागि आफ्नो स्विच एकीकृत गर्न आग्रह गरेको थियो। त्यससँगै बैंक, वित्तीय संस्था नेपाल पेमा आबद्ध भइरहेका छन्। पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् मञ्जुश्री फाइनान्सका ग्राहकले कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछन्।

प्रोग्रेसिभ फाइनान्स एनपिएस-एनसिएस र नेपाल पे कार्डमा आबद्ध

काठमाडौं/ प्रोग्रेसिभ फाइनान्स र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बिच नेपाल पेमेन्ट स्विच (एनपिएस) र नेसनल कार्ड स्विच (एनसिएस) डोमेस्टिक कार्ड स्किम नेपाल पेको प्रिसिन्पल मेम्बरसिपका लागि सम्झौता भएको छ। सम्झौतापत्रमा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत अनिल श्रेष्ठ र एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन्।



एनसिएचएलले हालै एनपिएस-एनसिएस पूर्वाधारको तयारी पूरा भएको घोषणा गरेको छ। बैंक, वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड जारी र प्राप्तिका लागि आफ्नो स्विच एकीकृत गर्न आग्रह गरेको थियो। त्यससँगै बैंक, वित्तीय संस्था नेपाल पेमा आबद्ध भइरहेका छन्। पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् प्रोग्रेसिभ फाइनान्सका ग्राहकले कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछन्। एनपिएस-एनसिएसलाई विभिन्न कार्ड स्विचबिच अन्तरआबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारको राउटिङ र सेटलमेन्टका लागि सेन्ट्रल कार्ड स्विचका रूपमा स्थापना गरिन लागेको एनसिएचएलले जनाएको छ।

उक्त प्रणालीको पूर्ण कार्यान्वयनपश्चात् डोमेस्टिक कार्ड कारोबारको लागत घटाउने, डेटा लोकलाइजेसन सुनिश्चित गर्ने र डिजिटल इकोसिस्टममा नवीनतम उपकरणको विकास तथा प्रवर्द्धन हुने अपेक्षा गरिएको छ। एनसिएचएलले ५४ भन्दा बढी बैंक तथा वित्तीय संस्था, पिएसओ, पिएसपी र सयभन्दा बढी गैरबैंकिङ सदस्यलाई विभिन्न राष्ट्रिय भुक्तानी प्रणाली सञ्चालन गरी सेवा प्रदान गर्दै आएको छ।

केन्याका राजदूत मुन्यिरीद्वारा ओहोदाको प्रमाणपत्र प्रस्तुत




काठमाडौं/ केन्याका राजदूत पिटर मैना मुन्यिरीले सोमबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गरेका छन्। नेपालका लागि गणतन्त्र केन्याका अवैतनिक वाणिज्यदूत चन्द्र टन्डनको उपस्थितिमा मुन्यिरीले ओहोदाको प्रमाणपत्र प्रस्तुत गरेका हुन्।

सोही दिन मुन्यिरीले कमलादीस्थित सिटी एक्सप्रेस कम्प्लेक्समा रहेको केन्याको अवैतनिक दूतावास कार्यालयको उद्घाटन पनि गरे।

मुन्यिरीको अध्यक्षतामा भएको एक कार्यक्रममा दुवै देशबिच व्यापार प्रवर्द्धनका साथै सांस्कृतिक तथा अन्य विविध क्षेत्रमा सहकार्य गर्ने प्रतिबद्धता जनाइएको छ। नेपालका लागि गणतन्त्र केन्याका अवैतनिक वाणिज्यदूत टन्डन सिटी एक्सप्रेस मनी ट्रान्सफरका संस्थापकसमेत हुन्।

सिटिजन्स बैंक र लाइफ क्वेस्ट क्लिनिकल ल्याबबिच सम्झौता



काठमाडौं/ सिटिजन्स बैंक र पानीपोखरी, काठमाडौंस्थित लाइफ क्वेस्ट क्लिनिक ल्याबबिच छुटसम्बन्धी सम्झौता भएको छ। सम्झौताअनुसार बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले उक्त क्लिनिकमा २० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

रोल्पाको घर्तीगाउँ स्वास्थ्य चौकीलाई ज्योति विकासले दियो बेबी वार्मर



काठमाडौं/ ज्योति विकास बैंकले रोल्पाको घर्तीगाउँ स्वास्थ्य चौकीलाई बेबी वार्मर उपकरण सहयोग गरेको छ। बैंकले नवजात शिशुको शारीरिक तापक्रमलाई सन्तुलनमा राख्न र हाइपोथर्मिया (अल्पताप)को जोखिमबाट जोगाउन आवश्यक बेबी वार्मर (न्यानो नानी) मेसिन प्रदान गरेको जनाएको छ। यसका साथै बैंकले स्याङ्जाको अर्जुनचौपारी र गुल्मीको पूर्तिघाटस्थित स्वाथ्य चौकीमा पनि सो उपकरण प्रदान गरेको छ। दुर्गम क्षेत्रमा सुरक्षित प्रसूति सेवाको आवश्यकतालाई मध्यनजर गर्दै बैंकले आफ्ना शाखा नभएका स्थानमा पनि बेबी वार्मर प्रदान गरेको जनाएको छ।

बैंकले छुट्टाछुट्टै कार्यक्रम गरी बैंकका मार्केटिङ, ब्रान्डिङ तथा डिपोजिट सेल्स विभाग प्रमुख कुशलजंग अधिकारीले ती स्वास्थ्य चौकीका पदाधिकारीलाई बेबी वार्मर हस्तान्तरण गरे। साथै, अस्पतालका डाक्टर, नर्सलगायत सम्बन्धित कर्मचारीलाई विज्ञमार्फत बेबी वार्मर सञ्चालनसम्बन्धी विशेष तालिम पनि प्रदान गरिएको थियो।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्थापित 'हाम्रो विकास प्रवर्द्धन कोष'मार्फत यी तीनसहित हालसम्म देशभर ६२ वटा बेबी वार्मर मेसिन प्रदान गरिसकेको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मिति: २०८२/०२/२२

यस बैंकको शाखा कार्यालय, नेपालगञ्ज, बाँकेबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋण कर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना
श्री होमनाथ अर्यालकी नातिनी, श्री दुर्गा प्रसाद अर्यालकी छोरी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला कावासोती गा.पा. वडा नं. ०७ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, बाँके जिल्ला नेपालगंज उप.म.न.पा. वडा नं. ४ बस्ने वर्ष ४५ की सुश्री **पार्वती अर्याल** (ना.प्र. नं.२४५९२, जारी मिति बि.सं. २०५८-१०-०९, जि.प्र.का. नवलपरासी)

जमानीकर्ताको नाम र ठेगाना
श्री होमनाथ अर्यालकी नातिनी, श्री दुर्गा प्रसाद अर्यालकी छोरी, लुम्बिनी प्रदेश, नवलपरासी जिल्ला कावासोती गा.पा. वडा नं. ०७ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ४ बस्ने वर्ष ३५ की सुश्री **सुनिता अर्याल** (ना.प्र. नं.३६ २०१६/१०६२, जारी मिति बि.सं. २०६७/७/९, जि.प्र.का. नवलपरासी)

२. ऋणीको नाम र ठेगाना
ऋणीको नाम : **श्री जनप्रिय कन्स्ट्रक्सन कम्पनी प्रा.ली.**
रजिष्टर्ड ठेगाना : हाल कोहलपुर-९, बाँके (साविक खलङ्गा-२, सल्यान)
रजिष्ट्रेसन नं. : ६५६००/०६६/०६७ (नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय)
दर्ता मिति : २०६६/०५/१४
पान नं. : ३०३७७६४३

कम्पनीको संचालक र जमानीकर्ताहरुको नाम र ठेगाना
१. श्री केशर बुढाको नाति, श्री जीतु बहादुर मतवालाको छोरा, श्री निर्मला बुढाथोकीको पति, कर्णाली प्रदेश, सल्यान जिल्ला, वामे गा.वि.स. वडा नं. ९ स्थाई ठेगाना भई हाल लुम्बिनी प्रदेश, बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ०९ बस्ने वर्ष ४३ को श्री **पदम बहादुर बुढाथोकी** (ना.प्र. नं. १०१२५, जारी मिति बि.सं. २०५७/०६/१०, जि.प्र.का. सल्यान)
२. श्री जीतु बुढाकी बुहारी, श्री चित्र बहादुर रानाकी छोरी, श्री कर्ण बहादुर बुढाथोकीकी पत्नी, कर्णाली प्रदेश, सल्यान जिल्ला, मुलखोला गा.पा वडा नं. १ स्थाई ठेगाना भई हाल कर्णाली प्रदेश, सल्यान जिल्ला, बनगाड कुपिन्डे न.पा. वडा नं. ३ बस्ने वर्ष ५४ को श्रीमती **टिकी रानी बुढाथोकी** (ना.प्र. नं. १२९४/७८५, जारी मिति बि.सं. २०४५/०१/२९, जि.प्र.का.सल्यान)
३. श्री शंकर बुढाको नाति, श्री धने बुढाको छोरा, श्रीमती रेखा श्रेष्ठको पति कर्णाली प्रदेश, सल्यान जिल्ला, स्वीकोट गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल कर्णाली प्रदेश, सल्यान जिल्ला, बनगाड कुपिन्डे न.पा. वडा नं. १ बस्ने वर्ष ५२ को श्री **तिलक बहादुर बुढा** (ना.प्र. नं. २२१, जारी मिति बि.सं. २०५४/०५/१७, जि.प्र.का.सल्यान)

जमानीकर्ताहरुको नाम र ठेगाना
१. श्री धने बुढाकी बुहारी, श्री नारायण पसाद श्रेष्ठकी छोरी, श्री तिलक बहादुर बुढाकी पत्नी, लुम्बिनी प्रदेश, बाँके जिल्ला, नेपालगंज उ.म.न.पा वडा नं. ८ स्थाई ठेगाना भई हाल कर्णाली प्रदेश, सल्यान जिल्ला, बनगाड कुपिन्डे न.पा. वडा नं. १ बस्ने वर्ष ५१ को श्रीमती **रेखा श्रेष्ठ** (ना.प्र. नं. २९१, जारी मिति बि.सं. २०५१/१०/१७, जि.प्र.का, बाँके)
२. श्री धने बुढाकी नातिनी, श्री तिलक बहादुर बुढाकी छोरी, कर्णाली प्रदेश, सल्यान जिल्ला, कुमाख गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल कर्णाली प्रदेश, सल्यान जिल्ला, बनगाड कुपिन्डे न.पा. वडा नं. १ बस्ने वर्ष २६ को सुश्री **रक्षा बुढाथोकी** (ना.प्र. नं. ५५-०१-७५-००५७१, जारी मिति बि.सं. २०७५/०२/०६, जि.प्र.का, सल्यान)

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०२/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बलम्बु, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति	**बोलपत्र खोलिने मिति/समय**
२०८२/०२/२८ गते/स्थान : शाखा कार्यालय बलम्बु, काठमाडौं	२०८२/०२/३० गते, शुक्रबार दिनको १ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना	
१.	**नाम : दाजु भाई मिनी मार्ट** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग प्रा.फ.र.नं. ११८४७३/०७१/७२, दर्ता मिति : २०७१/०५/१८ पान नं. ६०२६८२६५५, दर्ता मिति : २०७१/०७/१७ ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९ **प्रोप्राइटर : श्रीकृष्ण शाही**	**नाम : मच्छेनारायण सुन चाँदी पसल** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग प्रा.फ.र.नं. ७४९७३, दर्ता मिति : २०६३/०१/१७ पान नं. ३०२३०५२७६, दर्ता मिति : २०६३/०१/१८ ठेगाना : काठमाडौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. १७ **प्रोप्राइटर : हिरा कृष्ण शाही**

ऋणी तथा जमानतकर्ताको विवरण
नाम : हिरा कृष्ण शाही
ना.प्र.नं. ९०१५/४१०३९, जि.प्र.का. काठमाडौं, जारी मिति : २०५८/०३/२७
बाबुको नाम : न्हुछे बहादुर शाही, बाजेको नाम : न्हुछे मान शाही
ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. १, हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९

जमानतकर्ताको विवरण

१. नाम : श्रीकृष्ण शाही ना.प्र.नं. १८०१९, जि.प्र.का. काठमाडौं जारी मिति : २०५९/०३/२७ बाबुको नाम : न्हुछे बहादुर शाही बाजेको नाम : न्हुछे मान शाही ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. १ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९	**२. नाम : सुनीता शाही** ना.प्र.नं. २७१०५१/७२५४७, जि.प्र.का. काठमाडौं जारी मिति : २०६७/११/१० ससुराको नाम : न्हुछे बहादुर शाही पतिको नाम : हिरा कृष्ण शाही ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. १ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९
३. नाम : सुनीता शाही ना.प्र.नं. २७१०६०/७२३६३, जि.प्र.का. काठमाडौं जारी मिति : २०६७/११/०५ ससुराको नाम : न्हुछे बहादुर शाही पतिको नाम : श्रीकृष्ण शाही ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. १ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ९	**४. नाम : आशिश शाही** ना.प्र.नं. २७१०५१/१२८६७५, जि.प्र.का. काठमाडौं जारी मिति : २०७१/०२/१४ बाबुको नाम : हेर कुमार शाही बाजेको नाम : न्हुछे बहादुर शाही ठेगाना : काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. १

धितोको विवरण
सुनीता शाहीको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, मच्छेगाउँ वडा नं. ७ घ स्थित कित्ता नं. ५१५, ५१६, ५१७ र ६६० को क्षेत्रफल क्रमशः ०-१४-१-१, ०-३-०-०, ०-५-०-० र ०-३-०-० (रोपनी) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बलम्बु, काठमाडौं, फोन नं. ०१-४३१२४३३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

■ आइसिसी विश्वकप लिग-२

नेदरल्यान्ड्समाथि नेपालको सानदार जित

आरिफ शेख र दीपेन्द्रसिंह ऐरीबिच ९२ बलमा ८९ रनको साझेदारी भएपछि नेपालले नेदरल्यान्ड्सलाई पाँच विकेटले हरायो



नयाँ पत्रिका

नेपालले आइसिसी विश्वकप लिग २ क्रिकेट प्रतियोगितामा बुधबार दोस्रो स्थानमा रहेको नेदरल्यान्ड्समाथि पाँच विकेटको सानदार जित निकालेको छ। स्कटल्यान्डको डुन्डी मैदानमा पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्स ४९.१ ओभरमा २२५ रनमा समेटिएको थियो। प्रत्युत्तरमा नेपालले ४७.१ ओभरमा पाँच विकेटको क्षतिमा २२६ रन बटुल्यो। नेपालका लागि गुल्सन झाले विजयी छक्का प्रहार गरेका थिए। नेपालले १७ बलअघि नै जित हात पारेको हो।

अस्ट्रेलियन प्रशिक्षक स्टुवार्ट लको प्रशिक्षणमा रहेको नेपालले लिगमा लगातार दोस्रो जित निकालेको हो। १४ खेल खेलेको नेपालले चार जित निकाली १० अंक जोडेको छ। नेपाल सातौँ स्थानमै यथावत् रह्यो। तर, नेपालले रनरेट भने उकासेको छ। २१ खेल पूरा गरेको नेदरल्यान्ड्स २६ अंकका साथ दोस्रो स्थानमा छ। शीर्ष स्थानमा रहेको अमेरिकाको २८ अंक छ।

नेपालको जितमा आरिफ शेखले अर्धशतकीय योगदान दिएका थिए। उनले दीपेन्द्रसिंह ऐरीसँग चौथो विकेटका लागि ९२ बलमा ८९ रनको साझेदारी गर्दै नेपाललाई जितनजिक पुऱ्याए। शेख र ऐरीबिच साझेदारी हुनुअघि नेपाल ३०.३ ओभरमा १२३/४ को अवस्थामा थियो। दुवैले नेपाललाई ४५.५ ओभरमा २१२/५ को बलियो स्थितिमा राखे।

शेखले १२४ बलमा सात चौका र दुई छक्का प्रहार गरी सर्वाधिक ७८ रन जोडे। नटआउट रहेका ऐरीले ७२ बलमा ३८ रन बनाए। गुल्सनले चार बलमा समान चौका र छक्का प्रहार गरी ११ रन बटुले। यसअघि ओपनर कुशल भुर्तेल र आसिफ शेखले पहिलो विकेटका लागि ३२ रनको साझेदारी गरेका थिए। आसिफले २२ बलमा १९ तथा कुशलले ४२ बलमा २५ रन जोडे। कप्तान रोहित पौडेलले ३९ बलमा २३ रन जोडेका थिए। अब नेपालले स्कटल्यान्डसँग खेल खेल्नेछ।

आरिफको आठौँ अर्धशतक

नेपालको जितमा महत्त्वपूर्ण योगदान दिएका मध्यक्रमका ब्याट्सम्यान आरिफ शेखले करिअरकै आठौँ अर्धशतकीय इनिङ्स खेले। शेखले ८१ बलमा अर्धशतक पूरा गरे। यसक्रममा उनले पाँच चौका र एक छक्का प्रहार गरे। सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरेका शेखले अहिलेसम्म ५९ खेल खेलेका छन्।

नेदरल्यान्ड्सको मध्यम लक्ष्य

पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्सले नेपाललाई २२६ रनको मध्यम लक्ष्य दिएको थियो। स्कटल्यान्डको डुन्डीमा टस जितेर ब्याटिङ रोजेको नेदरल्यान्ड्स ४९.१ ओभरमा २२५ रनमा समेटिएको थियो। अंकतालिकाको दोस्रो स्थानमा रहेको बलियो नेदरल्यान्ड्सलाई रोक्ने क्रममा सिमर बलरले उत्कृष्ट प्रदर्शन गरेका थिए। करण केसीले १० ओभरमा ३५ रन खर्चेर दुई विकेट हात पारेका थिए।

यसैगरी, सोमपाल कामीले ९.१ ओभरमा ४८ रन खर्चेर तीन विकेट लिए। सन्दीप लामिछाने र ललित राजवंशीले समान दुई विकेट हात पारे। नेपालका लागि विकेटविहीन गुल्सन झाले कसिलो बलिङ गरेका थिए। उनले चार ओभरमा १५ रन खर्चेका थिए। नेदरल्यान्ड्सको ब्याटिङमा विक्रमाजित सिंहले ५६ बलमा ३८ रन जोडे। कप्तान स्कट एडवाडले ७१ बल सामना गरी ४६ रन जोडेका थिए। मध्यक्रमका ब्याट्सम्यान नोआच क्रोजले ५५ बलमा ४८ रनको योगदान दिए। नेपालले २२ अतिरिक्त रन दिएको थियो। उत्कृष्ट सुरुवात गरेको नेपालले पाँच ओभरभित्र नेदरल्यान्ड्सको दुवै ओपनरलाई आउट गरेको थियो। माइकल लेभिट र म्याक्स ओ डाउड सस्तैमा आउट भए। विक्रम जितले कप्तान एडवार्डससँग तेस्रो विकेटका लागि ७७ रनको साझेदारी गरेका थिए।

अंकतालिका

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
अमेरिका	२०	१४	६	२८	०.७५
नेदरल्यान्ड्स	२१	१२	७	२६	०.२४
ओमान	२०	११	७	२४	०.०५
स्कटल्यान्ड	१७	९	६	२०	०.९९
क्यानडा	२०	९	९	२०	-०.१५
नामिबिया	२०	७	१३	१४	-०.५४
नेपाल	१४	४	८	१०	-०.१९
युएई	१६	३	१३	६	-१.२९

खेलकुद मन्त्रालयमै रोकियो उसु खेलाडीको भत्ता

रमेश सुवेदी/नयाँ पत्रिका

खेलकुदमन्त्री तेजुलाल चौधरीले गत वर्ष अक्टोबरमा भएको विश्वकप उसु प्रतियोगितामा सहभागी नेपाली टोलीले सहभागी जनाउँदाको खर्च रोकेको खेलाडीहरूले गुनासो गरेका छन्। तत्काल रकम उपलब्ध गराउन मन्त्रालयसमक्ष खेलाडीहरूले आग्रह गरेका छन्।

जापानको योकोहामा भएको थाउलु उसु विश्वकपमा सहभागी नेपाली खेलाडीको भत्ता तथा अन्य खर्च उपलब्ध गराउन राष्ट्रिय खेलकुद परिषद्ले खेलकुद मन्त्रालयमा प्रक्रिया अगाडि बढाएको थियो। खेलाडीहरूको खाना र बसोबास खर्चको बिलअनुसारको रकम निकासा अन्तिम समयमा मन्त्री चौधरीले रोकेको आरोप खेलाडीहरूले लगाएका छन्।

'मन्त्रालयमा रकम निकासाका लागि जाँदा 'मन्त्रीज्यूले पठाएको संस्थाबाट लिनू' भन्ने जवाफ दिनुभएको छ,' बुधबार खेलाडीहरूले पत्रकार सम्मेलनमा भने। मन्त्री चौधरीले भने जापान लैजाने सम्बन्धित निकायले नै सबै खर्च र भत्ता उपलब्ध गराउनुपर्ने बताएका छन्। उनले उल्टै खेलाडीले पाउनुपर्ने भत्ता किन रोकियो भन्ने प्रश्न गरेका छन्। 'खेलाडीहरूले यसअघि नै पाउनुपर्ने भत्ता किन रोकिएको हो ?' नयाँ पत्रिकासँग उनले भने, 'फेरि खेलाडीको अन्तर्राष्ट्रिय सहभागिता मैले रोकेको होइन, यो त ओलम्पिक कमिटीले हो।'

> गत अक्टोबरमा जापानको योकोहामा भएको थाउलु विश्वकपमा सहभागी खेलाडीको खर्च र भत्ता उपलब्ध गराउन राखेपले मन्त्रालयमा प्रक्रिया अगाडि बढाए पनि मन्त्री तेजुलाल चौधरी भने संघ र ओलम्पिकको विवाद नसकिँदासम्म रकम निकासा नगर्ने पक्षमा

विश्वकपमा दीपक हमाल, विजय सिँजाली, पासाङ शेर्पा, राजीव तामाङ र निमा घर्तीमगरले प्रतिस्पर्धा गरेका थिए। जापानमा भएको विश्वकपमा विजयले मुलुकलाई कांस्य पदक दिलाएका थिए। राखेपका सदस्यसचिव टंकलाल घिसिङले ऐतिहासिक पदक जितेका विजयलाई बधाई दिएका थिए। घिसिङले खेलाडीलाई भत्ता र पुरस्कारको प्रक्रिया अगाडि बढाएको जानकारी दिएका थिए। राखेपबाट अगाडि बढाइएको उसु खेलाडीको भत्ता तथा अन्य खर्चको फाइल मन्त्रालयमै अड्किएको छ।

भत्ताको भुक्तानीमा सहजीकरण गर्न खेलाडीहरूले दुईपटक मन्त्रालयमै गएर मन्त्री चौधरीलाई अनुरोध गरेका थिए। 'मन्त्रीज्यूले खेलाडी आफैँले लागेको खर्च तिर्नू भन्नुभयो। बाहिर खेल्न जानु-नजानुसँग मलाई कुनै मतलब छैन,' मन्त्रीको भनाइ उद्धृत गर्दै १३औँ सागका रजत विजेता दीपक हमालले भने, 'जसले पठाएको हो, उसैलाई गएर भन्न जानू।'

सन् २०२४ को अप्रिलमा चीनको जियानजियनमा भएको विश्वकप छनोटमा उत्कृष्ट प्रदर्शनका आधारमा अन्तर्राष्ट्रिय उसु महासंघले नेपालका पाँच खेलाडीलाई थाउलु विश्वकपमा छनोट गरेको थियो।

एसिया कप गुमाउने सम्भावना

चीनले २ देखि ६ जुलाईसम्म एसिया कप उसु प्रतियोगिता आयोजना गर्दै छ। तर, नेपाली उसु टोलीको अहिलेसम्म पनि दर्ता प्रक्रिया अगाडि बढेको छैन। आर्थिक अभावका कारण खेलाडीहरू भने पुरस्कार र भत्ता रकम पाए त्यसैबाट एसिया कपमा आफ्नो सहभागिताका लागि नाम इन्ट्री गराउने तयारीमा थिए। तर, मन्त्रालयले रकम रोक्का गरेपछि उनीहरूको एसिया कप खेल्ने सम्भावना कमजोर बनेको छ। एसिय कपमा नाम दर्ता गराउने अन्तिम दिन ५ जुन हो। बिहीबार निर्धारित समयसम्म नाम इन्ट्री नहुँदा नेपालले यसपटक एसिया कप उसु गुमाउने निश्चित छ।

एनओसीका लामाको नेतृत्वमा टोली

मुलुकमा राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता गरी दुई-दुईवटा नेपाल उसु संघ छन्। राखेपले शैलेश कर्माचार्यलाई उसुको कार्यवाहक अध्यक्ष बनाएको छ। नेपाल ओलम्पिक कमिटी (एनओसी)को मान्यतामा उसु संघका उपाध्यक्ष लाक्पाछिरिङ लामा छन्। लामा एनओसीका पदाधिकारी पनि हुन्। उनै लामाले योकोहामा भएको विश्वकपमा नेपाली टोली लगेका थिए। मन्त्री चौधरीले एनओसीले खेलाडी लगेको र उसैले सबै खर्च व्यहोर्नु पर्ने बताएका छन्।

'खेलाडीको अन्तर्राष्ट्रिय सहभागिता मैले रोकेको होइन, यो लैजाने काम ओलम्पिक कमिटीको हो,' चौधरीले भने, 'प्रतियोगिता जानुअघि नै उनीहरूबिच कस्तो सम्झौता भएको थियो ? ।' मन्त्री चौधरीले राज्यले मान्यता नदिएको जीवराम श्रेष्ठ नेतृत्वको एनओसीमाथि कारबाही यथावत् रहेको बताए। 'सरकारले एनओसीलाई कारबाही गरेको छ। यो अहिले पनि यथावत् छ,' उनले भने, 'राखेपसँग पनि यस विषयमा छलफल हुन्छ। खेलाडीको खर्च ओलम्पिक कमिटी वा राखेपले दिन्छ। मन्त्रालयले यो प्रक्रिया अगाडि बढाउँदैन।'

खेलाडी भन्छन्- पलायन हुने अवस्था आयो

मन्त्रीज्यूले संघको विवाद मिलाएर आए मात्रै रकम निकासा गर्ने, नत्र हामीलाई त्यो पुरस्कार र भत्ताको रकम नदिने बताउनुभयो। हामी खेलाडी हौँ। जापानमा खेल्न जाँदा पनि भिनाजुसँग ऋण मागेको थिएँ। त्यो बल्लबल्ल तिर्रे। तर, अब अन्तर्राष्ट्रिय खेल खेल्न जाँदा पैसा छैन। संघ, सरकार र ओलम्पिक विवादले गर्दा खेलाडी मर्कामा छौँ। हाम्रो मिहिनेत खेर जाने भयो। अब विदेश पलायन हुनुको विकल्प छैन।

खेल संक्षेप

प्रचण्ड कप भलिबल पोखरामा हुने

कास्की/ प्रचण्ड कप राष्ट्रिय महिला भलिबल प्रतियोगिता पोखरामा २७ जेठदेखि हुने भएको छ। आयोजक नेसनल स्पोर्टस् एकेडेमीले बुधबार प्रतियोगिताबारे जानकारी दिएको हो। राष्ट्रिय स्तरका शीर्ष ६ महिला टोली सहभागी हुने प्रचण्ड कपको फाइनल ३१ जेठमा हुनेछ। प्रतियोगिता राउन्ड रोबिन लिगका आधारमा सञ्चालन हुने आयोजक एकेडेमीका अध्यक्ष दीपक कोइरालाले जानकारी दिए।



कोइरालाका अनुसार विभागीय टोलीमा नेपाल पुलिस, एपिएफ र आर्मी छन्। यसैगरी, गण्डकी प्रदेश, एभरेस्ट एकेडेमी र न्यु डायमन्ड एकेडेमीले सहभागिता जनाउनेछन्। विजेताले ६ लाख, उपविजेताले तीन लाख र तेस्रो हुने टोलीले एक लाख रुपैयाँ प्राप्त गर्ने कोइरालाले बताए। सर्वोत्कृष्ट खेलाडीले ३० हजार र विधागततर्फका उत्कृष्टले जनही २० हजार रुपैयाँ प्राप्त गर्नेछन्। अखिल नेपाल खेलकुद महासंघका अध्यक्ष शिव कोइरालाले नेपालको लोकप्रिय खेलका रूपमा रहेको भलिबलको विकासमा इँटा थप्ने प्रयासस्वरूप प्रतियोगिताको सुरुवात गरिएको बताए।

रामविनयको जोडी सेमिफाइनलमा

काठमाडौं/ जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका रामविनय श्रेष्ठ र जनक भारतीको जोडी १४औँ कर्मचारी खेलकुद प्रतियोगिताअन्तर्गत ब्याडमिन्टनको भेट्रान ४५ वर्षमाथि पुरुष डबल्समा सेमिफाइनलमा प्रवेश गरेको छ। बुधबार भएको खेलमा नेपाल विद्युत् प्राधिकरणका राजु महर्जन र रत्न श्रेष्ठको जोडी पनि अन्तिम चारमा पुगेको छ।

कर्मचारी खेलकुद प्रतिष्ठान नेपाल (इसान) द्वारा आयोजित प्रतियोगिताको पुरुष एकलमा नागरिक उड्डयनका क्यालजाङ लामा, विद्युत्का मंगेस तामाङ र कृषि विकास बैंकका टक्कर कुँवर सेमिफाइनलमा पुगेका छन्। महिला एकलको क्वार्टरफाइनल समीकरण पूरा भएको छ।

अक्वाटिक्स च्याम्पियनसिप हुने

काठमाडौं/ नेपाल पौडी संघको आयोजनामा दोस्रो नेपाल अक्वाटिक्स पौडी प्रतियोगिता २४ देखि २५ जेठसम्म सातदोबाटोको आउटडोर पौडी पोखरीमा हुने भएको छ।

प्रतियोगितामा तीन सय खेलाडी सहभागी हुनेछन्। उमेर समूह र खुला गरी ५३ वटा स्पर्धामा हुने प्रतियोगिताको अनलाइन सिस्टमबाट खेलाडी दर्ता गरिएको संघका सचिव गंगालाल गोलेले बताए। प्रतियोगिता अवलोकन गर्न दर्शकलाई टिकट सिस्टम राखिएको छ। आयोजकका अनुसार फाइनलको सबै टिकट बिक्री भइसकेको छ।

मधेशको लगातार दोस्रो जित

काठमाडौं/ मधेश प्रदेशले यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गरेको छ। वीरेन्द्रनगर क्रिकेट मैदानमा बुधबार मधेशले गण्डकीविरुद्ध पाँच विकेटको जित हात पारेको हो। जितसँगै मधेशले दुई खेलबाट ४ अंक जोडेको छ। लगातार दोस्रो हार बेहोरेको गण्डकी अंकविहीन छ। पहिलो खेलमा मधेशले कर्णालीलाई हराएको थियो। लुम्बिनीले गण्डकीलाई पाखा लगाएको थियो। गण्डकीले दिएको १०५ रनको लक्ष्य मधेशले १४.१ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो। मधेशका लागि सुशान्त सिंहले २५ र शेख अर्मानले अविजित २३ रनको योगदान दिए।

गण्डकीका लागि राज परियारले तीन विकेट लिए। यसअघि गण्डकीले ३२.४ ओभरमा सबै विकेट गुमाउँदै १०४ रनको योगफल तयार पारेको थियो। गण्डकीका लागि रोज श्रेष्ठले २० र रमित कँडेलले १५ रनको योगदान दिए। मधेशका लागि अभय यादवले ८.२ ओभरमा १९ रन खर्चिएर सर्वाधिक सात विकेट लिए। यसैगरी धीरेन्द्र पासवानले दुई र नुमइर अहमदले एक विकेट लिए।

बेंग्लोरको जितको खुसी मनाउँदा ११ को मृत्यु



एजेन्सी/ रोयल च्यालेन्जर्स बेंग्लोरले पहिलोपटक इन्डियन प्रिमियर लिगको उपाधि जितेको खुसियालीमा बुधबार आयोजित भिक्टी परेडमा भागदौड मच्चिँदा कम्तीमा ११ जनाको मृत्यु भएको छ। टाइम्स अफ इन्डियाका अनुसार बेंग्लोरको चिन्नास्वामी रंगशालाबाहिर भएको भागदौडमा ११ जनाको मृत्यु भएको र ३३ भन्दा बढी घाइते भएका छन्। विधान सभामा च्याम्पियन खेलाडीको सम्मान कार्यक्रम आयोजना भइरहँदा घटना भएको थियो। भिड समाल्नका लागि पुलिसले लाठीचार्ज गरेको थियो। विजयी उत्सव हेर्न आएका धेरै मानिस भागदौडका क्रममा बेहोस भएको प्रत्यक्षदर्शीले बताएका छन्। उत्सवको एक झलक पाउन मानिसहरू रुख चढिरहेका र हाँगाहरूमा बसिरहेका थिए। कर्नाटकका डेपुटी सिएम डिके शिवकुमारले लाखौँ व्यक्तिको भिडलाई सामान्य गर्न प्रहरीहरू केन्द्रित भइरहेको जनाएका छन्। मंगलबार राति १८औँ संस्करणको आइपिएल फाइनलमा बेंग्लोरले पन्जाब किंग्सलाई ६ रनले हराउँदै पहिलोपटक उपाधि जितेको थियो। बेंग्लोरले चौथोपटकको फाइनलमा उपाधि हात पारेको थियो।

सदभावको कोर्स रेकर्डमा नेपाल 'ए' टोलीलाई स्वर्ण

काठमाडौं/ नेपालका नम्बर एक गल्फर सदभाव आचार्यले कोर्स रेकर्ड राख्दा नेपाल 'ए'ले ११औँ नेपाल एमेच्योर ओपन गल्फ च्याम्पियनसिपको टिम स्पर्धामा स्वर्ण पदक जितेको छ। नेपाल 'ए'का सदभाव र राहुल विश्वकर्माले ३६ होलको समाप्तिमा २४ अन्डर २६४ स्कोर गर्दै स्वर्ण जितेका हुन्। गोकर्ण गल्फ क्लबमा बुधबार सदभावले १२ अन्डर ६० को नयाँ कोर्स रेकर्ड बनाएका हुन्। राहुलले ४ अन्डर ६८ स्कोर गरे। नेपाल 'ए'ले दोस्रो दिन १६ अन्डर १२८ स्कोर गर्दै भुटानलाई २४ स्ट्रोकको फराकिलो अन्तरले हरायो।

निम दोर्जी तामाङ र डेचेन लेन्डुपको भुटानी टिम काउन्ट ब्याकमा दोस्रो भयो। भुटान र बंगलादेश इभन पार २८८ मा बराबरी भएपछि काउन्ट ब्याकमा नतिजा निकालिएको हो। बंगलादेशले कांस्य जित्यो। च्याम्पियनसिपको दोस्रो दिन व्यक्तिगत स्पर्धामा सदभाव शीर्ष स्थानमै छन्। उनले समग्रमा १८ अन्डर १२६ स्कोर गरेका छन्। सदभावले भारतका सुमित कोटवाललाई ८ स्ट्रोकले पछि पारेका छन्। सदभावले १२ अन्डर ६० को सानदार स्कोरमा प्रोफेसनल गल्फर शुक्रबहादुर राईको नाममा रहेको ११ अन्डर ६१ को रेकर्ड तोडेका हुन्। शुक्रले सन् २०२३ को सूर्य नेपाल सेन्टल ओपनमा सो रेकर्ड बनाएका थिए। कोर्स रेकर्ड बनाउने क्रममा सदभावले १२ बर्डी प्रहार गरे। फ्रन्ट र ब्याक नाइन उनले समान ६ अन्डर ३० स्कोर गरेका थिए।

उनी १८औँ होलको बर्डीबाट कोर्स रेकर्ड बनाउन सफल भएका हुन्। यो स्कोर उनको करिअरकै उत्कृष्ट हो। उनले गत वर्ष सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिपमा ८ अन्डर ६४ को स्कोर गरेका थिए। दोस्रो स्थानमा उक्लिएका सुमितले समग्रमा १० अन्डर १३४ स्कोर गरे। उनले फ्रन्ट नाइन ६ अन्डर ३० र ब्याक नाइनमा २ अन्डर ३४ स्कोर गरे। नेपालका राहुल समग्रमा ६ अन्डर १३८ स्कोरका साथ तेस्रो स्थानमा छन्।

विश्व वरीयतामा एरिका २७औँ स्थानमा



करौँते वान प्रिमियर लिगमा कांस्य पदक जित्नुअघि ६८ केजी तौल समूहमा ५०औँ वरीयता पाएकी नेपालकी एरिका गुरुङले एकैपटक २३ स्थान सुधार गरिन्

नयाँ पत्रिका

नेपालकी करौँते खेलाडी एरिका गुरुङ आफ्नो तौल समूहको विश्व वरीयतामा २७औँ स्थानमा पुगेकी छिन्। विश्व करौँते महासंघले बुधबार सार्वजनिक गरेको विभिन्न तौल समूहको वरीयतामा एरिकाले एकैपटक २७औँ स्थान सुधार गरेकी हुन्।

यसै साता मोरोक्कोमा भएको करौँते वान प्रिमियर लिगअन्तर्गत महिला कुमुते ६८ केजी तौल समूहमा उनले मुलुकलाई ऐतिहासिक कांस्य पदक दिलाएकी थिइन्। नेपालको करौँते इतिहासमा अहिलेसम्म प्राप्त पदकमध्ये एरिकाले मोरोक्कोमा हात पारेको ठूलो मानिएको छ।

महासंघले जारी गर्ने कुनै पनि तौल समूहको वरीयतामा उच्च स्थान पाउने एरिका पहिलो खेलाडी भएको नेपाली राष्ट्रिय करौँते टोलीका मुख्य प्रशिक्षक कुशल श्रेष्ठले बताए। 'एरिकाले प्राप्त गरेको वरीयता अहिलेसम्मकै ठूलो हो,' श्रेष्ठले भने, 'यसलाई पनि ऐतिहासिक मान्नुपर्छ।' करौँते वान प्रिमियर लिगमा उत्कृष्ट प्रदर्शन गरेपछि उनको अहिले १४१० रेटिङ अंक रहेको छ। महासंघका अनुसार एरिकाले अहिलेसम्म १५ बाउटबाट वरीयता अंक जोडेकी हुन्। मोरोक्कोमा प्रतिस्पर्धा गर्नुअघि उनको वरीयता ५०औँ स्थान थियो। उनी विश्व करौँतेको सबैभन्दा प्रतिष्ठित मानिने प्रतियोगितामा पदक जित्ने पहिलो नेपाली खेलाडी हुन्। एरिकाले लिगको सेमिफाइनलमा विश्वकै नम्बर एक खेलाडी स्पेनकी मारिया टोरेस गार्सियासँग ५-५ को बराबरी खेलेकी थिइन्। तर, एरिका सेन्सुका आधारमा पराजित भइन्।

अर्को संस्करणमा सिधै छनोट

करौँते वान प्रिमियर लिगको महिला ६८ केजीमाथि तौल समूहको भिडन्तमा उनले फ्रेन्च खेलाडी क्लेमेन्स पिएलाई ६-२ ले हराउँदै कांस्य पदक जितेकी थिइन्। सो प्रतियोगितामा विश्वका उत्कृष्ट ३२ खेलाडीले मात्र सहभागिता जनाउन पाउँछन्। एरिकाले रिप्लेसमेन्टमार्फत अवसर पाएकी हुन्। जहाँ वरीयतामा माथि रहेका खेलाडीलाई माथ दिँदै एरिकाले पदक जितेकी हुन्। विश्व वरीयतामा २७औँ स्थानमा पुगेपछि अब उनले अर्को संस्करणमा सिधै करौँते वान प्रिमियर लिगमा प्रतिस्पर्धा गर्न पाउने भएकी छिन्। २०२५ को सिजनमा एरिकाले कुल ५७० अंकसहित तौल समूहको १८औँ स्थान हासिल गरिन्।

मनास्लुलाई फुटबल उपाधि

नयाँ पत्रिका

मनास्लु वर्ल्ड स्कुलले तेस्रो वडाध्यक्ष कप अन्तरविद्यालय फुटबल प्रतियोगिताको उपाधि जितेको छ। बुधबार भएको फाइनलमा मनास्लुले साबिक विजेता एनआइसी एकेडेमीलाई ३-२ ले हराउँदै उपाधि हात पारेको हो। मनास्लुका देविन कार्कीले दुई तथा अभिषेक माझीले एक गोल गरे। एनआइसीका सुनिश्चित सुवेदी र समीर लामाले समान एक गोल गरे। विजेता मनास्लुले ३० हजार र उपविजेता एनआइसीले १५ हजार रुपैयाँ पाए।

काठमाडौं महानगरपालिका वडा नं. ७ को आयोजनामा भएको प्रतियोगितामा एनआइसीका सुनिश्चित सुवेदी सर्वोत्कृष्ट खेलाडी घोषित भए। एनआइसीका आर्यब श्रेष्ठ उदीयमान खेलाडी चुनिए। एनआइसीका यसोन थापामगर उत्कृष्ट गोलरक्षक तथा मनास्लुका देविन कार्की उत्कृष्ट खेलाडी बने। विजेतालाई आयोजक वडा नं. ७ का अध्यक्ष विमलकुमार होडालगायतले पुरस्कृत गरे। १५ जेठदेखि सुरु भएको प्रतियोगितामा २० छात्र टोलीले नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com